# खोजतलास
राष्ट्रिय साप्ताहिक

www.khojtalashonline.com

वर्ष २६ अंक ३३ ◆ २८ असार २०८०, बिहीबार (13 July, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ — मूल्य रु २०/-


## माथिल्लो अरुणमा परामर्शदाता छनोट प्रक्रिया
## विश्वबैंकको कालोसूचीमा परेको ट्र्याकटेबल इन्जिनियरिङलाई छान्ने चलखेल

*दीग्गज गौतम*



काठमाडौं । देशमा कमिशनको चलखेलले खराब कम्पनीहरु भित्रिँदा एकपछि अर्को आयोजनाहरु संकटमा परेका छन् । निर्माणहरु ढिला हुँदा देशको ठूलो धनराशी गुमिरहेको छ । अर्कोतर्फ, समयमै स्रोत र साधनको सदुपयोग हुन नसक्दा जनताले दुःख पाइरहेका छन् । मेलम्ची आयोजना होस् या तामाकोशी नै किन नहोस् दूरगामी नकारात्मक असरहरु परिरहेका छन् ।

बाँकी सातौं पृष्ठमा

# फास्ट ट्र्याक विवादमा पर्दै, सेनाको साख गिर्ने खतरा

## भारतीय कम्पनीलाई रोक्न तीनवटा ठेक्का रद्द

काठमाडौं । नेपाली सेनाले निर्माणको जिम्मेवारी लिएको काठमाडौं तराई द्रुत मार्ग फाष्ट ट्र्याक झन् विवादमा पर्दै गएको छ । सेनाको फाष्ट ट्र्याक आयोजनाले दुईवटा प्याकेजका तीन प्रकारका ठेक्काहरुका प्राविधिक प्रक्रिया नै रद्द गरेको छ । यसमा भारतीय कम्पनीलाई रोक्ने उद्देश्य देखिन्छ । विगतमा संसदीय समितिले ठेक्का रद्द गर्न निर्देशन दिँदा समेत अटेर गरेर चिनियाँ कम्पनीलाई ठेक्का दिएको सेनाले यसपटक प्राविधिक कारण देखाउँदै ठेक्का रद्द गरेको छ । यसो गर्नुमा भारतीय कम्पनीलाई रोक्नु रहेको विश्वस्त स्रोतले बताएको छ ।

फाष्ट ट्र्याक अन्तर्गतको प्याकेज नम्बर ९ ख मा भारतीय कम्पनी एनएचआइडीसीएलसहित पाँच कम्पनी प्रतिष्पर्धामा थिए । नेपाली कम्पनीहरुले संयुक्त रुपमा प्रतिष्पर्धा गरेका थिए । तर, सेनाले सोमवार पत्र पठाएर प्राविधिक प्रतिष्पर्धा नै अस्वीकृत गर्दै ठेक्का नै रद्द गरेको हो । फाष्ट ट्र्याकको प्याकेज नम्बर ९ क को ठेक्का प्रक्रिया पनि रद्द भएको छ । यसमा प्रतिष्पर्धी सबै कम्पनी अस्वीकृत भएको सेनाले सार्वजनिक गरेको छ । यो प्रतिष्पर्धामा भारतको इरकोन पनि सहभागी थियो । इरकोनलाई समेत अस्वीकृत गरिनुलाई अर्थपूर्ण मानिएको छ । प्याकेज नम्बर ८ क मा सबैभन्दा बढी १३ कम्पनी प्रतिष्पर्धामा थिए । जसमध्ये भारतको इरकोन पनि सहभागी थियो । तर, फाष्ट ट्र्याक आयोजनाले सबैको प्राविधिक प्रस्ताव अस्वीकृत गरिदियो । नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले प्राविधिक रुपमा कुनैपनि कम्पनी छनोटमा नपरेको बताए । कुनैपनि देश विशेषको कम्पनीलाई रोक्न र अर्कोलाई छान्ने यसो नभएको उनको दाबी थियो ।

यसैगरी, फाष्ट ट्र्याकका प्याकेजहरुमा बीमामा समेत चलखेल चल्दै आएको छ । जी टु जी मार्फत् बीमा गर्दा कमिशन नआउने भएकाले निजी कम्पनीतर्फ बीमा मोड्न खोजिएको छ । हाल चल्दै आएको बीमामा पनि परिवर्तन गर्ने सम्मको खेलहरु भइरहेका छन् । प्याकेज ४ को जी टु जी बीमा तानेर निजीमा सार्न खोजिएको छ । फाष्ट ट्र्याकमा हात हालेर सेना आर्थिक विवादमा झन् झन् मुछिदै गएको छ । फाष्ट ट्र्याक परियोजना प्रमुखको दक्षतामाथि नै प्रश्न उठ्ने गरेको छ । भवनमा दक्ष इञ्जिनियरलाई गौरवशाली सडक आयोजनाको जिम्मेवारी दिनु आफैमा कमजोरी देखिएको छ । हालका फाष्ट ट्र्याकका प्रमुख कमल विक्रम शाह पनि भवन सम्बन्धी विज्ञ हुन् । उनलाई फाष्ट ट्र्याक हेर्ने जिम्मेवारी दिएपछि झन् समस्या देखिएको छ ।



शाहमाथि भित्री रुपमा अनुसन्धान चलिरहेको विश्वस्त स्रोतले जानकारी दिएको छ । उनले विगतदेखि आयोजनामा देखाएको कमजोरीबारे अनुसन्धान चलेको हो । यसबारे सैनिक प्रवक्ता भण्डारीसँग सोध्दा त्यस्तो नभएको बताए । फाष्ट ट्र्याकमा यसै पनि काम ढिलाई भइरहेको छ । अर्कोतर्फ, ठेक्काहरु विवादमा पर्न थालेका छन् । अगाडि बढेको ठेक्का पुनः खोल्ने अभिप्रायले प्रतिष्पर्धी कम्पनीहरुलाई अस्वीकृत गरिएको छ । ६ वर्षमा सक्ने भनेर नेपाली सेनालाई जिम्मा लगाइएको आयोजना अबको १० वर्षमा पनि नसकिने र लागत बढाएर तेब्बरभन्दा बढी पुऱ्याइने योजना अन्तर्गत यी सबै कदमहरु चालिएका छन् ।

सेनालाई जिम्मा दिए अख्तियार पनि नलाग्ने र भ्रष्टाचारको हिस्सा भाग आउने कारण पनि राजनीतिक नेतृत्वको साँठगाँठ यसमा छ । यतिसम्मकी निर्माण कम्पनी कम लागतमा काम गर्न तयार भएर ढिलाई गर्दै बढेको लागतबाट फाइदा लिन तम्तयार छ । यसअघि सम्झौतामा भएको भन्दा दोब्बर रकम निर्माण कम्पनीले लान सक्ने अवस्था बन्दै गएको छ । यसमा पनि कमिशनको ठूलै खेल हुँदैछ ।

२०८१ भित्र निर्माण पूरा गर्नुपर्ने भएपनि फाष्ट ट्र्याकको निर्माण २५ प्रतिशत पनि पूरा भएको छैन । ११ वटा प्याकेजमा निर्माणको काम बाँडिएकोमा ७ वटा प्याकेजको मात्र ठेक्का लागेको छ । प्याकेज नै टुक्राएर खोलिएका ठेक्का मध्ये ८ ख, ९ क र ९ ख अन्यौलमा परेको छ । अहिलेसम्म ठेक्का लागेकामा सबै चिनियाँ कम्पनी छन् । प्याकेज १ र २ मा १० किलोमिटर टनल रहेका छन् । जसमा क्रमशः चाइना स्टेन इन्जिनियरिङ र पोली चान्डा इन्डिनियरिङले ठेक्का पाएका छन् । सडक र पुलहरुको ठेक्का सिचुआन जेभी, पोली चान्डा इन्जिनियरिङ र एसडीएलक्यु चाइनालाई ठेक्का दिइएको छ । ७२.५ किलोमिटर एक्सप्रेस हाइवे को निर्माणमा एक खर्ब ७५ करोड नेपाली रुपैयाँ लागत अनुमान छ । सेनाले फाष्ट ट्र्याक निर्माणको जिम्मा लिएर चिनियाँ कम्पनीहरुलाई जिम्मेवारी दिँदा निकै विवाद भएको थियो । संसदले समेत ठेक्का रद्द गर्न भनेपनि तत्कालीन केपी शर्मा ओलीको सरकारले रोक्न तयार भएन ।

कमिशन जनशक्तिको अभाव र शक्ति

बाँकी सातौं पृष्ठमा

## देउवा परिवार संकटमा पर्दा गगन थापाले खुट्टा उचाले

काठमाडौं । यतिबेला संसदमा सबैभन्दा ठूलो दल नेपाली काँग्रेसको नेता भएपनि शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा प्रचण्डलाई साथ दिनुपर्ने वाध्यता छ । उनलाई प्रधानमन्त्रीको प्रस्ताव केपी शर्मा ओलीले पटक पटक गरिसकेका छन् । तर, साहस गर्न सकेका छैनन् । पत्नी आरजु देउवाको शेरबहादुरका लागि प्रधानमन्त्रीको माहौल बनाउने प्रयास यसपटक सफल भएन । उनी सिंगापुर, जापान गएर फर्किइसकेकी छिन् । यसबीच निकै चलखेल भयो । तर, प्रचण्डले पनि राजनीतिक अस्त्र फालेर देउवालाई प्रधानमन्त्री बन्नबाट रोकिदिए ।

प्रचण्डको केपी शर्मा ओलीसँगको सहकार्य टुटाउन देउवा सफल त भए तर उनी अहिले निकै चेपुवामा परेका छन् । देउवा पत्नी आरजु भुटानी शरणार्थी प्रकरणमा मुछिएकी छिन् । उनी स्वयंले आफूलाई यो प्रकरणमा जर्बजस्ती तान्न खोजिएको अभिव्यक्ति



दिएकी छिन् । आरजु यो प्रकरणमा तानिनु भनेको देउवाको राजनीतिक भविष्य सक्किने खतरा बढ्नु हो । राजनीतिक जीवनको उत्तरार्द्धमा छन् देउवा जो पाचौं पटक प्रधानमन्त्री भइसकेर ज्योतिषको जोखाना अनुसार सातपटक बन्छु भन्ने आकांक्षा पालेका छन् । तर, आरजु शरणार्थी प्रकरणमा तानिएमा शेरबहादुर देउवालाई ठूलै धक्का पर्न सक्छ ।

आरजु माथि खतरा देखाएर प्रचण्डले देउवालाई समर्थनका लागि वाध्य पारिरहेको विश्लेषण नभएको होइन । सशस्त्र गतिविधि हुँदै शान्ति प्रक्रियामार्फत् शक्तिमा आएका प्रचण्डका लागि अहिलेको राजनीतिक अस्त्रशस्त्रको प्रयोग स्वाभाविक पनि हो । उनी विपक्षी ओलीलाई जति आच्छु आच्छु पारिरहेका छन् देउवालाई आरजुमाथि खतरा देखाएर वाध्य पारिरहेका छन् । ललिता निवास प्रकरणको फाइल खोल्न लगाएर प्रचण्डले माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई माथि लगाम लगाइरहेका छन् । देउवामाथि पनि उनले लगाम लगाउन सकेका छन् । यो राजनीतिक यथार्थ बुझेका काँग्रेसभित्रका केही नेताहरु देउवाको विकल्प खोज्न सक्रिय भएका छन् ।

काँग्रेस महामन्त्री गगन थापाले हालैमात्र देउवाको विकल्प खोज्ने विषय उठाइसकेका छन् । उनले प्रधानमन्त्रीमा आफू या आफ्नो पुस्तालाई देख्न चाहेको अभिव्यक्ति दिए । यसका पछाडि उनी अब देउवालाई संसदीय दलको नेताबाट हटाउने जोखिम मोल्न खोजिरहेका छन् भन्ने नै हो । गगन थापा र उनी जस्तै काँग्रेसका महत्वाकांक्षी नेताहरुका लागि

बाँकी सातौं पृष्ठमा

## गोर्खाभर्ती किन रोकियो ?

काठमाडौं । नेपालले अग्निपथ योजनामा असहमति जनाएपछि एकवर्षयता रोकिएको गोर्खा सैनिक भर्ती खुल्नेबारे अन्यौल बढेको छ । सर्वपक्षीय सर्वसहमतिबाट निर्णय लिने भएपनि कहिले लिने यकिन छैन । अर्कोतर्फ, अग्निपथ योजना अन्तर्गतको गोर्खा भर्तीबारे असहमतिपछि कूटनीतिक पहल पनि गरेको छैन । परराष्ट्रमन्त्री एनपी साउदले गोर्खा भर्तीबारे उपयुक्त समयमा निर्णय लिने बताएका छन् । उनले संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा बोल्दै भारतीय गोर्खा सैनिक भर्तीबारे सर्वदलीय सहमतिको आवश्यकता औंल्याए । सहमतिकै आधारमा त्यसबारे निर्णय लिइने उनको भनाई थियो । गोर्खा भर्ती खुलाउनेबारे भारतसँग कूटनीतिक पहल पनि नभएको उनको भनाई छ ।

भारतमा सैन्य भर्ती सम्बन्धी कानूनमा परिवर्तन भएपछि गतवर्षको साउनबाट नेपालबाट गोर्खा सैनिक भर्ती

बाँकी सातौं पृष्ठमा

## हाइप्रोफाइल धमाधम जेल हाल्दै प्रचण्ड बने प्रभावशाली



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री हुनुअघि नै पुष्पकमल दाहाल प्रचण्डले योपटक आफूले अविस्मरणीय कामहरु गर्ने बताएका थिए । नभन्दै सरकारको नेतृत्व गरेको ६ महिना बित्दा उनी आक्रामक रुपमा प्रस्तुत भइरहेका छन् । विशेषगरी भ्रष्टाचारको मामलामा प्रचण्ड आक्रामक देखिएका छन् । नेपाल प्रहरीमार्फत् प्रचण्डले हाइप्रोफाइल व्यक्तिहरुलाई हिरासतमा पुऱ्याइरहेका छन् । अदालतले कतिपयलाई जेल पठाइसकेको छ । भुटानी शरणार्थी प्रकरणको फाइल खोलिदा प्रचण्डको निशानामा परे पूर्वमाओवादी नेताहरु जसले कठिन घडीमा साथ छाडेर गएका थिए । उपप्रधानमन्त्री भइसकेका टोपबहादुर रायमाझी यो प्रकरणमा मुछिएर पुर्पक्षका लागि थुनामा छन् । उनका छोरा सन्दीप रायमाझी पनि जेल छन् ।

प्रचण्डले संविधानसभाको सदस्य बनाएका डा. इन्द्रजीत राई पनि तानिए । उनी पनि जेल छन् । राईका छोरा पनि तानिएका छन् । प्रचण्डका कुनैबेलाका विश्वासपात्र थिए रामबहादुर थापा बादल । उनका छोरा पनि यो प्रकरणमा मुछिए । भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँड, पूर्वगृहसचिव टेकनारायण पाण्डेय पनि

बाँकी सातौं पृष्ठमा

## समिरमानलाई जन्मकैद




काठमाडौं । समिरमान सिंह बस्नेतलाई जन्मकैदको फैसला सुनाइएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले बुधबार बस्नेतलाई जन्मकैदको फैसला सुनाएको हो ।

काठमाडौं जिल्ला अदालत स्रोतका अनुसार नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनमाथि हत्यामा मुख्य योजनाका रहेका भनिएका समिरमान सिंह बस्नेतसहित काले भन्ने अम्बरबहादुर रानालाई पनि जन्मकैदको फैसला सुनाइएको छ ।

हत्या गर्नका लागि गोली हान्ने

बाँकी सातौं पृष्ठमा

## कमिशनको चक्करले नेपाल प्रहरीको ३० करोड बजेट गुम्यो



काठमाडौं । नेपाल प्रहरीका उच्च अधिकारीहरुले कमिशनको खेलमा लाग्दा ३० करोड रुपैयाँ बजेट गुमाएको छ । नेपाल प्रहरी अस्पतालका उच्च अधिकृतको कारण एमआरआई मेसिन खरिदका लागि आएको ३० करोड रुपैयाँ फिर्ता भएको हो ।

अस्पतालकी प्रमुख एआइजी डा.आशा सिंहले मेडिकल व्यापारीसँग मिलेर एमआरआई खरिदको प्रक्रिया अघि बढाएकी थिइन् । त्यसक्रममा टेण्डर प्रक्रियामै त्रुटी हुँदा टेण्डर रद्द भएको छ । यो आर्थिक वर्षभित्र अर्को टेण्डर गर्न समय नभएपछि झण्डै ३० करोड गुमेको हो ।

अस्पतालका पदाधिकारीले पाँच करोड रुपैयाँ कमिसनको डिल गरी सिमेन्स नामक चिनियाँ कम्पनीको नेपाल एजेन्ट रहेको इष्टवेष्ट कन्सर्नसँग एमआरई खरिद गर्न लागिएको थियो । अन्य कम्पनीको एमआरइ प्राविधिक रुपमा पास नै हुन नसक्ने गरी टेन्डर डकुमेन्ट बनेको थियो ।

जसकारण टेण्डर प्रक्रियामा अन्य प्राविधिक त्रुटी भएपछि खरिद प्रक्रिया रद्द भएको हो । आर्थिक वर्षको सुरुमै खरिद प्रक्रिया सुरु गर्नुपर्नेमा फागुनमा मात्र सुरु गरिएको थियो ।

अस्पतालको असक्षम नेतृत्वका कारण प्रहरीलाई ठूलो धक्का लागेको छ । यसमा एआइजी सिंह, इन्सपेक्टर सुरेन्द्र केसी लगायतको चलखेल मुख्य कारण भएको अस्पताल स्रोतले दाबी

बाँकी सातौं पृष्ठमा

### टेकु अस्पताल ठेक्का प्रकरण
## दशौं करोडौं कमिशनको खेलमा मन्त्री, सचिवदेखि डिजीसम्म

काठमाडौं । तीन सय शैयाको टेकु अस्पताल निर्माणको ठेक्का पार्न गौरी पार्वती निर्माण सेवा कम्पनीले करोडौंको कमिशनको चलखेल गरेको खुलेको छ । ठेक्का पार्न प्रि क्वालिफिकेशनमा अन्य कम्पनी नपर्ने गरी पहिल्यै योजना बुनिएको थियो । त्यसै अनुसार ठेक्का खोल्यो शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको सघन शहरी तथा भवन निर्माण आयोजनाले । अन्य प्रतिष्पर्धी कम्पनीलाई छनोट नै नहुने अवस्था सृजना गरेर गौरी पार्वतीका रामकुमार थापाले कन्टेक कम्पनीसँग संयुक्त रुपमा ठेक्का प्रतिष्पर्धामा सहभागिता जनाउनु अघि नै सेटिङ गरेका थिए । जबकि थापा स्वयंको कम्पनी र उनी पटक पटक कालो सूचीमा परेर विवादमा परिसकेका हुन् । उनको कम्पनीले धुलिखेल सडक अलपत्र






पारेको छ । एकपछि अर्को निर्माण क्षेत्रमा विवादमा परेको गौरी पार्वतीले ठेक्कामा छनोट भएपछि धेरै विवादास्पद तथ्यहरु उजागर भयो ।

गौरी पार्वतीका प्रोपाइटर रामकुमार थापाले उच्च सरकारी तहमा कमिशनको खोलो बगाएको तथ्य फेला परेको छ । मन्त्रालय देखि विभाज अनि आयोजनासम्म मोटो कमिशन पुगेको छ । कर्मचारीसँगको समन्वयमै थापा अदालत गएर आफूले नै ठेक्का पाउने गरी अन्तरिम आदेश जारी गराउन सके ।

शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशन सुरेन्द्र मोहन श्रेष्ठले नाटकीय भूमिका निभाए । उनले नै ठेक्का रद्द गरेको पत्र दिए । तर, यसभित्र अदालत तत्काल जाने र आदेश जारी गर्ने वातावरण बनाएर ठेक्का सम्झौता गराउने प्रपञ्च रचिएको छ । यसबारे सुरेन्द्र मोहन श्रेष्ठसँग पटक

बाँकी सातौं पृष्ठमा


मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्
www.khojtalashonline.com
कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक
का.जि.का.द.नं. ५३/०५४/०५५

# आँप खानुका फाइदै फाइदा

बजारमा आँप छ्याप्छ्याप्ति देखिन थालेका छन् । आँपलाई स्वाद र स्वास्थ्यका दृष्टिले 'फलको राजा' भन्ने गरिन्छ । नभनियोस् पनि किन ? खाँदा निकै स्वादिलो लाग्ने र सम्भिmँदै मुख रसाउने यो फल मिठो मात्र होइन निकै गुनिलो पनि छ ।

आपमा हानिकारक स्याचुरेटेड फ्याट, कोलेस्टेरोल तथा सोडियमको मात्रा निकै कम हुन्छ । साथै यसमा फाइबर, भिटामिन बी, भिटामिन ए तथा भिटामिन सी प्रसस्तै पाइन्छ । आप खानुका अनेक स्वास्थ्यबर्धक फाइदा छन् । निकै दुब्लो तथा ख्याउटे भएर चिन्तित भएकाहरुका लागि पनि आँप लाभदायक हुन्छ । र यसले वजन बढाउन समेत सहयोग गर्छ ।

आँपमा पोटासियम, म्याग्नेसियम तथा कपर जस्ता खनिज लवण प्रचुर मात्रामा पाइन्छ । साथै क्वारसिटिन, बिटाक्यारोटिन र एस्ट्राग्यालिन जस्ता शरीरलाई आवश्यक पर्ने पोषक तत्वहरु पनि आँपमा पाइन्छन् ।

यो एन्टी अक्सिडेन्ट तत्वको मुख्य श्रोत पनि हो जसले सरीरमा कोषको क्षयिकरण रोक्छ र शारीरिक तन्दुरुस्ती बढाउँछ । आँपको नियमित सेवनले हृदय सम्बन्धि रोग, छिटै बुढ्यौली देखिने समस्या, क्यान्सर जस्ता स्वास्थ्य समस्या समेत कम हुने विज्ञहरु बताउँछन् ।

**आँप खानुका फाइदा निम्न छन् :**


-क्यान्सरबाट बचाउछ : आँप एन्टिअक्सिडेन्टयुक्त हुन्छ, जसले स्तन क्यान्सर, प्रोस्टेट क्यान्सर कोलोन क्यान्सर तथा ल्युकेमियाबाट बचाउँछ ।

-दृष्टिशक्ति बढाउछ : यसमा हुने भिटामिन ए र रेटिनोलले आँखाको शक्ति बढाउँछ ।

-फाइबर र भिटामिन सिको भण्डार : आँपमा हुने फाइबर र भिटामिन सिको प्रचूर मात्राले लिपोप्रोटिनको कम उपस्थितिलाई घटाउन मद्दत गर्छ, जसबाट कोलेस्टेरोलको मात्रा घट्छ ।

-शरीरमा अल्कालाइनलाई सन्तुलित पार्छ : यसले मानव शरीरमा अल्कालाइनलाई सन्तुलित राख्न मद्दत गर्छ, किनभने यसमा मालिक एसिड, टार्टारिक एसिड तथा राम्रो मात्रामा साइट्रिक एसिड हुन्छ ।

-पाचन प्रक्रिया राम्रो बनाउछ : मेवाले जस्तै, आँपले पनि पाचन शक्तिलाई राम्रो बनाउछ, किनभने यसमा फाइबर उल्लेख्य मात्रामा हुन्छ ।



फाइबरले दिसा राम्रो हुन्छ र मेटाबोलिक रेटलाई वृद्धि गर्छ ।

-रोगप्रतिरोधी : आँपमा २५ प्रकारका क्यारोटेनोइड्स हुन्छन् र तिनीहरुमा उच्च मात्रामा भिटामिन सि हुने हुनाले शरीरलाई रोग प्रतिरोधी बनाउन मद्दत गर्छ ।

-एन्टिअक्सिडेन्टयुक्त : आँपमा एन्टिअक्सिडेन्ट हुनाले कोषलाई पुनर्जीवन दिन तथा पुननिर्माण गर्न मद्दत गर्छ । यसले छालालाई भित्रैबाट रासायनिक पदार्थको असरबाट जोगाउँछ ।

-प्रजनन क्षमतामा वृद्धि गर्छ : आँप फोलेट र फोलिक एसिडयुक्त हुन्छ, जसले प्रजनन क्षमता बढाउन मद्दत गर्छ ।

-खनिजयुक्त : आँपमा कपर, सेलेनियम, जिंक तथा पोटासियम हुन्छ, जुन मानव स्वास्थ्यका लागि आवश्यक हुन्छ। यस्ता खनिजको अभावमा मानिसमा विभिन्न स्वास्थ्य समस्या देखा पर्छन् ।

-यौन क्षमता बढाउछ : आँपमा हुने भिटामिन ईले मानिसमा यौनक्षमता बढाउन मद्दत गर्छ । यसले कोलेस्टेरोल घटाउन र मधुमेह रोक्न मद्दत गर्छ । आँपले रगतमा हुने घातक होमोसिस्टाइन तहलाई नियन्त्रण गरी हृदयाघात हुनबाट बचाउछ । होमोसिस्टाइन रक्त नलीलाई अवरुद्ध गर्न सक्छ र हृदयाघात हुने सम्भावना हुन्छ ।

-छालामा चमक ल्याउछ : आँपले छालाका लागि निकै राम्रो गर्छ, छालामा भएका काला धब्बा तथा दाग हटाउछ र प्राकृतिक चमक ल्याउछ । आँपमा हुने भिटामिन ए र बेटा क्यारोटिनले छाला पुनर्निर्माण गर्छ ।

-ब्ल्याकहेड (काला रौं) को उपचार : आँपले शरीरमा अंगमा भएका काला रौंका अंश हटाउन पनि मद्दत गर्छ । यसका लागि एक चम्चा आँपको गुदी, आधा चम्चा दुध या मह मिसाएर मिश्रण तयार पार्नुपर्छ । यसलाई गोलो तरिकाले संबन्धित ठाउँमा लगाउनुपर्छ । यसले मरेको छाला तथा नउम्रिएका रौं हटाई अनुहारमा चमक ल्याउछ ।

-एन्टि एजिङ फाइदा : यसले क्यान्सर गराउन सक्ने धुलोका खतरनाक कणबाट छालालाई जोगाउछ । यसमा भएका भिटाभिन सिले डण्डीफोर आउन दिदैंन । यसलाई प्रत्यक्ष लगाउने हो भने प्राकृतिक मोस्चराइजरको काम गर्छ । यस्तै, यसलाई फेसवासको रूपमा पनि प्रयोग गर्न सकिन्छ । एकचम्चा आँपको गुदी र बदामको पाउडरमा एक टेबलचम्चा दुध मिसाएर पेष्ट बनाउनुस् र अनुहारमा लगाउनुस् । २० मिनेटपछि धोएपछि यसले अनुहारमा चमक ल्याउछ ।

-कपालका लागि पनि लाभदायी : भिटामिन र खनिजयुक्त भएकाले यसले कपालको वृद्धिलाई पनि लाभदायी हुन्छ । यसले कन्डिसनरको पनि काम गर्छ । यसमा हुने भिटामिन एले चाँया हटाउछ र कपालमा चमक ल्याउछ ।

-यदि बच्चामा माटो खाने बानी छ भने त्यसलाई छुटाउन आँपको बियाको चूर्ण पानीमा मिलाएर दिनहु दुई तीनपटक खान दिने हो भने पेटको किरा पनि मर्छ ।

- सुख्खा खोकी छ भने एक पाकेको आँप लिनुहोस्, आगोमा सेकाउनुस्, सेलाइसकेपछि बिस्तारै चुस्नुहोस्, खोकी निको हुनेछ ।

- मधुमेहमा आँपको पातलाई छाँयामा सुकाएर चूर्ण बनाउनुस्, यसलाई ५-५ ग्रामको मात्रामा बिहान बेलुकी पानीमा राखेर १०-१५ दिन लगातार सेवन गर्ने हो भने लाभ मिल्छ ।

- कब्जियतमा पाकेको आँपमा तातो दूध पिउने हो भने दिसा खलास हुन्छ, जसबाट कब्जियतबाट छुट्कारा मिल्छ ।

- कान दुखेकोमा आँपको पातको रस निकाल्नुस्, हल्का तातो पार्नुस् र कानमा थोपा राख्नुस्, पीडाबाट लाभ मिल्छ ।

- गिजाबाट रगत निस्कने समस्यामा आँपको बिया निकालेर पिस्नुस् र यसलाई मन्जनको रुप्मा प्रयोग गर्ने हो भने पायरियासहित दाँतको सबै रोगबाट लाभ मिल्छ ।

- लू तथा गर्मीमा काँचो आँपलाई रस पिउनाले लू तथा गर्मीबाट हुने बेचैनी ठीक हुन्छ ।

- आँप खाएपछि तातो दूध पिउनुस्, तर, पानी भने सेवन नगर्नुस् ।

- एक कप आँपको रसमा ५० ग्राम मह मिसाएर बिहान बेलुकी सेवन गर्नाले क्षयरोगमा लाभ मिल्छ ।

- यसमा रहेको पोटासियम र म्याग्नेसियमले रक्तचाप नियन्त्रणमा रहन्छ ।

- यसले तौल बढाउछ, गर्भावस्थामा दैनिक एक आँप खानाले राम्रो हुन्छ ।

- २०० ग्राम आँपको रस, १० ग्राम अदुवाको रस र २५० ग्राम दूध मिसाएर पिउनाले शारीरिक र मानसिक निर्बलता नष्ट हुन्छ र स्मरणशक्ति बढ्छ ।

# गर्मी मौशममा हुने मुटुको समस्या हुनबाट कसरी जोगिने ?

काठमाडौं । मुटु सम्बन्धी समस्या भएका बिरामीका लागि जाडो जत्तिकै जोखिम गर्मी याममा पनि हुने गर्दछ । मुटुका बिरामी, उच्च रक्तचाप, कोलस्टेरोल, मोटोपना, मधुमेहजस्ता समस्या भएका बिरामीले गर्मी मौसममा केही अतिरिक्त सावधानी अपनाउनु पर्दछ । गर्मीमा थप सावधानी अपनाउनुपर्ने जोखिम समूहमा मुटुमा ब्लकेज भएका बिरामीहरू, (मुटु कमजोर) भएका बिरामीहरू, उच्च रक्तचाप र यसको औषधि उपयोग गरिरहेकाहरू, मधुमेही र यसको औषधि उपयोग गरिरहेकाहरू, बुढापाका/मिर्गौला रोगी, पहिले बेहोस भइसकेका र कुनै अङ्गको सङ्क्रमणले ग्रस्त बिरामी पर्दछन् । त्यसैले उनीहरुले गर्मी मौसममा विशेष सावधानी अपनाउनु पर्छ ।

**प्रशस्त पानीको सेवन:**

काममा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ। त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन। पानीले शरीरको तापक्रम सामान्य राख्छ। यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ । यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ। नियमित आवश्यकता अनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरिरमा पानी प्रयाप्त भए नभएको आफ्नो पिसाव सफा छ छैन हेर्नुपर्छ। अन्य स्वस्थ्य मानिसले पनि मौसम गर्मी हुँदा वा व्यायाम गर्दा त अझ बढी तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ ।

**फलफूल/जुसको सेवन:**

फलफूलमा पाइने खनिज तत्वहरुले शरिरलाई पसिनाको माध्यमबाट हुने खनिजको कमीलाई पूर्ति गर्छ र रक्तचाप र मुटुको क्रियाकलाप लाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**चिया/कफीको सेवन नगर्ने:**

चियाकफीका कारण शरीरमा पानीको कमी झन् हुन थाल्छ। चिया/कफीमा पाइने कैफिनले पिसाबको मात्रा बढाएर शरिरमा पानीको मात्रालाई कमी गर्छ, अत्यधिक गर्मीमा चिया/कफीको सेवन कम गर्नु फाइदाजनक हुन्छ।

**धुमपान तथा मद्यपान नगर्ने:**

धुमपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन । त्यसमा पनि गर्मीको समयमा गरिने धुमपानले शरीरलाई सुख्खा राख्न बल पुग्दछ भने मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ ।

गर्मीमा ब्यायाम गर्दा होस पुर्‍याउने : सकेसम्म कम गर्मी भएको बेला (बिहान) हिँड्ने, ब्यायाम अगाडि पछाडि गर्ने बेलामा पानी पिउने। बिहान वा साँझमा घर बाहिरको काम वा व्यायाम गर्न सकिन्छ ।

**सकभर घरभित्रै बस्ने:**

गर्मीको मौसममा चर्को घाममा लागेका बेला घर बाहिर निस्कनु स्वास्थ्यका लागि निकै जोखिम मानिन्छ । सकेसम्म घरभित्रै बस्नुपर्छ । यदि घरभित्रै बस्दा पनि दिउँसो घामतिर पर्ने झ्याल र ढोका बन्द गर्नुपर्छ र बाक्लो पर्दा लगाउनुपर्छ । सकेसम्म भित्र बत्ती पनि बाल्नुहुँदैन । निस्कनै पर्ने अवस्थामा टोपी वा छाता लिएर या बिहान-बेलुकीको समयमा निस्कनुपर्छ ।

**चर्को घामबाट बच्ने:**

दिउँसोको सूर्यको किरणबाट बच्नुपर्छ। अति बढी परिश्रम पर्ने कामहरू कम गर्नपर्छ। बाहिर निस्कने बेलामा छाता, टोपी, चश्मा, पातलो तथा खुकुलो कपडा र सन स्क्रिनको प्रयोग गर्न सकिन्छ ।

**उपयुक्त कपडा प्रयोग गर्ने:**

जोखिम समूहका व्यक्तिहरूले बढी गर्मीमा हल्का लुगा लगाउनुपर्छ । सिन्थेटिक, नाइलन, पोलिस्टरको सट्टा सुतीका लुगा लगाउनुपर्छ। टाइट र गाढा रङका लुगा लगाउनु हुँदैन ।

यी माथि उल्लेख गरिएका विभिन्न उपायहरुका बारेमा सचेत र सजग हुन सकेमा गर्मी याममा हुनसक्ने जोखिमबाट बच्न सकिन्छ। अत्यधिक गर्मीका कारण यदि बेचैनी या असहज महसुस हुन्छ भने तत्काल रक्तचापको परीक्षण गराउनुपर्छ। यदि रक्तचाप उच्च छ भने तत्काल डाक्टरको परामर्श लिनुपर्छ ।

# वर्षमा औसतभन्दा १६ किलो बढी भात खान्छन् नेपाली

नेपालीहरु औसतभन्दा धेरै भात खाने गरेको अध्ययनले देखाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको अध्ययनअनुसार नेपालीहरु वार्षिक औसतभन्दा १६ किलो बढी चामल खाने गरेको देखिएको हो ।

एक व्यक्तिले प्रतिवर्ष औसत १ सय २१ किलो चामल उपभोग गर्ने मापदण्ड संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनले तय गरेको छ । तर, नेपालीहरुले प्रतिव्यक्ति १ सय ३७ किलो चामल एक वर्षमा उपभोग गर्ने गरेको मन्त्रालयको अध्ययनले देखाएको हो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले गरेको अध्ययनले यस्तो देखाएको र त्यो केही समयमै प्रकाशनको तयारीमा रहेको मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले बताए । नेपालीले चामलको प्रयोग चाहिने भन्दा अधिक मात्रामा गरिरहेको सञ्जेलले बताए । सञ्जेलका अनुसार चामलको अधिक प्रयोगका कारण उत्पादनले नधानेर आयात समेत बढिरहेको छ ।

'नेपालीको औसत चामलको उपभोगमा १६ किलो अधिक देखिएको छ,' सञ्जेलले भने, 'चामल प्रयोगमा देखिएको व्यापकता र उत्पादनको संकुचन आउँदा परनिर्भरता बढिरहेको छ ।'

भातमाथिको परनिर्भरता हटाउन उत्पादन बढाउने काम गर्न तत्काल सम्भव नभएको र अब विस्तारै खानाको बानी सुधार गर्ने र वैकल्पिक आहारमा जोड गर्दै क्रमिक रूपमा उत्पादनका कामहरू बढाउनुपर्ने उनको भनाइ छ ।

नार्कका अनुसार चामलको बढ्दो प्रयोग र बढिरहेको जनसंख्या अनुसार धानको उत्पादन बढ्न नसकेकाले परनिर्भरता बढ्दैछ । केन्द्रका धान विज्ञ डा. सुशील सुवेदीका अनुसार नेपालको धानमा उत्पादकत्व बढ्दै गए पनि बढ्दो जनसंख्यालाई भात नै खुवाउन भने यो उत्पादन वृद्धिले थेग्न सक्ने अवस्था देखिंदैन ।

एक अध्ययनअनुसार नेपालको विगत ५४ वर्षमा धान उत्पादन वृद्धि र जनसंख्या वृद्धि हेर्दा धान वृद्धि १.५ प्रतिशत छ भने जनसंख्या वृद्धि २.३ प्रतिशत छ । धान अपुग हुँदै जाने पहिलो आधार यही भएको उनले बताए । सुवेदीकाअनुसार नेपालमा प्रतिव्यक्ति चामल खपत वार्षिक १३७ केजीसम्म छ । विवरणहरुअनुसार नेपाल दक्षिण एशियामा तेस्रो धेरै भात खाने मुलुकमा पर्छ । दक्षिण एशियामा सबैभन्दा धेरै भात बंगलादेशमा खाइन्छ । बंगलादेश विश्वमा प्रतिवर्ष धेरै चामल खपत गर्ने मुलुकको सूचीमा पहिलो नम्बरमा पर्छ । लाओस र बंगलादेश विश्वमा सबै भन्दा धेरै प्रतिवर्ष प्रतिव्यक्ति चामल खपत गर्ने मुलुकमा पर्छन् । दुवै मुलुकमा प्रतिवर्ष प्रतिव्यक्ति चामलको खपत २६६ किलो छ । यस्तै श्रीलंकको पनि प्रतिवर्ष प्रतिव्यक्ति चामलको खपत १६४ किलो छ ।

उनकाअनुसार नेपाललाई धानमा आत्मनिर्भर हुन करिब ७९ लाख ३७ हजार मेट्रिक टन चाहिने देखिन्छ । जसमध्ये चामलको रूपमा ६८ लाख ९० हजार मेट्रिक टन धान आवश्यक रहेको छ । यस्तै १० लाख ४७ हजार टन धान अन्य प्रयोजन जस्तै पेय पदार्थ, पशु आहारा र बिउको रूपमा प्रयोग भइरहेको छ । नेपालमा वार्षिक करिब ४२० लाख लिटर रक्सी बनाइने गरेको तथ्याङ्क छ जसमा २० प्रतिशत रक्सी चामलबाट बन्ने अनुमान छ ।

यस तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा वार्षिक रूपमा उत्पादन हुने करिब ५५ लाख मेट्रिक टन धानमध्ये करिब २४ लाख मेट्रिक टन अपुग देखिन्छ । जुन भनेको करिब १२ देखि १४ लाख मेट्रिक टन चामल अपुग हुनु हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको चालु आवको तथ्याङ्कअनुसार गत वर्षभन्दा यो वर्ष धानको उत्पादन साढे तीन लाख मेट्रिक टनले बढेको छ । चालु आवमा ५४ लाख ८६ हजार ४७२ मेट्रिक टन धान उत्पादन हुने मन्त्रालयको अनुमान छ । जुन गत वर्षभन्दा ३ लाख ५५ हजार ८४७ मेट्रिक टनले धेरै हो ।

आव २०७८/७९ मा ५१ लाख ३० हजार ६२५ मेट्रिक टन मात्रै धान उत्पादन भएको थियो । यो वर्ष प्रतिहेक्टर उत्पादकत्व ३.७९ प्रतिशतले वृद्धि हुँदा समग्र धान उत्पादन वृद्धिदर गत वर्षको भन्दा ६.९४ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार गत वर्षभन्दा धान रोपाइँ हुने क्षेत्रफल घट्दा पनि धान उत्पादनमा भने वृद्धि हुने देखिएको छ । यो वर्ष धान उत्पादन हुने २० हजार हेक्टर क्षेत्रफलमा घटेको छ । गत वर्ष कुल १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएकोमा यस वर्ष १४ लाख ४७ हजार ७८९ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा नेपालमा १४ लाख ६९ हजार ५४५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदा ५१ लाख ५१ हजार ९२५ मेट्रिक टन धान उत्पादन भएको थियो । आव २०७५/०७६ मा १४ लाख ९१ हजार ७४४ हेक्टर क्षेत्रफलमा रोपाइँ हुँदा ५६ लाख १० हजार ११ मेट्रिक टन धान उत्पादन भएको थियो ।

आव २०७६-७७ मा १४ लाख ५८ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो, जसबाट ५५ लाख ५० हजार ८७८ मेट्रिक टन धान उत्पादन भएको थियो । यस्तै, आव २०७७/०७८ मा १४ लाख ७३ हजार ४७४ हेक्टर क्षेत्रफलमा रोपाइँ हुँदा ५६ लाख २१ हजार ७१० मेट्रिक टन धान उत्पादन भएको मन्त्रालयको तथ्याङ्क छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

शंकरापुर एकेडेमी प्रा. लि.
सातदोबाटो, ललितपुर
फोन नं: ०१-५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रूपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# भारत, चीन र पश्चिमालाई सन्तुलनमा राख्दै प्रचण्ड



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग रणनीतिक चार्तुयता त छँदैछ । उनीसँग कूटनीतिक चार्तुयता पनि रहेको प्रमाणित भएको छ । प्रचण्डले विगतमा चीनका राष्ट्रपति सी चिनफिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग गोवामा एकसाथ वार्ता गरेका थिए । उक्त भेटको फोटो अहिले पनि चर्चामा छ । प्रचण्ड यस्तो पहिलो नेता हुन् जो चीन र भारतका नेतासँग एकसाथ वार्ता गर्न सके । उनी पश्चिमालाई पनि सन्तुलनमा राख्न खप्पिस छन् । पश्चिमाले चाहेको धर्मनीरपेक्षलाई उनैले सम्बोधन गरे । अहिले मोदीसँग बलियो सम्बन्ध बनाउन महाकालेश्वर पनि दर्शन गरे । पशुपतिनाथमा समेत प्रचण्डले दर्शन गरेर छक्क पारिदिएका छन् ।

प्रचण्ड भारत भ्रमणबाट फर्किइसकेका छन् । अब उनी चीन भ्रमणमा जाने भएका छन् । प्रचण्ड भदौमा चीन जाने खुलासा परराष्ट्रमन्त्री एनपी साउदले गरिसके । सोमवार सार्वजनिक कार्यक्रममा साउदले प्रधानमन्त्री प्रचण्ड भदौमा चीन जाने बताएका हुन् । प्रचण्ड जेठमा भारत भ्रमणमा गएका थिए ।

प्रचण्ड स्वयंले चाँडै चीन भ्रमण गर्ने बताइसकेका छन् । प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्रका वरिष्ठ नेताहरुले जेठ र असार महिनामा चीनको भ्रमण गरिसकेका छन् । सुरुमा माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटा र पछि वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ चीन भ्रमणमा गए । सापकोटाले प्रचण्डले भदौतिर चीन भ्रमण गर्नसक्ने बताएका थिए । श्रेष्ठले चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ बीआरआईमा चासो दिएको बताएका थिए । प्रचण्ड प्रधानमन्त्री भएपछि नेपालमा चीनको सक्रियता बढेको छ । चीनले बीआरआई कार्यान्वयन भइसकेको दाबी गरेको छ । चीनसँगको केही सीमानाकाहरु पनि खुलेका छन् । दुवै देशबीच उच्चस्तरीय भ्रमणहरु बढेका छन् ।

यसैगरी, नेपालमा चिनियाँ अधिकारीहरुको दौड बढेको छ । निरन्तर कुनै न कुनै टोली नेपाल भ्रमणमा आउने क्रम छ । चीनको स्वायत्त प्रदेश तिब्बतको प्रतिनिधिमण्डल नेपाल भ्रमण गरेर फर्किएलगत्तै अर्को चिनियाँ टोली नेपाल आएको छ । तिब्बतको जनकँग्रेसको प्रतिनिधिमण्डल काठमांडू, लुम्बिनी र पोखरा भ्रमणपछि शुक्रवार सिचुवानको राजधानी छन्तुतर्फ फर्किएको हो । पाँच जनाको टोली भ्रमणमा थियो । शुक्रवार नै चीनको चाङछिङ सहरको उच्चस्तरीय टोली नेपाल आइपुगेको छ । चोङछिङ नगरपालिका सरकारको विदेश मामला कार्यालयका उपनिर्देशक ताङ यु नेतृत्वको ६ जनाको टोली आएको हो ।

यसै महिनापोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा इंटरनेशनल उडान सुरु गर्दा पनि चिनियाँ अधिकारीहरु नेपाल आएका थिए । सिचुवान एयरलाइन्समा चिनियाँहरु ठूलो संख्यामा आएका थिए । जसमा बोट रेसका खेलाडी समेत सहभागी थिए । चीनले पछिल्लो समय पोखरा र लुम्बिनीमा आफ्ना गतिविधिहरु बढाइरहेको छ । दुवै स्थानमा निर्माण भएका अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ कम्पनीले निर्माण गरेको हो । पोखरा विमानस्थल निर्माणमा चीनले ऋण दिएको छ । बुद्ध जयन्तीमा चिनियाँ टोलीले लुम्बिनीमा कार्यक्रम नै आयोजना गरेको थियो । पश्चिम नेपालको पोखरा र लुम्बिनीमा चिनियाँ गतिविधि बढ्नुलाई चासोका साथ हेरिएको छ ।

**बीआरआई कार्यान्वयनमा चीनको दबाब**

चीनले नेपालमा बेल्ट एण्ड रोड इनिटिएटिभ बीआरआई कार्यान्वयनमा दबाब दिएको छ । उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणका दौरान बीआरआई कार्यान्वयनमा दबाब बढाउने गरी कुरा राखेको हो । चीन भ्रमणबाट आइतवार स्वदेश फर्किएका उपप्रधानमन्त्री श्रेष्ठले चीनले बीआरआई कार्यान्वयनमा चासो राखेको बताए । बीआरआईमा २०१७ मा सम्झौता भइसकेकाले मोडालिटी बनाएर कार्यान्वयन प्रक्रिया टुंगो लाउने जवाफ उनको भनाई छ ।

श्रेष्ठले बीआरआई सम्झौताबाट नेपाल लाभान्वित हुने विश्वास व्यक्त गरे । उनले चिनियाँ लगानी वृद्धी गर्नेबारे समेत आफ्नो भ्रमणमा छलफल भएको बताए । चीनले नेपालमा बीआरआई कार्यान्वयनमा आइसकेको बताइरहँदा उपप्रधानमन्त्री श्रेष्ठको पछिल्लो भनाई आएको हो । सम्झौता भएको ६ वर्ष पुग्दा पनि नेपालले बीआरआई परियोजना अन्तर्गत ऋण लिन नसकिने बताउँदै आएको छ ।

यसैगरी, श्रेष्ठले चीनसँग थप व्यापारिक नाका खोल्नेबारे आफूले छलफल गरेको बताए । नेपाल चीन सीमानाकामा आवतजावत् सहज बनाउन चीन सकारात्मक भएको उनको भनाई थियो । चीनले कोभिड १९ को महामारी पछि नेपालसँगको सीमानाकाहरु बन्द गरेको थियो । यसै वर्षबाट रसुवा र तातोपानीसँगको नाका खोलेपनि अन्य नाका खोलेको छैन । नाकाहरु सामान ढुवानीका लागि मात्र खोलेको छ । मानव आवतजावतमा अझै रोक छ । श्रेष्ठले चीनको छेन्दुबाट पोखरा र भैरहवामा व्यवसायिक उडान सुरु गर्न आग्रह गरेको बताए । सिचुवान एयरलाइन्स पोखरामा उडान भर्न तयार रहेको उनको भनाई थियो । पोखरामा जून महिनामा सिचुवान एयरलाइन्सले पहिलो चाटर्ड उडान गरिसकेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चीनको ऋणमा निर्माण भएको हो । भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ निर्माण कम्पनीले बनाएको हो । यी दुवै विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नियमित हुन सकेका छैनन् ।

# राजनीतिक आधार यसरी बनाउँदैछ प्राज्ञिक विद्यार्थी परिषद्




काठमाडौं । देशमा एउटा यस्तो विद्यार्थी संगठन छ जसको देशभर संगठन विस्तार भइरहेको छ । कुनैपनि राजनीतिक दलको भातृसंगठन होइन यो संगठन, तर देशव्यापी रुपमा यसले जरा फैलाइरहेको छ । देशको धर्म संस्कृति र संस्कारलाई जोगाउनुपर्ने मूल उद्देश्य राखेको छ यसले । अहिले प्राज्ञिक विद्यार्थी परिषद् नेपालले देशका १५ जिल्लामा शैक्षिक सामाग्री वितरण अभियानलाई तिव्रता दिएको छ । प्राज्ञिकले मंगलवार गुल्मीको सत्यवती माविमा शैक्षिक सामाग्री वितरण गरेको छ ।

शैक्षिक सामाग्री वितरणमा कार्यक्रममा विद्यार्थी परिषद्का राष्ट्रिय संगठन सचिव नारायणप्रसाद ढकाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लिलबहादुर क्षेत्री, प्राचार्य कृष्ण प्रसाद भण्डारी, अभिभावक संघका अध्यक्ष लेखनाथ भण्डारी, राष्ट्रिय महासचिव विष्णुप्रसाद पंगेनीलगायत सामाजिक एवं शैक्षिक व्यक्तित्वहरुको उपस्थिति थियो । २३ असारमा काभ्रेको नैमिशारण्य गुरुकुलबाट शैक्षिक सामग्री वितरणको शुभारम्भ भएको हो ।

परिषद्ले देशका कुना काप्चामा पुगेर विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गर्दै आएको छ । यसवर्ष देशका १५ जिल्लाहरुका विद्यालयस्तरका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गर्ने जनाएको छ । प्राज्ञिकले तेह्रथुम, संखुवासभा, सिराहा, काभ्रे, सिन्धुली, रौतहट, बारा, मकवानपुर, रुपन्देही, बाग्लुङ, गुल्मी, रोल्पा, कालिकोट, जुम्ला र डडेल्धुरामा शैक्षिक सामाग्री वितरण गर्ने राष्ट्रिय महासचिव विष्णु प्रसाद पंगेनीले जानकारी दिए ।

शैक्षिक सामाग्रीमा ब्याग, कपी, कलम, रेपिडेक्स पुस्नकल, जमेक्ट्री बक्स, नेपाली वृहत् शब्दकोश, टोली लगायत सामाग्री छन् । ती सामाग्री २५ सय २५ विद्यार्थीलाई वितरण गर्ने जनाइएको छ । प्राज्ञिक विद्यार्थी परिषद् कुनैपनि दलको भातृ संगठन होइन । २०५२ सालमा स्थापना भएको परिषद्ले देशका कुनाकाप्चामा पुगेर विद्यार्थी माझबाट असल, कुशल, राष्ट्रप्रेमी, योग्य नागरिक निर्माण गरी समृद्ध र आदर्श राष्ट्र पुननिर्माणमा महत्वपूर्ण भूमिका निभाइरहेको छ ।

# आइजिपी कुँवरको कार्ययोजना खोई ?



काठमाडौं । बसन्तबहादुर कुँवर नेपाल प्रहरीको महानिरीक्षक भएको एक सय दिन काटिसक्दा कमजोर कमाण्डका कारण उनको आलोचना हुन थालेको छ ।

सय दिनको अवधि काटिसक्दा पनि उनले आफ्नो कार्ययोजना समेत तयार गर्न सकेका छैनन् । दुई वर्षका लागि महानिरीक्षकमा नियुक्त भएकोमा तीन महिनासम्म कार्ययोजना नै बनाउन नसक्नुले उनको कार्यक्षमताको कमजोरी बाहिरिएको छ । सामान्यतया आइजिपीले आफ्नो कार्यकालको कार्ययोजना बनाउने प्रचलन छ ।

कुँवरले कार्ययोजना बनाउने जिम्मा एआइजी टेकप्रसाद राईलाई दिएका थिए । राइले प्रारम्भिक खाका बनाएपनि महानिरीक्षक कुँवरले त्यसलाई अन्तिम रुप दिएर कार्यान्वायनमा लैजान सकेका छैनन् ।

आईजीपी पद धारण गरेदेखि नै कमजोर भएको आरोप कुँवरमाथि लागेको छ । भुटानी शरणार्थी प्रकरणमै आइजिपी कुँवरले चाहेजस्तो भएन । उनलाई आइजिपी बनाउन भूमिका खेल्ने बालकृष्ण खाण पक्राउ परेपछि कांग्रेस नेताहरुकै उनले गाली खानुपऱ्यो । अर्कोतर्फ त्यो अपराधमा संलग्नलाई संरक्षण दिएको गम्भीर आरोप समेत उनीमाथि लागेको छ । यद्यपि, यो विषयमा सरकारले छानबिन नगरेपछि उनीमाथिको संकट टरेको छ ।

काज सरुवाको विकृती रोक्न भने उनले केही सकारात्मक प्रयास गरेका छन् । करिब पाँच हजार प्रहरीलाई दरबन्दीमा पठाए । मधेसमा वर्षौदेखि तस्करीको सेटिङ मिलाउँदै आएका घुमुवालाई २४ घन्टे रमाना दिएर पहाडी र हिमाली जिल्लामा लखेटेर शुद्धीकरणको प्रयास गरे ।

पछिल्लो समय ललिता निवास प्रकरणमा अनुसन्धानको आँट गरेर उनले प्रहरीको छवी माथि उठाएका छन् । तर, यो मुद्दामा प्रहरीले कत्तिको गहनताका साथ अनुसन्धान गर्ने आँट गर्छ त्यो भने हेर्न बाँकी नै छ ।

एसपी र डिएसपी बढुवामा उनले चलखेल रोक्न सकेनन् । विगतमा कारबाहीमा परेकाहरु बढुवा हुँदा इमान्दार अधिकृतहरु छुटे । बढुवामा एआइजीलगायत बिचौलियाले खुलेआम चलखेल गर्दा पनि त्यसमा छानबिन गराउने हिम्मत पनि नगरेपछि उनी निरिह भएको आरोप लाग्ने गरेको छ ।

त्यसो त प्रहरीमा नियमित सरुवा हुन सकेको छैन । चैतमा हुनुपर्ने इन्सपेक्टर सरुवा निकाल्न नसकेपछि आफैं काज खटाउन थालेका छन् । एसपी र डिएसपीको सरुवा पनि टकरावकै कारण हुन नसकेको स्रोत बताउँछ ।

आगामी दिनमा सरुवा-बढुवामा कति न्यायोचित निर्णय गर्न सक्छन् र प्रहरीभित्रको चेन अफ कमाण्डलाई बलियो बनाउन सक्छन्, त्यसले कुँवरको भविष्य निर्धारण हुनेछ । तर, एक सय दिनको मूल्याङ्कनमा उनले प्रहरी संगठनलाई बलियो बनाउन सक्नेमा भने प्रश्न गर्ने प्रशस्त ठाउँ छन् ।

# खप्तडको विकासका लागि सरकारले विशेष ध्यान दिनु पर्छ : पूर्वमन्त्री आले

काठमाडौं । नेकपा (एकीकृत समाजवादी) का नेता तथा पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले सुदूरपश्चिमको प्रमुख पर्यटकीय स्थल खप्तडको विकासका लागि सरकारले ठोस पहल चाल्नु पर्ने बताउनु भएको छ ।

आज पर्यटन बोर्डमा एभरेष्ट ग्यालरीको आयोजनामा दृश्यमा खप्तड विमोचन समारोहलाई सम्बोधन गर्दै उहाँले सुदूरपश्चिम क्षेत्रमा रहेको खप्तड क्षेत्रको मात्रै विकास गर्न सके त्यहाँ विकासको ठूलो कायापलट हुने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले खप्तड क्षेत्रको विकास गरे समग्र सुदूरपश्चिमको विकास हुने छ, खप्तडलाई देश विदेशमा चिनाउने गरी विकासका पूर्वाधार निर्माण गर्नु जरुरी छ ।"

कार्यक्रमका विशिष्ट अतिथी समेत रहनु भएका पूर्वमन्त्री आलेले खप्तड क्षेत्रमा पर्यटकीय पूर्वाधारदेखि सडक, विधुत लगायतका सेवाको अति आवश्यक भएकाले सरकारले त्यहाँ पर्यटक भित्रयाउनका लागि सडकको पहुँच पुऱ्याउन जरुरी भएको बताउनुभयो । सुदूरपश्चिमका असङ्ख्य मात्रामा पर्यटकीय क्षेत्रहरु रहेका भएपनि सरकारले ती क्षेत्रको विकास तथा विस्तारका लागि ठोस पहल चाल्न नसकेका कारण ती क्षेत्रहरु ओझेलमा पर्दै गएको उहाँको आरोप थियो ।

यसैगरी आफु संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भएको समयमा सुदूपश्चिमका पर्यटकीय क्षेत्रको विकास तथा बिस्तारका लागि थुप्रै कामहरु गरेको र बजेट पनि विनियोजन गरेको भएपनि आफु मन्त्रीबाट हटेपछि अहिले ती विकासका कामहरुलाई पछिल्लो सरकारले निरन्तरता नदिएको पूर्वमन्त्री आलेको आरोप छ । सुदूरपश्चिमका पर्यटकीय क्षेत्रहरुमा पर्यटक भित्रयानका लागि त्यहाँ रहेका पर्यटकीय क्षेत्रहरुको विकासका साथै त्यहाँका विमानस्थलहरुमा अनिर्वाय रुपमा जहाज सञ्चालन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

सोही कार्यक्रममा बोल्नु हुँदै पूर्वमन्त्री आलेले आन्तरिकतर्फको काठमाडौं पछिको दोस्रो ठूलो विमानस्थल धनगढीको स्तरोन्तीमात्रै गर्न सके सुदूरपश्चिमका खप्तड, बडिमालिका, शैलेश्वरी, बडिकेदार लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा हजारौं पर्यटकहरु भित्रयाउन सकिने र त्यहाँको विकासमा सहज हुने धारणा राख्नुभयो ।

एभरेष्ट ग्यालरीले आफ्नै लगानीमा खप्तड क्षेत्रमा पुगेर त्यहाँका बिभिन्न मनोरम दृष्यहरु सहितको भिडियो निर्माण गरी प्रशारण गरेकोमा उहाँले समग्र टिमलाई धन्यवाद समेत व्यक्त गर्नुभयो । यस्ता दृष्यहरुले पर्यटक भित्रयाउन सहज हुने भन्दै खप्तडका दृष्य, भिडियो छायानङ्कन गर्ने टिमलाई आगामी दिनमा आफुले सक्ने सहयोग गर्ने समेत पूर्वमन्त्री आलेले बचन बद्धता व्यक्त गर्नुभयो ।

# रोटरी क्लब अफ सैबु भैसेपाटीको अध्यक्षमा खनाल

ललितपुर । रोटरी क्लब अफ सैबु भैंसेपाटीको अध्यक्षमा पिताम्बर खनाल चयन हुनुभएको छ । सन् २०२३/२०२४ को लागि खनालको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो । क्लबको उपाध्यक्षमा सरद रञ्जित, प्रेसिडेन्ट इलेक्टमा सिंहराज थापा, प्रेसिडेन्ट नोमिनिमा विजयराज डंगोल चयन हुनुभएको छ ।

एकवर्षे कार्यकालयको लागि चयन भएको कार्यसमितिको इमिडेट पार्स्ट प्रेसिडेन्ट विकास न्यौपाने, चार्टर प्रेसिडेन्टमा डा. वासुदेव पाण्डे, एक्टिङ सेक्रेटरीमा करणविर थापाक्षेत्री, कोषाध्यक्ष र सर्भिस प्रोजेक्टको अध्यक्षमा मदन महत, कोषाध्यक्षमा पुष्पा वेल्वासे, सर्जेन्ट एट आर्मसमा राम अधिकारी, क्लब ट्रेनरमा लालबहादुर चन्द, एडमिन चियरमा शिवगोपाल थापा, सर्भिस प्रोजेक्ट को-चियरमा एमएस काप्री चयन हुनुभएको छ ।

कार्यसमितिको रोटरी फाउन्डेसन चियरमा निर्मला वस्ताकोटी, पब्लिक रिलेसन चियरमा ईश्वर जिसि, मेम्बरसिप चियरमा मदन मलेकु र एक्जुकेटिभ सेक्रेटरीमा सुभेच्क्षा कोइराला चयन हुनुभएको छ ।

# प्रहरी निरिक्षक कठायतलाई पुरस्कार प्रहरी उपरिक्षक भट्टराईको नियतमाथि शंका

रौतहट । जिल्ला कार्यालय रौतहटका प्रहरी प्रमुख प्रहरी निरिक्षक विमला कठायतले हबल्दार र जवानको प्रयोग गरि कमिसन असुल्ने गरेको तथ्य बाहिरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहा दरबन्दी भई जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटमा कार्यरत हबल्दार दिलिप कुमार चौधरी र जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटमा कार्यरत जवान गंगा श्रेष्ठलाई प्रयोग गरेर प्रहरी निरिक्षक कठायतले मातहतका ट्राफिक प्रहरी युनिटहरुबाट कमिस असुल्ने गरेकी ट्राफिक प्रहरी अधिकारीहरु नै बताउँछन् ।

प्रहरी निरिक्षक कठायतले जवान गंगालाई आफ्नो बडिगार्डको रुपमा राखेकी र जिल्ला प्रहरी कार्यालय सिरहा दरबन्दी भई पटक पटक जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटमा बस्दै आएका हबल्दार चौधरीलाई प्रयोग गरेर जसरी पनि पैसा काउनु पर्छ भन्ने योजना बनाएकी ट्राफिक प्रहरी अधिकारीहरुको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सिरहा दरबन्दी भई पटक पटक जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटमा बस्दै आएका हबल्दार चौधरीको पहिलाको घर धनुषा भएपनि हाल उनले चन्द्रनिगाहपुरमा पनि घर बनाएका र जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटमा पटक पटक काज गरी आउने गरेका कारण पनि असुलीको पाटो स्पष्ट हुन्छ । काजमा जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहट आएकी प्रहरी निरिक्षक कठायतले आफु सरुवा भएर जाँदा विभिन्न दाताहरुले जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको लागि सहयोग गरेका सोफा सेट, गरुडा नगरपालिकाले दिएको एसी समेत लैजाने तयारी गरेकी ट्राफिक प्रहरी अधिकारीहरुले बताए ।

नेपाली कांग्रेस नेतृ आर्जु राणाको नजिक रहेको घमण्ड देखाउँदै प्रहरी निरिक्षक कठायतले जिल्लामा आएदेखि नै जसरी पनि कमिसन चाहियो भन्ने निर्देशन दिएकी छन् ।

यता,नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया, बारा मधेश प्रदेशले उनै भ्रष्ट प्रहरी निरिक्षक कठायतलाई उत्कृष्ट काम गरेको भन्दै सम्मान समेत गरेको छ । जसबाट पनि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया, बारा मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी उपरिक्षक सन्तोष कुमार भट्टराईले पनि जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटबाट राम्रो कमिसन पाउने आशंका गरिएको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया, बारा मधेश प्रदेशले भ्रष्ट प्रहरी निरिक्षक कठायत सहित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया, बारा मधेश प्रदेशमा कार्यरत असई दिपक कुमार बस्नेत र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सामा कार्यरत सहायक हवलदार राजकुमार कलवारलाई सम्मान गरेको हो ।

भ्रष्ट प्रहरी निरिक्षक कठायतलाई नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया,बारा मधेश प्रदेश मातहतमा रहेका ट्राफिक प्रहरी निरिक्षकहरु मध्य उत्कृष्ट भन्दै सम्मन गर्नुले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया, बारा मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी उपरिक्षक भट्टराईलाई पनि जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटबाट राम्रो कमिसन जाने सहजै अनुमान गर्न सकिन्छ ।

उनीहरुलाई नगद रु १० हजार सहित कदरपत्रबाट सम्मान गरिएको थियो । तीनै जना ट्राफिक सेवामा रही पुऱ्याएको विशेष योगदानको उच्च मुल्यांङ्कन सहित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया वाराका प्रमुख एसपी सन्तोष कुमार भट्टराईले उक्त पुरस्कारको लागि नाम सिफारिस गरेका थिए । जसबाट पनि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यावस्थापन कार्यालय पथ्लैया,बारा मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी उपरिक्षक भट्टराई पनि जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहट मातहतबाट संकलन भएको कमिसनको भागेदार हुन भन्दा फरक नपर्ला ।

# एमाले न केन्द्र न प्रदेश सरकारमा

काठमाडौं । सत्ता बाहिर पुग्नुपरेपछि नेकपा एमालेका नेताहरुलाई सबैभन्दा बढी छटपटी हुन्छ । ठेकेदार, व्यापारी देखि विभिन्न पेशाकर्मी व्यवस्थापन गर्नुपर्ने चुनौती एमालेलाई सधै रहँदै आएको छ । जब एमाले सरकारमा हुँदैन तब उसको शक्ति मात्र घट्दैन कार्यकर्ता पनि छाड्दे जान्छन् । यसकारण पनि एमाले अध्यक्ष केपी शर्मा ओलीले छटपटी देखाउन थालेका छन् । उनले एमालेलाई सत्तामा रहन नदिने खेलहरु भइरहेको बताइसके ।

एमाले केन्द्र सरकारमा दुई महिना पनि रहन सकेन । प्रदेशहरुमा पनि उसको सरकार ढल्दै गयो । कोशी प्रदेशमा हालै एमाले नेतृत्वको सरकार ढलेको छ । अब एमाले सबैतिर प्रतिपक्षमा पुगेको छ । स्थानीय निकायमा मात्र एमालेको सरकार छ । अब कोशी प्रदेशमा सत्ता गठबन्धनको सहमतिको पूर्ण पालना भए नेपाली काँग्रेसका उद्धव थापा मुख्यमन्त्री बन्ने निश्चितप्रायः छ । सभामुखसहितको मत परेमा सत्ता गठबन्धनको बहुमत पुग्छ ।

९३ सदस्यीय प्रदेश सभामा सभामुखसहित गठबन्धनको ४७ मत हुन्छ । सभामुखले मतदान नगरे ४६ मत हुन्छ । त्ता गठसबन्धनको बैठकले कोशी प्रदेशमा नेपाली काँग्रेसका उद्धव थापालाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरिसकेको छ ।सत्ता गठबन्धनको बैठकमा सहभागी जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले काँग्रेसका उद्धव थापालाई मुख्यमन्त्रीमा सार्ने समझदारी बनेको जानकारी दिए । कोशी प्रदेशमा नेकपा एमाले नेतृत्वको सरकार ढलेपछि नयाँ सरकार गठनका लागि आइतवार आव्हान भएको छ । कोशी प्रदेशमा कुनैपनि दलको एकल बहुमत छैन । नेकपा एमालेको ४०, नेपाली काँग्रेसको २९, नेकपा माओवादी केन्द्रको १३, राप्रपाको ६, नेकपा एसको ४ र जनता समाजवादी पार्टीको १ सांसद छन् ।

# फेरि राजनीतिमा आउँदै पूर्वराष्ट्रपति भण्डारी

काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सात वर्षपछि गत १४ असारमा राजनीतिक प्रकृतिको कार्यक्रममा सहभागी भइन् । मदन भण्डारीको ७२औं जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउण्डेसनले राष्ट्रिय सभागृहमा गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारी प्रमुख अतिथि थिइन् ।

फाउण्डेसनकै संरक्षक एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली विशेष अतिथि रहेको त्यो कार्यक्रममा मदनको योगदानबारे चर्चा मात्रै नगरेर पूर्वराष्ट्रपति भण्डारीले राजनीतिक सन्देश पनि दिइन् । उनको भनाइ थियो, 'मुलुकको राजनीतिक संरचनामा परिवर्तन आए पनि नेपाली क्रान्तिको कार्यभार पूरा भएको छैन ।'

११ कात्तिक २०७२ मा राष्ट्रपति बनेपछि भण्डारी राजनीतिक प्रकृतिका कार्यक्रमहरूबाट अलग भएकी थिइन् । गत २९ फागुनमा राष्ट्रपतिको दोस्रो कार्यकाल समेत सकिएपछि भण्डारी संभवतः पहिलो पटक फाउण्डेसनको ब्यानरमा सार्वजनिक कार्यक्रममा सहभागी भइन् । 'यो फाउण्डेसन नै उहाँ (विद्या भण्डारी)को हो, आफ्नै संस्थामा आवश्यक परेको काम गर्न सक्नुहुन्छ', फाउण्डेसनकी सचिव पेम्बा लामा भन्छिन् ।

फाउण्डेसनको कुनै औपचारिक पदमा नरहे पनि राजनीतिक लिगेसी र संस्थाको उद्देश्यसँग पूर्वराष्ट्रपति भण्डारी जोडिएको उनी बताउँछिन् । 'आफैं संस्थापक भएर जन्मिएको संस्थामा कार्यक्रम बनाएर हिंड्न सक्नुहुन्छ, केही अप्ठ्यारो छैन', सचिव लामा भन्छिन् ।

स्रोतका अनुसार, यसपटक मदन जयन्तीको कार्यक्रम पूर्वराष्ट्रपति भण्डारीकै सक्रियता र योजनामा चलिरहेको छ । मदन जयन्ती मनाउन पूर्वराष्ट्रपति भण्डारीले एमालेका ११ वटा जनसंगठनलाई परिचालित गरेकी छन् । 'आफ्नै निवासमा बोलाएर उहाँले मदन भण्डारीको जन्मजयन्ती मनाउनेबारे छलफल गर्नुभयो, त्यसै अनुसार अहिले कार्यक्रमहरू चलिरहेको छ', भण्डारी निकट एक नेता भन्छन् ।

उनका अनुसार पूर्वराष्ट्रपति भण्डारीले अनेरास्ववियु, राष्ट्रिय युवा संघ, अनेम संघ, खेलकुद महासंघ, प्रेस चौतारी लगायत जनसंगठनका पदाधिकारीको बैठकै राखेर योजना बनाएकी हुन् । 'पार्टीभित्र धेरै जनपरिचालन हुने जनसंगठनहरू परिचालन गरिएको हो, उद्देश्य चाहिं मदन भण्डारीको योगदान सम्झने नै हो', ती नेता भन्छन् ।

यी जनसंगठनहरूमध्ये अनेरास्ववियु अधिकांश जिल्लामा फाउण्डेसनसँग सह-आयोजक बन्यो । 'हाम्रो अलग्गै कार्यक्रम पनि थियो, आवश्यकताको आधारमा सहकार्य पनि गरियो', अनेरास्ववियुका अध्यक्ष समिक बडाल भन्छन् ।

यसरी पार्टी पंक्ति र जनसंगठनका नेता तथा कार्यकर्ताहरू फाउण्डेसनको ब्यानरमा पार्टीका पूर्वमहासचिव एवम् जनताको बहुदलीय जनवाद (जबज) का प्रतिपादक नेता मदनको जन्मजयन्ती मनाइरहँदा एमाले भने छोटो औपचारिक कार्यक्रममा सीमित भयो । 'वृक्षरोपण, मदन भण्डारीबारे चर्चा गरेर केन्द्रीय कार्यालयमै जन्मजयन्ती मनायौं' एमाले कार्यालय सचिव डा.भीष्म अधिकारी भन्छन् ।

मदन भण्डारी फाउण्डेसन स्थापना र सञ्चालनमा पूर्वराष्ट्रपति भण्डारीसँगै एमाले अध्यक्ष ओलीको साझा प्रयत्न रहँदै आएकाले एमाले कार्यकर्ताले यस्तो दृश्यलाई स्वाभाविक रूपमा लिएको देखिन्छ । तर नेतृत्व पंक्तिमा रहेकाहरूले भने फाउण्डेसन मार्फत भण्डारीले बढाएको सक्रियतालाई चासोका साथ हेरेका छन् ।

'पूर्वराष्ट्रपतिको गतिविधि र निर्णय हेर्दा एमालेको आगामी नेतृत्वको तयारी जस्तो देखिन्छ, त्यसले स्वाभाविक रूपमा पार्टी अध्यक्षको चाहना राख्ने नेताहरूलाई झस्काएको हुनुपर्छ', एमालेका एक नेता भन्छन् ।

उनका भनाइमा, पूर्वराष्ट्रपति भण्डारीले सरकारी सुविधा नलिई बूढानीलकण्ठस्थित आफ्नै निवासमा बस्ने निर्णय लिएरै राजनीतिमा आउने सन्देश दिएकी थिइन् ।

'आवश्यक परे राजनीतिमा आउनकै निम्ति यस्तो निर्णय लिइएको बुझ्न गाह्रो छैन', ती नेता भन्छन् । नभन्दै, अहिले भण्डारीको निवासमा एमालेका प्रभावशाली नेताहरूदेखि कार्यकर्ता पंक्तिको भेटवार्ता बढ्दै गएको छ । 'उहाँको पृष्ठभूमिका कारणले पनि भेटघाट हुने भयो, अहिले त मदन भण्डारीको जन्मजयन्ती सप्ताह चलिरहेकाले अझ बढेको छ', बूढानीलकण्ठ निकट स्रोत भन्छ ।

एमाले नेता कृष्ण राई, पूर्वराष्ट्रपति भण्डारीको सक्रियतालाई अस्वाभाविक रूपमा हेर्न नहुने बताउँछन् । भण्डारीलाई राजनीतिमा आउन खुलेरै सहयोग गरिरहेका राई भन्छन्, '६१ वर्षकै उमेरमा निष्क्रिय बस्नुहोस् भन्यो भने कसैले मान्ला ? समकालीन राजनीतिमा यो प्रश्नको जवाफ दिने परिस्थिति छैन ।'

एमालेकै अर्को एक नेता, पूर्वराष्ट्रपति भण्डारीको राजनीतिमा आउने चाहनालाई साथ दिने नेताहरूको संख्या पार्टीभित्र बढ्दै गएको बताउँछन् । उनका अनुसार कर्णबहादुर थापा, खगराज अधिकारी, भानुभक्त ढकाल, आनन्द पोखरेल, शेरधन राई, विमला राई पौड्याल, डोरमणि पौडेल, गोकुल बाँस्कोटा लगायत नेताहरू पूर्वराष्ट्रपति भण्डारीलाई राजनीतिमा ल्याउन सक्रिय छन् ।

'अहिलेको राजनीतिमा उहाँ ( भण्डारी) लाई निर्विवाद रूपमा स्वीकार्दा पार्टीभित्र साझा नेतृत्व स्थापित हुन्छ' एमाले स्थायी कमिटी सदस्य थापा भन्छन् । केपी ओलीपछि अरू नेताहरू भन्दा विद्या भण्डारीले नेतृत्व गर्दा पार्टी एकताबद्ध हुने उनको तर्क छ । यद्यपि पूर्वराष्ट्रपति भण्डारीले राजनीतिमा आउने औपचारिक घोषणा र अस्वीकार पनि गरेकी छैनन् ।

पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा आउँदा पार्टी अध्यक्षकै संभावित पात्रका रूपमा हेरिनुको पछाडि भने उनको बलियो पृष्ठभूमि हो । पार्टीका पूर्वमहासचिव मदनकी पत्नी भण्डारी २०५१ देखि संसदीय राजनीति, २०५४ को छैटौं महाधिवेशनबाट केन्द्रीय सदस्य, त्यसपछि दुईपटक पार्टी उपाध्यक्ष र पटक-पटक मन्त्री भइसकेकी छन् । अझ तत्कालीन एमालेभित्र भण्डारी आवद्ध गुटकै नेताहरू अहिले पार्टी संस्थापन छन् ।

त्यही सामीप्यता र सम्बन्धकै कारण भण्डारी राष्ट्रपति हुँदा महत्वपूर्ण घटनाहरूमा विवादित भइन् । तेस्रोपटक राष्ट्रपति बन्न नपाइने संवैधानिक व्यवस्थाका कारण शीतलनिवासबाट बाहिरिँदै गर्दा पनि एमाले नेतृत्वलाई साथ दिएको आरोप लाग्यो ।

शृङ्खलाबद्ध पक्षधरताको आरोप खेपेकी भण्डारी पछिल्लो पटक नागरिकता विधेयकमा विवादित भइन् । २९ साउन २०७९ मा संघीय संसदले पारित गरेर पठाएको नागरिकता विधेयकलाई प्रमाणीकरण नगरेर १५ बुँदे संशोधनको सुझाव सहित फिर्ता गरेकी थिइन् । तर संघीय संसदको दुवै सदनले हुबहु पास गरेर प्रमाणीकरणका लागि २० भदौ २०७९ मा राष्ट्रपतिकहाँ पठायो ।

यसपटक संविधानको धारा ११३ ( ४) बमोजिम १५ दिनभित्र प्रमाणीकरण गर्नैपर्ने संवैधानिक बाध्यतामा पूर्वराष्ट्रपति भण्डारी थिइन्, तर प्रमाणीकरण गरिनन् ।

जबकि उक्त विधेयककै जस्तो प्रावधान राखेर ७ जेठ २०७८ मा ओलीले प्रधानमन्त्रीको हैसियतमा ल्याएको अध्यादेश भण्डारीले प्रमाणीकरण गरेकी थिइन् । योभन्दा बढी पक्षधरताको आरोप भण्डारीमाथि प्रतिनिधिसभा विघटनको अवधिमा लाग्यो ।

पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा आउँदा पार्टी अध्यक्षकै संभावित पात्रका रूपमा हेरिनुको पछाडि भने उनको बलियो पृष्ठभूमि हो । पार्टीका पूर्वमहासचिव मदनकी पत्नी भण्डारी २०५१ देखि संसदीय राजनीति, २०५४ को छैटौं महाधिवेशनबाट केन्द्रीय सदस्य, त्यसपछि दुईपटक पार्टी उपाध्यक्ष र पटक-पटक मन्त्री भइसकेकी छन् ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) भित्रको विवाद बढ्दै गर्दा ओलीले ५ पुस २०७७ मा संविधानले नदिएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा विघटनको निर्णय लिएका थिए । त्यसबेला नेकपाको ठूलै पंक्तिले ओलीको निर्णय सदर नगर्न आग्रह गरेको थियो । प्रतिनिधिसभा विघटनको तयारी ओलीले गरेको थाहा पाएर भीम रावल र पम्फा भुसाल संसद बैठक आह्वानको समावेदन लिएर १ पुस २०७७ मा शीतलनिवास पुगेका थिए ।

तर दिनभर रावल र भुसाल शीतलनिवास बस्दा पनि समावेदन दर्ता भएन । बरु चार दिनपछि ओलीले प्रतिनिधिसभा विघटन गरे, भण्डारीले सदर गरिन् । त्यो निर्णय ११ फागुन २०७७ मा सर्वोच्च अदालतले बदर गरिदियो ।

फेरि ७ जेठ २०७८ मा ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटनको निर्णय गरे । सर्वोच्चको फैसला अनुसार, प्रतिनिधिसभामा सरकार बन्ने अवस्था रहेसम्म विघटन हुन सक्दैनथ्यो ।

१३८ सांसद भए सरकार बन्ने भए पनि १६९ सांसदले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न दिएको निवेदन भण्डारीले अस्वीकृत गर्दै प्रतिनिधिसभा विघटनको बाटो खोलिदिइन् । मध्यरातमा ओलीले गरेको प्रतिनिधिसभा विघटनको निर्णय सदर गरिन्, जसले नेकपासँगै एमाले विभाजनको बाटो थप फराकिलो बनाइदियो ।

यसबाहेक नेकपाभित्र हुने मतभेदहरूमा पनि भण्डारीले सक्रियता देखाउने गरिन् । शीर्ष नेताहरूलाई शीतलनिवास बोलाएर आफ्नो कुरा राखिरहेपछि नेकपाभित्रै प्रश्न उठेको थियो ।

पछि त नेकपाभित्र खुलेर ओली पक्षधरलाई साथ दिने गरी भण्डारीले निर्णय लिन थालिन् । जस्तो-७ वैशाख २०७७ मा संवैधानिक परिषद् र दल विभाजन सम्बन्धी अध्यादेश ओलीले ल्याउँदा भण्डारीले सदर गरेकी थिइन् । जुन निर्णय नेकपा विभाजनलाई उत्कर्षतिर लैजाने महत्वपूर्ण मोड बन्यो ।

नेकपाभित्र ओली र ओलीसँगै पनि भण्डारीले राष्ट्रपतिको हैसियतमा भागबण्डा लिएको तथ्य लुकेन । मन्त्रिपरिषद्मा कोटा लिनेदेखि संवैधानिक नियुक्ति र मुख्यमन्त्री निर्वाचनमा समेत भण्डारीले भाग लिइन् । जसको बलियो उदाहरण हो, बागमती प्रदेशमा अष्टलक्ष्मी शाक्यलाई हराउँदै २०७४ मा डोरमणि पौडेल मुख्यमन्त्री हुनु । त्यसबेला पनि शाक्य एमाले उपाध्यक्ष थिइन् । तर हेटौंडाका पूर्वमेयर पौडेल प्रदेश संसदीय दलको नेता जित्दै मुख्यमन्त्री बने । यी घटनाक्रमबाट राष्ट्रपति भइरहँदै भण्डारी फेरि राजनीतिमा आउने तयारीमा रहेको थप पुष्टि हुन्छ ।

स्रोतका अनुसार, पूर्वराष्ट्रपति भण्डरीले शीतलनिवासबाट बाहिरिएपछि सक्रिय राजनीतिमा आउने संकेत सहित तेस्रो पुस्ताका नेताहरूसँग संवादलाई जोड दिएकी छन् । 'पार्टीलाई कसरी अगाडि बढाउने ? मदन भण्डारीको सपना कसरी पूरा होला भन्नेबारे नै कुरा हुन्छ', ती स्रोत भन्छन् ।

पछिल्लो समय भण्डारी जतिकै सक्रियता उनी निकट नेताहरूले पनि बढाएका छन् । उनीहरू पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा आउनुको चार उपलब्धि सुनाउने गर्छन् ।

'पहिलो उपलब्धि भनेको पार्टीभित्र देखिएको हानाथापको समस्या निराकरण हुन्छ', भण्डारी निकट एक नेता भन्छन् । अहिले पार्टीको मूल नेतृत्वबारे मतभेद नभए पनि बाँकी पदाधिकारी दुई ध्रुवमा विभाजित छन् । भण्डारी राजनीतिमा आउँदा त्यो ध्रुवीकरणले निकास पाउने ती नेताको तर्क छ ।

'विद्या भण्डारी पार्टी अध्यक्ष हुँदा महिला नेता पहिलो पटक देशको प्रधानमन्त्री बन्ने अवसर हुन्छ । तेस्रो, महिलाको ३३ प्रतिशत सहभागिता कार्यान्वयन सहज हुन्छ' ती नेता भन्छन्, 'अरू ठूलो पार्टीहरूलाई पनि नेतृत्वमा महिला लैजानुपर्ने दबाब पर्छ ।'

पार्टीभित्र आफ्नो पक्षधर नेताहरूको संख्या देखेर हौसिएकी पूर्वराष्ट्रपति भण्डारीले आफ्नो शक्ति आर्जनको माध्यम भने मदन भण्डारी फाउण्डेसनलाई नै बनाएकी छन् । त्यसको थालनी गत ८ वैशाखमा फाउण्डेसनको नयाँ नेतृत्व चयनबाट भएको छ ।

जेठी छोरी उषाकिरणले नेतृत्व गर्दै आएको फाउण्डेसनको अध्यक्षमा पूर्वमन्त्री एवं एमाले नेता महेन्द्र पाण्डे चयन भएका छन् । चीनका लागि पूर्वराजदूत रहिसकेका पाण्डेलाई नेतृत्वमा ल्याएर फाउण्डेसनलाई थप फराकिलो बनाउने उद्देश्य लिइएको एक सदस्य बताउँछन् । 'छोरी त त्यसै पनि लाग्नुहुन्छ नि ! अर्कै नेताले जिम्मेवारी लिंदा राम्रो हुन्छ भनेर हो', ती सदस्य भन्छन् ।



पाण्डे नेतृत्वमा आएपछि फाउण्डेसनलाई पालिका तहसम्म लैजाने गृहकार्य चलिरहेको छ । 'अहिले सात प्रदेश र ५४ जिल्लामा कमिटी छ, यसलाई पालिकासम्म विस्तार गर्ने कार्य चलिरहेको छ', मदन भण्डारी फाउण्डेसनका सचिव लामा भन्छिन् । एमालेकै नेताहरू रहेर पार्टीकै जस्तो कमिटी पालिका तहसम्म समानान्तर बन्न थालेपछि कतिपय जिल्लामा समस्या समेत देखिन थालेको छ ।

१४ वैशाखमा एमाले अध्यक्ष ओलीले इलाम पुगेर दिएको अभिव्यक्तिले फाउण्डेसनको गतिविधि एमालेभित्र समस्या बन्न थालेकै पुष्टि हुन्छ । 'कतिपय जिल्लाहरूमा म सुन्छु, मदन भण्डारी फाउण्डेसनलाई गतिविधि गर्न नदिने वा त्यसमा गतिविधि गर्दा गलत ढंगले सोच्ने '' ओलीले भनेका थिए, 'पार्टीका विरुद्ध यो मदन भण्डारी फाउण्डेसन जाँदैन, आशंका गर्न पनि हुँदैन ।'

जबकि इलाममै पनि फाउण्डेसनले समानान्तर गतिविधि गरेको प्रति जिल्ला पार्टी नेतृत्वले आपत्ति जनाएको थियो । तर एमालेको नेतृत्वसम्म पुग्न र पार्टीभित्र संकट पर्दा उपयोगी बनाएको फाउण्डेसनको विरोध गर्न ओलीलाई सजिलो छैन । त्यसमाथि अहिले पनि फाउण्डेसनको संरक्षक ओली नै हुन् ।

अब त्यही फाउण्डेसन मार्फत पूर्वराष्ट्रपति भण्डारीले सक्रियता बढाउने तयारी गरेको देखिन्छ । यस्तो संकेत राष्ट्रपति हुँदै भण्डारीले देखाएकी थिइन् । जस्तो- २५ असार २०७९ मा भण्डारीले शीतलनिवासमै फाउण्डेसनको प्रतिवेदन बुझेकी थिइन् । मुलुकको सर्वोच्च पदमा रहेर एउटा दल निकट व्यक्तिहरू आवद्ध संस्थाको प्रतिवेदन बुझ्नु प्रश्नयोग्य विषय थियो ।

शीतलनिवासबाट बाहिरिएपछि त राष्ट्रपति भण्डारी त्यही फाउण्डेसनमा सक्रिय छिन् । 'पार्टीको कार्यक्रममा हिंड्न मिलेन, त्यसैले पूर्वराष्ट्रपतिलाई यो राम्रो फोरम हो', भण्डारी निकट नेता भन्छन् । अर्थात् भण्डारीको चाहना र योजना पनि ओलीकै जस्तो फाउण्डेसनको जगमा राजनीतिक आधार निर्माण देखिएको छ ।

स्वास्थ्य, शिक्षा, वातावरण, अर्थशास्त्र, विकास र समाजका विविध आयामको अध्ययन, अनुसन्धान तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्य सहित सामाजिक संस्था भनेर २०५६ मा स्थापना गरिएको मदन भण्डारी फाउण्डेसनलाई ओलीले तत्कालीन एमालेभित्र आफ्नो गुटगत गतिविधि गर्न उपयोग गरेका थिए ।

१४ वैशाखमा ओलीले दिएको अभिव्यक्तिले पनि फाउण्डेसनको वास्तविक उद्देश्य बुझ्न सकिन्छ । त्यस दिन ओलीले भनेका थिए, 'मदन भण्डारी फाउण्डेसन अत्यन्तै प्रतिकूल अवस्थामा मैले खोलेको, मदन भण्डारी फाउण्डेसनको अहिले पनि संरक्षक म हो ।'

फाउण्डेसन खोलिरहँदाको राजनीतिक अवस्था प्रष्ट्याउँदै ओलीले भनेका थिए, 'माधव नेपालहरूले पार्टी कब्जा गरेका बेलामा, 'संगठन कब्जा भएका बेला ' विभिन्न ठाउँमा मदन भण्डारी फाउण्डेसन मार्फत मदन भण्डारीका विचारहरू जीवित राख्ने, पार्टीको वास्तविक मर्मलाई जीवित राख्ने काम गरिएको थियो ।' यो अभिव्यक्तिलाई त्यसबेला पार्टीको संस्थागत फोरम नभई फाउण्डेसन मार्फत गतिविधि भएको ओलीको स्वीकारोक्तिका रूपमा समेत बुझ्न सकिन्छ ।

त्यसबेला फाउण्डेसनको ब्यानरमा पार्टीभित्र समानान्तर गतिविधि चलाउने गरिएको टिप्पणी एमालेमा नौलो थिएन । २०७१ मा ओली पार्टी अध्यक्ष हुनुअघि फाउण्डेसनलाई गुटबन्दी चलाउने फोरमकै आरोप लाग्ने गर्थ्यो । नवौं महाधिवेशनमा माधव नेपाललाई हराएर ओली एमाले अध्यक्ष भएपछि फाउण्डेसनमा संलग्न नेताहरूले पाएको लाभको पद हेर्दा पनि उक्त संस्था बुझ्न थप सजिलो हुन्छ ।

एमाले अध्यक्ष बनेर ओली तीनपटक प्रधानमन्त्री भए भने विद्या भण्डारी दुईपटक राष्ट्रपति भइन् । देवराज घिमिरे प्रतिनिधिसभाका सभामुख छन् । हिक्मत कार्की कोशी प्रदेशका मुख्यमन्त्री र त्यसअघि मन्त्री भए ।

हिक्मत अघि शेरधन राई कोशीमा मुख्यमन्त्री रहे । एमाले उपाध्यक्ष शाक्यलाई हराएर डोरमणि पौडेल बागमतीको मुख्यमन्त्री बन्नुपर्ने अर्को बलियो तर्क एमाले नेताहरूसँग छैन । मन्त्री भइसकेका भानुभक्त ढकाल, महेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, आनन्द पोखरेल, महेश बस्नेत, विमला राई पौड्याल, दामोदर भण्डारी, छविलाल विश्वकर्मा लगायत नेता कुनै बेला फाउण्डेसनमै आवद्ध थिए ।

त्यसबेला मदन भण्डारीकी छोरी निशालाई अध्यक्ष मानेर फाउण्डेसनको सदस्य भएकाहरूले ओली अध्यक्ष भएपछि सांसद, संसदीय जिम्मेवारी र संवैधानिक नियुक्ति पाएको सूची निकै लामो बन्छ । निशालाई अध्यक्ष मानेर सदस्य बस्नेमध्ये त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. कुन्दन अर्याल केपी ओली प्रधानमन्त्री हुँदा प्रेस सल्लाहकार भए ।

चैतन्य शर्माले त्रिवि शिक्षा आयोगको अध्यक्षकै नियुक्ति पाए । शंकर भण्डारीले अनुदान आयोगको सदस्य सचिव, सोनाम शेर्पाले राष्ट्रियसभा सदस्य, जिवछ साहले मधेश आयोग सदस्य, सरोज यादवले मधेश प्रदेशमन्त्री, सोमनाथ प्यासीले कोशी प्रदेश प्रमुख, प्रा.डा. गणेशमान गुरुङले पोखरा विश्वविद्यालयको कुलपतिको नियुक्ति पाए ।

पार्टीको अध्यक्ष हुँदा समेत उपयोग गरेको फाउण्डेसनलाई केपी ओलीले नेकपाभित्र संकटमा पर्दा पनि सक्रिय बनाएका थिए । ५ मंसिर २०७६ मा प्रचण्डलाई नेकपाको कार्यकारी अध्यक्ष दिइएपछि १५-१९ माघ २०७६ मा राखिएको केन्द्रीय कमिटी बैठकमा ओली अल्पमतमा परे । ४४५ जना केन्द्रीय सदस्यलाई १५ समूहमा विभाजित गरी छलफल हुँदा ३ जना टोली नेता मात्रै ओली निकट थिए ।

त्यही बैठकबाट पार्टी विधानविपरीत वामदेव गौतमलाई उपाध्यक्ष मनोनीत गरियो । यी घटनाक्रमबाट झस्किएका ओली निकट नेताहरू २७ माघ २०७६ मा गौशालास्थित फाउण्डेसनको कार्यालय जम्मा भए । त्यहाँ भेला भएका ईश्वर पोखरेल, शंकर पोखरेल, विष्णु रिमाल, राजन भट्टराई, आनन्द पोखरेल लगायतले पार्टी कब्जा हुन लागेको भन्दै प्रतिरोधमा उत्रने निष्कर्ष निकालेका थिए ।

नेकपा फुटेपछि त ओली अल्पमतमा परे, फाउण्डेसनलाई वडा तहसम्म विस्तार गर्न नेताहरू परिचालित भए । विशेषगरी फाउण्डेसन मातहत रहेको मदन भण्डारी स्पोर्टस् एकेडेमीको विस्तार तीव्र पारिएको थियो, जहाँ युवाहरू आवद्ध हुन्थे । सर्वोच्च अदालतले २३ फागुन २०७८ मा नेकपाकै एकता प्रक्रिया भंग गरी एमाले ब्युँताएपछि भने एमालेकै कमिटी पुनर्गठनकै अभियान अगाडि बढ्यो ।

## भारतीय प्राध्यापकको एक टोली रातो मच्छिन्द्रनाथबारे अध्ययन गर्न ललितपुरमा

काठमाडौं । भारतको आसामबाट रातो मच्छिन्द्रनाथबारे सोधमूलक अध्ययन अनुसन्धान गर्न प्राध्यापक, विद्यार्थी लगायतको एक टोली ललितपुर आएका छन् ।

गुवाहाटी विश्वविद्यालय र कटन विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी, जनजाति अनुसन्धान संस्था र नर्थ इस्ट आशीवार्द फाउन्डेसनका अनुसन्धानकर्ता, लेखक, पत्रकार, कलाकार र सांस्कृतिक संगठनका गरी २२ जनाको टोली ललितपुर आइपुगेको ललितपुर महानगरपालिकाले जनाएको छ ।

बुङमती पुगेर उनीहरुले पुनर्निर्माण भइरहेका रातो मच्छिन्द्रनाथको मन्दिरको बारेमा जानकारी दिएको महानगरले जनाएको छ । उनीहरुले बुङमतीका अन्य सम्पदा, त्यहाँको पुरानो बस्ती र बस्तीको ऐतिहासिक पाटोका बारेमा पनि अभिरुचिपूर्वक सूचना र जानकारी लिएका थिए ।

ललितपुर महानगरले आयोजना गरेको नेपाको संस्कृति, कला र साहित्य तथा मच्छिन्द्रनाथ सम्बन्धी अन्तरक्रिया कार्यक्रममा आसामको गुवाहाटी विश्वविद्यालयका प्रा.डा. खगेन्द्र शर्माले रातो मच्छिन्द्रनाथ बारे अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिए ।

'विश्वविद्यालयबाट ३/४ वटा अध्ययन अनुसन्धान गर्नुपर्छ, त्यो रिसर्च नेपाल र भारत दुवैतिरका विश्वविद्यालयबाट गर्न सकिन्छ,' शर्माले भने । अनुसन्धानलाई विश्वभर फैलाउनुपर्ने सुझाव दिंदै उनले अंग्रेजी भाषामा मच्छिन्द्रनाथ बारेमा सामग्रीहरु तयार पार्नुपर्ने बताए ।

कटन विश्वविद्यालयका एसोसियट प्राध्यापक अम्बेश्वर गोगोइले अध्ययन अनुसन्धानले रातो मच्छिन्द्रनाथ बारेमा रोचक र नयाँ तथ्य पत्ता लाग्ने बताए ।

ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले रातो मच्छिन्द्रनाथको बारेमा अध्ययन अनुसन्धान गर्न महानगरले सहयोग गर्ने बताए । नगरप्रमुख महर्जनले रातो मच्छिन्द्रनाथको बारेमा नेपाली भाषमा थुप्रै अध्ययन सामग्री भएपनि अंग्रेजीमा नभएको स्वीकार गरे । पानेजु संघका अध्यक्ष यज्ञरत्न शाक्यले मच्छिन्द्रनाथको पूजा विधि र प्रक्रियाका बारेमा चर्चा गरेका थिए ।

## सम्पादकीय

# विद्युतीय भुक्तानी सुरक्षा र नागरिक अधिकार

आजभोलि चिया पसलदेखि ठूल्ठूला संस्थागत कारोवारका लागि परम्परागत नगद वा चेक भुक्तानीको सट्टामा विद्युतीय भुक्तानीका तरिकाहरु अपनाइन्छन् । जसमा क्यूआर, मोवाइल वालेट, कार्ड, कनेक्ट आईपीएस, आरटीजीएस जस्ता इन्टरनेट तथा कार्डमा आधारित माध्यमहरु प्रयोग हुन्छन् । चल्तीको शव्दमा भन्नुपर्दा डिजिटल पेमेण्ट अर्थात् विद्युतीय भुक्तानीको प्रचलन बढ्दो छ । सन् २०२० मा सुरु भएको कोभिड महामारीका कारण विद्युतीय भुक्तानीको विकास र प्रयोग झन् ह्वात्तै बढेको छ । नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार सन् २०२१ को जुलाइ महिनामा नेपालमा मोबाइल वालेट प्रयोगकर्ताको संख्या ८८ लाख ८५ हजार रहेकोमा जुलाइ २०२२ मा १ करोड ३६ लाखभन्दा बढी रहेको देखाएको छ । यो संख्या सन् २०२० को सोही समयमा करिब ६२ लाख ७४ हजार रहेको थियो । यसले पनि नेपालमा डिजिटल भुक्तानीको बढ्दो लोकप्रियतालाई देखाउँदछ । अहिले त केन्द्रीय बैंकले मुद्रा नै डिजिटल बनाउन अर्थात् डिजिटल करेन्सीको लागि अध्ययन एवं गृहकार्य गरिहेको छ । त्यसैले भुक्तानी प्रणालीमा अबको भविष्य भनेकै विद्युतीय भुक्तानी एवं कारोबारको हो ।

> **तीव्र रूपमा विकास भईरहेको विद्युतीय भुक्तानी कारोवार समग्र वित्तीय व्यवस्थाको हिस्सा बनिसकेको छ । यसको सुरक्षाको जिम्मेवारी राज्य, सेवा संचालनकर्ता तथा नागरिक सबैको हो ।**

तर इन्टरनेटको सहयोगमा हुने यी अनेकन भुक्तानीका माध्यमहरुको सुरक्षा जोखिम चुनौतीको विषय हो । नागरिकका हिसाबले आफ्नो जीवनको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, हिंडडुलको स्वतन्त्रता, सम्पत्तिको अधिकारको सुरक्षा सरह आफुले कमाएर बैंकमा जम्मा गरेको रकम अर्थात् पैसाको सुरक्षा उत्तिकै चासोको विषय हो । यो पनि उनीहरुको अधिकार हो, किनकि आफ्नो कमाइको पैसा त झन् महत्वपूर्ण सम्पत्ति हो । डिजिटल भुक्तानीको सुरक्षामाथि आउने चुनौतीले नागरिकलाई मात्र होइन कि सिंगो वित्तीय प्रणालीको सुरक्षालाई नै चुनौति थपिदिन्छ ।

कुनै पनि प्रकारका विद्युतीय कारोबारमा आबद्ध हुन प्रयोगकर्तासंग बैंक खाता हुनु अनिवार्य छ । बैंकखाता खोल्दा व्यक्तिका पहिचानका विवरणहरु लिइन्छ, जुन आजभोली डिजिटल माध्यमबाट पनि संकलन गरिन्छ र भौतिकरुपमा लिइएका विवरणहरु समेत डिजिटलाईज गरिएका हुन्छन् । बैंक खातालाई मोबाइल नम्बर वा अन्य डिजिटल भुक्तानीका माध्यमसन्ग अन्तरआबद्ध गराई विद्युतीय कारोबारलाई सहजीकरण गरिन्छ ।

विद्युतीय माध्यमबाट हुने कुनै पनि भुक्तानीको सुरक्षाको लागि प्रयोगकर्ता र सम्बन्धित सेवा प्रदायक जस्तै बैंक, वित्तीय संस्था, भुक्तानी प्रणाली संचालक, भुक्तानी सेवा प्रदायकहरु दुवै पक्ष सचेत हुनु आवश्यक छ । विद्युतीय भुक्तानीको सेवा प्रदान गर्ने संस्थाहरुमा ग्राहकहरुको सम्पूर्ण सूचना एवं तथ्यांक रहने हुँदा ती संस्थाहरुको सूचना प्रविधि प्रणालीको सुरक्षा व्यवस्था कस्तो छ भन्ने कुराले नै विद्युतीय भुक्तानीको सुरक्षा र नागरिकहरुको आफ्नो व्यक्तिगत विवरणको गोपनियताको साथै कारोबारको सुरक्षाको अधिकारको प्रत्यभूति गर्दछ ।

विद्युतीय भुक्तानी संचालन सम्बन्धी कार्यलाई नेपालमा मूलतः भुक्तानी तथा फर्स्योट ऐन, २०७५ ले कानुनी मार्गनिर्देश प्रदान गर्दछ । जस अन्तर्गत रही नेपाल राष्ट्र बैंकले नियमनकारी निकायकोरुपमा भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरुलाई अनुमति प्रदान गर्ने तथा नियमन गर्ने गर्दछ। नेपाल राष्ट्र बैंकले सोही ऐनले दिएको अधिकार प्रयोग गरी भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरुले विद्युतीय भुक्तानी सेवा संचालन गर्दा अपनाउनु पर्ने प्रणालीगत एवं संचालन जोखिम व्यवस्थापन सम्बन्धी मापदण्ड एवं निर्देशनहरु जारी गरेको छ ।

जस अनुसार विद्युतीय भुक्तानी संचालन गर्ने बैंक वित्तीय संस्था होस् वा अन्य अनुमतिप्राप्त संस्थाहरु सबैले भौतिक सुरक्षाको वातावरणका साथै सूचना प्रविधिको हार्डवेयर तथा नेटवर्क सुरक्षा, लजिकल एक्सेस कन्ट्रोल, कम्प्यूटर भाईरस तथा मालवेयर प्रोटेक्सन, ग्राहक तथ्यांकको गोपनियता, विश्वसनियता तथा गुनासो व्यवस्थापन, घटना घट्दा सहायता तथा सो को व्यवस्थापन, साईवर सुरक्षाा तथा साईवर प्रतिरोध, सूचनाको वर्गीकरण तथा पहँच व्यवस्थापन, समग्र प्रणालीको लेखापरीक्षण लगायत सुरक्षा र सुशासनको विविध विषय समावेश गरी स्पष्ट आन्तरिक नीतिगत प्रवन्ध एवं कार्ययोजना बनाई लागु गर्नु पर्दछ ।

विद्युतीय माध्यममार्फत हुने भुक्तानी कारोबारलाई सुरक्षित, भरपर्दो एवं विश्वसनीय बनाउन विद्युतीय कारोबार आधिकारिकता प्रमाणीकरणका लागि दुई तहको प्रमाणीकरणको (टु फ्याक्टर अथेन्टिकेशन) को व्यवस्था गर्नुपर्ने, सो कुरा प्रयोगकर्ताले कारोबारको लागि प्रयोग गर्ने उपकरण जस्तै मोबाईल, ल्यापटप, कम्प्युटरमा लगइन गर्दा र पासवर्ड परिवर्तन गर्दा  समेत आवश्यक हुने व्यवस्था गर्नुपर्दछ ।

अन्तर्राष्ट्रिय गुणस्तर मानक संस्था तथा अन्तर्राष्ट्रिय विद्युतीय प्रविधि आयोगले सूचना प्रविधि सुरक्षा सम्बन्धमा वृहद मापदण्डहरुको विकास तथा सिफारिश गरेको छ । जसलाई आइएसओ-आईइसी २७०० सिरिज पनि भनिन्छ । यस अन्तर्गतको आईएसओ २७००१ भुक्तानी प्रणालीको सुरक्षा मापदण्डसंग सम्बन्धित छ, नेपालमा संचालनमा रहेका भुक्तानी प्रणाली संचालन गर्ने संस्थाहरुले पनि यी मापदण्डहरुको पालना गर्नुपर्ने हुन्छ ।

भुक्तानी सेवा संचालन गर्ने संस्थाले पुरा गर्नुपर्ने मापदण्ड र नियमनकारी निकायको नियमनले मात्र पनि विद्युतीय भुक्तानी कारोबार सुरक्षित हुने होइन। त्यसको लागि सेवा प्रयोगकर्ता अर्थात तपाईं हाम्रो पनि उत्तिकै भूमिका रहन्छ । ह्याकरहरुले मात्र होइन, गलत मनासाय भएका व्यक्तिहरुले आम सर्वसाधारणलाई विभिन्न सामाजिक संजाल, टेलिफोन, इमेलमार्फत पिन नम्बर, पासवर्ड माग्ने, फुत्काउने कोशिस गर्ने गर्दछन्, जसबाट थप कुनै मेहनत नै नगरी खाताको रकम चोरी हुने गर्दछ । कहिले काँही व्यक्ति आफ्नै लापरवाहीले पासवर्ड, पिन नम्बर जस्ता सम्बेदनशील विवरण अरुलाई दिने गर्दा पनि जोखिम हुन्छ । त्यस्तै सरल र सहजै अनुमान गर्न सकिने पासवर्ड तथा पिन नम्बर राख्ने, लामो समयसम्म पासवर्ड तथा पिन नम्बर परिवर्तन नगर्दा पनि जोखिम हुन्छ । विद्युतीय प्रणाली भित्र रहेको आफ्नो विवरण तथा आफ्नो कमाईको पैसा सुरक्षा गर्न ग्राहक पनि सचेत हुनुपर्दछ ।

अतः तीव्र रुपमा विकास भईरहेको विद्युतीय भुक्तानी कारोवार समग्र वित्तीय व्यवस्थाको हिस्सा बनिसकेको छ । यसको सुरक्षाको जिम्मेवारी राज्य, सेवा संचालनकर्ता तथा नागरिक सबैको हो । तर मूल जिम्मेवारी फेरि पनि नियमनकर्ता र सेवा संचालनकर्ताको हुन्छ । यसमा सबैको ध्यान जानु आवश्यक छ ।

### लंकामा सुन छ कान मेरो बुच्चै

# प्राकृतिक स्रोतको धनी कर्णालीको हातमा कटौरा थमाउने काम नगरियोस् !

डी.बी. नेपाली

मानव सभ्यताको विकासको क्रममा राज्यहरु बनाउने या पहिलेका राज्यहरू भत्काएर नयाँ बुनाउने तथा जो राजा शक्तिशाली छ उसले अरु राज्यहरूमाथि आक्रमण गरी जितेपछि आफ्नु राज्यमा गाभ्ने काम सामन्ती शासन व्यवस्था चलिरहेको समयको चलनजस्तै भएको कुरा इतिहासले बताउँछ ।

मार्क्सको समाज विकासको स्वरुपबारे गरेको व्याख्यालाई आधार मान्ने हो भने उनले मानव सभ्यताको विकासको चरणलाई पाँच भागमा विभाजन गरेका छन् ।१.आदिम साम्यवादी युग, २. दास युग, ३. सामन्ती युग, ४.पुँजीवादी युग, ५. समाजवादी युग तथा साम्यवाद । मार्क्सकै भनाइलाई आधार मान्ने हो भने वर्तमान समाज पुजीवादी युगको चुचुरोमा झण्डा गाडेर राज गर्न सफल भएको देखिन्छ ।

वर्तमान मनुष्य पनि मानव सभ्यताको अत्यन्त विकसित, सभ्य र बैज्ञानिक युग भन्दै पुजीवादी व्यवस्थालाई समाजको उत्कृष्ट व्यवस्था स्वीकार गरेको छ भने समाजवाद र साम्राज्यवादको स्थापनाको ऐजेन्डा बोकेर हिजो पुजीवादले बहुसंख्यक जनताको शोषण गर्छ यसलाई ध्वस्त पारेर जनताको जनवादी सत्ता कायम गर्नुपर्छ भन्नेहरु पनि आज पुँजीवादी सत्ताको दलदलमा जाकिएर पुजीवादको एक सुत्रिए मन्त्र "एनि हाउ पैंसा कमाउ" को जप गर्दै पुजीवादी व्यवस्थालाई नै मलजल गरेर हुर्काउन लागि परेको देखिन्छ । हिजो मार्क्सको समाजवाद र साम्यवादको गोरेतो खन्न शुरु गरेका सोभियत रुस चीनले पनि आज समाज विकास र उन्नतिको सिखर चढ्ने सिढी पुजीवाद नै हो भनेर पुजीवादलाई अङ्गालेको छ । आदिम साम्यवादी युग, दास युग र सामन्ती युगको दाहसंस्कार गरिसकेको छ भने समाजवाद र साम्यवादी युगको बिउ (बिज) नै नहुने गरी हाइब्रिड पुजीवादी बीउ उत्पादन गर्न सफल भएको छ । शायद मार्क्सको समाजवाद र साम्यवाद यो पुजीवादी युग या सास्त्रले भने अनुसार कलियुगको अन्तपछि मात्रै हुन्छ कि भनेर कल्पना गर्न मात्रै सकिन्छ ।

यस्तै राज्य बन्ने र गाभ्ने क्रममा गोर्खाका राजा पृथ्वीनारायण शाहले पनि अहिलेको नेपालमा त्यो बेला थुप्रै साना–साना राज्यहरु अतिक्रमण गर्दै गोर्खा राज्यमा गाभ्दै गएर गोरखा राज्यलाई बिशाल नेपाल अधिराज्य बनाउन सफल भए र ब्रिटिशको आक्रमण अघि ग्रेटर नेपाल बनाउन सफल भए तर ब्रिटिशले इण्डिया छोडेर जाँदा सुघौली संधी गरेर नेपालको थुप्रै भुभाग इन्डियामा पारे भने उता इन्डिया र पाकिस्तान दुइटा देश बनाएर ८/९ सय राज्य हुँदाखेरि मिलेर बसेकाहरुलाई आजीवन एकअर्काका दुश्मन बनाएर गए । जसको फल आज हामी खाएर आपसमा मारकाट गर्दै जातीय र सिमानाको लडाइँ लडिरहेका छौं । एकअर्कालाई गाली र होचो देखाउने कब्बडी खेलिरहेका छौं । पुजीवाद पनि रुपान्तरण भएर नवपुजीवादमा प्रवेश गरेको छ । पुजीवादमा ९५% जनताको परिश्रम माथि ५% को रजाइँ हुन्थ्यो भने अहिले यो नवपुजीवादमा सकेसम्म केही निश्चित व्यक्तिको मात्रै अधिकार रहने अंझ भन्ने हो भने संयुक्त राष्ट्र संघ जस्तो संस्था खडा गरेर सम्पूर्ण राष्ट्रहरुलाई ग्लोबलाइजेशनको नाममा अमेरिकाको दास बनाउने खेल खेलिदै छ । चीनमा होस, रसियामा होस, इन्डियामा होस, जापानमा होस, कोरिया, मलेसिया या युरोप संसारभरि कुनै पनि कम्पनीले उत्पादन गरेको सामान अमेरिकाले आएसआइ मार्क दिएन भने जति राम्रो भए पनि संसारको मार्केटमा बेच्न पाइन्न, किसानले जति सुकै राम्रो अनाज उत्पादन गरे पनि एफडिएले प्रमाणित नगरे बेच्न पाइन्न, औषधी जतिसुकै फाइदाजनक भए पनि अमेरिकाले सर्टीफाई नगरे बेच्न पाइन्न ? संसारको मार्केट उसको हातमा, संसारको औषधीको मार्केट उसको हातमा, खाद्यान्न उसको हातमा, उद्योग उसको हातमा, राजनीति पनि लगभग लगभग उसैको हातमा अनि हामी व्यर्थै मेरो तेरो भनेर लडिरहेका छौं ? ब्रिटिशहरु आफै त खुम्चिए तर संसारमा फुटाउ र राज गर भन्ने नीतिको युनिभर्सिटीको भ्वाइस चान्सलर अमेरिकालाई बनाइ दिए । जो जसले जति स्वतन्त्रताको बखान गरे पनि,जति स्वतन्त्रता दिवस मनाए पनि संसारभरिका मान्छे हुन या उद्योगधन्दा, खाद्यान्न, औषधी उपचार लगायत संसारभरिका मान्छेको दैनिकी भनौं के गर्ने, के नगर्ने, के खाने के न खाने, कति बाँच्ने सबै अप्रत्यक्ष अमेरिकाकै हातमा छ भन्ने कुरा छर्लङ्ग छ । नवपुजीवादको एउटा मात्रै असल कुरा के छ भने सामन्ती राजमा जस्तो कुनै पनि राष्ट्रले अर्को राष्ट्रलाई लडेर जिते पनि हत्तपत्त आफ्नु राज्यमा गाभ्न सक्दैन केवल आफ्नु अनुकूलको सरकार बनाउन मात्र सक्छ । तर सामन्ती राजमा राज्य गाभ्ने चलन थियो त्यसैले गोर्खाली राजाहरुको पालामा नेपालका थुप्रै राज्यहरु युद्धमा जितेर बिशाल नेपालको निर्माण गरे त्यसैक्रममा जुम्ला राज्यलाई पनि केही पडोसी षड्यन्त्रकारी र राजाहरुलाई राजाको पद नखोसिने लोभ देखाएर उनिहरुकै षड्यन्त्रमा जुम्ला राज्य जितेर नेपालमा गाभ्न सफल भए । जुम्लासंग युद्ध लड्नु परेको कारण जुम्ला राज्य गोर्खा र पछि नेपाल राष्ट्रको सत्ताको सौतेनी व्यवहारमा पर्‍यो र त्यो मानसिकता र  वर्तमानमा आइ पुग्दाको राज्य व्यवस्थाको हेपाइमा पर्ने चलन जति सत्ता परिवर्तन भए पनि यथावत छ । सामन्ती शासन व्यवस्थाले सौतेला व्यवहार गरे पनि कर्णाली आफैमा सक्षम थियो । धनी थियो त्यसमा पनि अरु त त्यति थाहा भएन तर २०३४ सालमा जुम्लाबाट टुर्क्याएर बनाइएको जिल्ला कालीकोटको खास गरि रास्कोट एरियाबाट हाल चीनको स्वशासित क्षेत्र तिब्बतमा खाद्यान्न निर्यात हुने गर्थ्यो र उताबाट नुन आयात हुन्थ्यो । लुगालत्ता कपासबाट ठेटुवा बुनेर सिलाउने र ओढ्ने ओछ्याउने भेडा बाख्राको ऊनबाट बुनेका राडी पाखी र फेरुवा हुन्थे । केवल नुन मात्रै आयात गरिन्थ्यो । यो सिस्टम लगभग म बुझ्ने भैसक्दासम्म पनि जीवित थियो तर देशमा भएका राजनीतिक परिवर्तनले त्यो क्षेत्रको विकासको नाममा, शिक्षाको नाममा बिस्तारै त्यहाँका स्वाभिमानी जनतालाई परनिर्भर हुन बाध्य बनायो । खाद्यान्न, लुगाफाटो सबै बाहिरबाट आयात हुन थाल्यो, काम गर्नसक्ने युवाहरु काम खोजेर शहर या भारत तिर पलायन हुन थाले, शिक्षा हासिल गर्ने वहानामा पढ्न लेख्न चाहनेहरु पनि शहर तिर पलायन हुन थाले ,गाउँको सबै व्यवस्था भताभुङ्ग भयो । चाउचाउ, दारु र चुरोटले प्रवेश पायो अनि युवा र शिक्षित व्यक्ति त्यो ठाउँमा बस्नै नचाहने वातावरण बन्न पुग्यो यसरी आफैमा आत्मनिर्भर कर्णाली जागिरको लागि, शिक्षाको लागि, खाने लाउने कुराको लागि अरुको दास बन्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो र त्यो अहिलेसम्म पनि यथावत छ ।

कर्णाली कति धनी छ भन्ने कुरा त्यही कै शिक्षित वर्गले पनि भन्न डराउँछन् कि जस्तो लाग्छ । संसारमै त्यहाँको जस्तो मौसम कतै पाइन्न, त्यहाँको जस्तो जडिबुटी अन्त पाइन्न, त्यहाँको जस्तो नदि खोला र झरना पनि अन्त छैनन् जस्तो छ, संसारमै सबैभन्दा बढी र सस्तो विद्युत उत्पादन हुन सक्ने ठाउँ संसारमै अन्त छैन, त्यहाँको स्याउ र ओखर पनि अन्त फल्दैन, सबैभन्दा महंगो जडिबुटीमा यार्सागुम्बा पनि एक नम्बरको कर्णालीमा मात्रै पाउँछ, सिंजापति महाराजको अधिनमा रहेका सानासाना राज्य र कोटहरु पनि कर्णालीमा धेरै छन्, वर्तमानमा बोलिने या राष्ट्रिय भाषाको रुपमा एक नम्बरमा मान्यता पाएको र सरकारी कामकाजमा प्रयोग गरिने देवनागरी लिपि र खश भाषाको उद्गम स्थल पनि कर्णाली नै भन्ने सबैलाई थाह छ । मनुले मनु स्मृति लेखेको मान्म पनि कर्णालीमै पर्छ । यार्सागुम्बा लगायत चिराइतो, पदमचाल, बायाजडी, कटुकी, घोडामच्चोजस्ता लाखौंलाख जडिबुटीको भण्डार छ कर्णालीमा । लाखौंलाख भेडा र घोडाहरुलाई पाल्न सकिने बिशाल चरण क्षेत्रको भरमार छ, देवदार र धुपीसल्लो भुजपत्र, खर्शु बाँज आदि अत्यन्त उपयोगी र मजबुत काठहरुका जंगल प्रसस्तै छन् अग्ला हिमाल नभए पनि ४ हजार मिटरदेखि लगभग ७ हजार ३४८, चुरेन हिमाल ७३४८ मिटर, काञ्जिरोवा ६८८३ लगायत अन्य थुप्रै चुलि हिमालहरु जसमा धेरै जसो चुलिहिमालमा बडिमालिका, चुलिमालिका आदि चुलिहरुमा देवीहरुको वास छ यस्ता हिमाल धेरै छन् । प्रायः कर्णालीमा यस्तो कुनै हिमाल छैन जहाँ मान्छे जान नसकोस्, कर्णालीको सम्पूर्ण भुभागमा मान्छे सहजै पाइला टेक्न सक्छ । तर  त्यहाका शिक्षित र राजनीतिमा पहुँच भएका व्यक्तिहरुको मानसिकता कर्णालीलाई अति दुर्गम र गरिब देखाएर केन्द्रबाट बजेट पास गराएर सर्वदलीय भागबन्डा गर्ने काममा मात्रै ध्यान दिन्छन् । वास्तवमा कर्णालीको सही अध्ययन र वर्णन गर्ने हो भने यो ठाउँलाई जसरी विकट र दुर्गम बनाइएको छ त्यो वास्तवमै षड्यन्त्र गरिएको हो भन्ने पुष्टि गर्न काफी छ । नेपाल अधिराज्य मै सुगम, प्राकृतिक साधन र स्रोतको अथाह भण्डार भएको कर्णाली गरिब र विकट कसरी हुन सक्छ ? कर्णाली गरिब होइन कि हाम्रो आयातित शिक्षा, आयातित राजनीतिले हाम्रो मानसिकता नै दरिद्रताको बन्दी बनाएको छ । वास्तवमा कर्णालीको प्राकृतिक साधन स्रोतको सही उपयोय र व्यवस्थापन गर्न सक्ने र जान्ने हो भने एक्लै  कर्णाली प्रदेशले सिङ्गो राष्ट्रलाई सितैमा खाने लाउने व्यवस्था गर्न सक्ने  अथाह क्षमता छ । त्यहाँको जडिबुटी, जल उर्जा र त्यहाँका ऐतिहासिक स्थलहरु मन्दिर मौला र कोटहरु तथा ठुलाठुला पाटनहरुसंगै हिमालहरुको ऐतिहासिक विश्लेषण र वर्णन सहीत सही प्रचार प्रसार गर्न सक्ने हो भने  पर्यटकको घुइँचो लाग्ने अति रमणीय ठाउँहरु छन् । कालिकोट र बाजुराको सिमानामा बडीमालिकाको त्रिवेणी नजिग जिउलोको बहुत अनौठो सुन्दा पत्यार नलाग्दो वास्तविक कथा छ । त्यहाँ  धानका जिउला छन् र ती खेतमा काग हली, संटाल्ना (डाँग्री) गोरु र भंगेरा धान रोप्दै आएको भन्ने सुनिन्छ र खेत हेर्ने हो भने ठ्याक्कै मान्छेले रोपेकै जस्तो देखिन्छ । अंझ भाग्यमानी मान्छेले त धान फलेको बाला पनि भेटाउछन् । प्रकृतिका अनौठा र अपत्यारिला वास्विकताको खानी छ कर्णाली । कालिकोटको सदरमुकाम मान्मको नजिक चुलिमालिकाको वास्तविकता पुराना मान्छेको भनाइ अनुसार अकाल मरेको सुत्केरी घाम ताप्ने ठाउँ भनेर सबै ठाउँमा घाम अस्ताइसके पछि लाग्ने घामलाई सुत्केरी घाम भन्ने गरेको सुनिन्छ तर एकजना राजनीतिक नेताले भने अनुसार चुलिमालिकाको घाम चौबिसै घण्टा कहिलै अस्ताउन्न रे यो कुरा यथार्थ हो भने यो एउटा अत्यन्त महत्वपूर्ण शोधको बिषय हुन सक्छ र यो कुरा पुष्टि गर्न सके विश्व भरिका शोधकर्ताको अनुसंधानको थलो बन्न सक्छ र यो कुरा प्रमाणित भयो भने संसारभरिका पर्यटकहरुलाई तान्न पनि सफल हुन सक्छ ? मानव सभ्यताको इतिहास कर्णालीसँग छ, भाषाको जन्म थलो कर्णालीमा छ, भगवान शिव र इन्द्रको राज्य पनि कर्णाली मै हो, मनु स्मृति लेखिएको कर्णाली मै हो, गोरखनाथको अवतारको रुपमा जन्म लिएका राष्ट्रगुरु योगी नरहरिनाथको जन्म थलो कर्णाली नै हो, बाह्र भाइ मष्टो, चन्दननाथ भैरवनाथ, सिमनाथ लगायत नवदुर्गा भवानीका नौवटै माइहरुको बास स्थल पनि कर्णाली नै देखिन्छ । नेपालको सबैभन्दा ठुलो र अति सुन्दर ताल राराताल ,सबैभन्दा गहिरो ताल से फोक्सुनडो ताल  जस्ता तालहरु, पाँचाल झर्ना लगायत अन्य झर्नाहरु, तातो पानी, गुफाहरु कर्णाली मै छन् । इन्डियाबाट कैलाश जानको लागि सबैभन्दा छोटोबाटो पनि कर्णाली भएरै जान्छ । वर्तमान काठमाडौंको नाम पनि जुम्लाको राजाले यहाँ केही समय शासन चलाउनुपर्ने भएकोले जुम्लाबाटै एउटा रुखको काठ ल्याएर काठको माडु बनाएकोले पछि काठको माडु(मन्दिर) बाटै काठमाडौं बन्न गएको भन्ने इतिहास छ । दक्षिण तिरबाट मुस्लिमहरुले लुटपाट र अतिक्रम गर्दै आए पछि जुम्ला कै राजा वत्स शाहीले तैमुरलंगको टाउको तलवारले रेटेर मारे पछि मुस्लिम अतिक्रमको अन्त भएको इतिहास छ । कर्णालीको धनको खानी पहिचान गर्न सकेर त्यसको सही व्यवस्थापन गर्न सक्ने सरकार, नागरिक र मिडियाले चासो लिएर मिलेर लागि पर्ने हो भने केवल कर्णालीको पानी मात्रै बेचेर कर्णाली सिङ्गो नेपाल पाल्न सक्छ । अरवियन एक डलरमा तेल बेचेर सुनको गाडी र सुनको महलमा बस्छन् भने चार डलरमा बिक्ने खाने पानी मात्रै  संसारमा सप्लाइ गर्न सक्ने हो भने कर्णाली कति धनी बन्न सक्छ भन्ने कर्णालीका कुनै पनि राजनीतिक दलका नेता, कार्यक्रता र सामाजिक अभियन्ता एवं मिडिया कर्मी अहिलेसम्म अनभिज्ञ छन् जस्तो लाग्छ । आफुसँग भएको सम्पत्ति र क्षमताको पहिचान गर्न नसकेर काठमाडौंको हवा तापेर बसेको जस्तो लाग्छ । उल्टै विकासको नाउमा संरक्षण गर्नु पर्ने ऐतिहासिक स्थलहरु कोट, मौला भत्काउदै, मनुले मनुस्मृति रचेको ढुंगा फुटालेर इतिहास ध्वस्त पार्ने क्रिश्चियनको षड्यन्त्रका सिकार बनेको देखिन्छ । लंकामा सुन छ कान मेरो बुच्चै भने जस्तै अथाह सम्पत्तिको धनी कर्णालीलाई  ब्रिटिश मानसिकताको दास बनाएर गरिब र दुर्गम भन्दै भिख माग्ने चलन अब बन्द गर्नुपर्छ, अब कर्णाली जाग्नुपर्छ ।

यहाँका हिमाल, ताल, झरना र ऐतिहासिक स्थलहरुको संरक्षण गर्दै जडिबुटी र उर्जा आदिको बारेमा व्यापक प्रचार प्रसार गर्दै स्थानीय सरकार र कर्णालीका जनताले कर्णालीको वास्तविक पहिचानसहित कर्णालीलाई हातमा कचौरा थमाएर भिख माग्ने होइन सिङ्गो राष्ट्रलाई पाल्न सक्ने क्षमताको विकास गराउन जरुरी देखिन्छ ?

# नेकपा एमालेलाई प्रदेश अधिवेशनको चटारो

काठमाडौं । नेकपा एमालेलाई प्रदेश अधिवेशनको चटारोले छोएको छ । आगामी भदौ महिनाभित्र सातै प्रदेशमा प्रदेश कमिटीको अधिवेशन सम्पन्न गर्नुपर्ने केन्द्रको निर्देशनपछि सो पार्टीका नेता कार्यकर्तालाई प्रदेश अधिवेशनको चटारोले छोएको हो । प्रदेश अधिवेशन सकिएलगत्तै एमालेले जिल्ला, गाउँ र वडा अधिवेशन पनि सम्पन्न गर्दैछ ।

पहिलो पटक प्रदेश अधिवेशनमार्फत् एमालेले प्रदेशको नेतृत्व चयन गर्न लागेको हो । जसमा सदस्य सङ्ख्याका आधारमा प्रत्येक प्रदेशमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव-२ र सदस्यहरू निर्वाचित हुनेछन् । यसअघि एमालेले प्रदेश कमिटी मनोनयनमार्फत् चयन गरेको थियो ।

पार्टी सुदृढीकरण तथा संगठन विस्तार अभियानलाई विशेष प्राथमिकता दिएको एमालेले अधिवेशनहरूबाट विद्यमान भद्दा कमिटीहरूको गुणात्मक सुधार गर्ने दाबी गरेको छ । प्रदेश अधिवेशनको व्यवस्थापनको जिम्मेवारी प्रदेश पदाधिकारीहरू र जिल्ला अध्यक्षलाई प्रदान गरेको सो पार्टीले चुनिएर आउनेलाई मात्रै प्रदेश अधिवेशनमा प्रतिनिधि बनाउने व्यवस्था गर्ने जनाएको छ ।

त्यसका लागि अहिले एमालेले गाउँपालिकाहरूबाटै सदस्यता नवीकरण र प्रमाणीकरणको काम धमाधम गरिरहेको छ । सदस्यता प्रमाणीकरणको अन्तिम निर्णय संगठन विभागमार्फत पार्टी केन्द्रले नै लिनेछ । एमाले उपमहासचिव विष्णु रिमालले एमालेले सार्वजनिक गरेको वार्षिक कार्यक्रमअन्तर्गत अधिवेशन हुन गइरहेको बताए । 'वार्षिक कार्यक्रमअन्तर्गत धेरै कार्यक्रमहरू छन् । पहिलो सदस्यता वृद्धि गर्ने हो । त्यसमध्येको एक काम विभिन्न पार्टी कमिटीको अधिवेशन हुन गइरहेको छ । अधिवेशन भदौमा प्रदेशबाट सुरु भएर चैतमा वडासम्म पुग्छ', रिमालको भनाइ छ ।

एमालेले भदौभित्र प्रदेश अधिवेशन सम्पन्न गर्ने निर्देशन जारी गरे पनि अहिलेसम्म मधेस, कर्णाली र सुदूर प्रदेशमा मात्र अधिवेशनको मिति तोकिएको छ । त्यसबाहेकका प्रदेशले अधिवेशन मिति नै तोक्न सकेका छैनन् । कर्णाली प्रदेशको अधिवेशन भदौ २९ र ३० गते गर्ने निर्णय प्रदेश कमिटीले गरिसकेको छ । असार ४ गते बसेको प्रदेश कमिटीको बैठकले भदौ २९ र ३० मा अधिवेशन गर्ने निर्णय गरेको एमाले कर्णाली प्रदेश अध्यक्ष विनोदकुमार साहले जानकारी दिए ।

उनका अनुसार अधिवेशन प्रदेश राजधानी वीरेन्द्रनगरमा हुने छ । साहले केन्द्रीय निर्देशनअनुसार असार १५ गतेसम्म पार्टी सदस्यता नवीकरण गरिसकेको र असार २९ सम्म सबै जिल्ला कमिटीको बैठक बसेर मसान्तसम्म प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम गर्ने तयारी गरिरहेको बताए ।

त्यस्तै सुदूरपश्चिम प्रदेशका एमाले अध्यक्ष दामोदर भण्डारीले भदौ २२ र २३ गते प्रदेश अधिवेशनको मिति तोकिएको जानकारी दिए । असार ८ गते बसेको प्रदेश कमिटी बैठकले उक्त मिति तोकिएको भण्डारीको भनाइ छ ।

'भदौ २२ र २३ धनगढीमा प्रदेश अधिवेशन हुने गरी मिति तय भएको छ', उनले भने, 'पार्टी सदस्यता नवीकरण असार १५ मा तय गरेकोमा तलबाट आउने क्रम जारी नै छ, त्यो टुंगिएपछि त्यसको आधारमा कुन जिल्लामा कति पार्टी सदस्यता नवीकरण भयो सोही आधारमा प्रतिनिधिको मापदण्ड तय गर्छौं ।' त्यसपछि अधिवेशन सम्पन्न गर्ने प्रयोजनका लागि विभिन्न उपसमितिहरू गठन गरेर अघि बढ्ने भण्डारीको भनाइ छ ।

यता, एमाले कोशी प्रदेश अध्यक्ष तुलसी न्यौपानेले अहिले सदस्यता नवीकरणको काम भइरहेको भन्दै नवीकरण सकेर प्रमाणीकरण भएपछि अधिवेशनको मिति तोकिने बताए ।

'अहिले जिल्लाहरूमा सदस्यता नवीकरणको काम भइरहेको छ । नवीकरणपछि प्रमाणीकरणको काम सकेर मिति तोकिन्छ', अध्यक्ष न्यौपानेले भने, 'तोकिएको मिति भदौभित्रै अधिवेशन सम्पन्न गर्छौं ।'

यस्तै, पार्टी केन्द्रले भदौभित्र प्रदेश अधिवेशन सक्न निर्देशन दिए पनि मधेस प्रदेशले भने असोजमा अधिवेशन गर्ने मिति तोकेको छ । एमाले मधेस प्रदेशका उपाध्यक्ष रेवती पन्तले असोज ५ र ६ गते प्रदेश अधिवेशन हुने बताए । उनले केन्द्रसँगको सल्लाह अनुसार नै असोज ५ र ६ को अधिवेशन मिति तय गरेको भन्दै अध्यक्ष केपी शर्मा ओलीको समेत समयलाई ख्याल गरेर उक्त मिति तय गरिएको बताए ।

'असोज ५ र ६ पहिलो हप्तालाई पनि भदौ महिना नै मान्न सकिने गरी केन्द्रसँगको सुझावमै यो मिति तय गरेको हो', उपाध्यक्ष पन्तले बताए । उनले सदस्यता नवीकरणको काम सकिएको भन्दै त्यसको रुजु भइसकेपछि अन्य कामले तीव्रता पाउने पनि बताए ।

यसैगरी, एमाले बागमती प्रदेश कमिटीका अध्यक्ष केशवराज पाण्डेले गाउँपालिकाहरूमा सदस्यता नवीकरणको काम सकिएकाले अव प्रदेश कमिटी बैठक बसेर अधिवेशनको मिति तय गर्ने जानकारी दिए ।

# वाल्मीकिले रामलाई अयोध्यामा जन्माउनु र मिथिलाकी सीतासित विवाह गराउनु साहित्य मात्र हो ?

हिन्दी फिल्म 'आदिपुरुष'मा 'जानकी भारतकी छोरी हुन्' भन्ने आशयको संवाद रहेको भनी यतिबेला नेपालमा चर्को आलोचना भइरहेको छ । संघीय राजधानी रहेको महानगरका मेयर बालेन शाहले उपरोक्त संवाद नसच्याएसम्म महानगरका हलमा हिन्दी फिल्मलाई प्रतिबन्ध गरेपछि यो मुद्दा अदालतसम्मै पुग्यो ।

यहाँ हामी राम-जानकीको वंश र राज्य नियाल्दै छौं । यसका लागि सर्वप्रथम रामायणको चर्चा गर्नुपर्ने हुन्छ । रामायणको रचना गर्ने महर्षि वाल्मीकि संस्कृत भाषाका आदिकवि मानिन्छन् । विभिन्न भाषामा रामायणलाई लिएर अनेक कथा छन् ।

सत्यकेतु विद्यालंकारको पुस्तक 'प्राचीन भारत : प्रारंभ से १२०६ ईश्वी तक' अनुसार, रामायण महाकाव्य जुन रूपमा आज उपलब्ध छ, त्यो अविकल (जस्ताको तस्तै) रूपमा वाल्मीकिको रचना होइन । यसमा सन्देह छैन, प्रारम्भमा वाल्मीकिले रामको चरित्रलाई काव्य रूपमा लेखेका थिए । यही काव्यकै आधारमा पछि रामायणको रचना भयो ।

वाल्मीकि र राम समकालीन थिए । विभिन्न विद्वानका अनुसार मुनि वाल्मीकि भार्गव वंशका थिए । विद्यालंकार लेख्छन्, 'अन्य विद्वानले उनलाई आर्यभन्दा भिन्न कुनै जातिका मान्थे । अहिले भंगी जाति ( भारतका एक अछुत जात)ले वाल्मीकिको पूजा गर्छन् । भंगीहरूमा विद्यमान अनुश्रुतिलाई महत्व दिने हो भने, यो स्वीकार गर्नुपर्छ – वाल्मीकि ब्राह्मण नभएर आर्यभन्दा भिन्दै कुनै जातिका थिए । जसको वर्तमान प्रतिनिधि भंगी जातिहरू हुन् ।'

पौराणिक अनुश्रुतिका अनुसार, पहिलो आर्यराजा वैवस्वत मनु थिए । उनका एक छोरी र आठ छोरा भए । यिनका जेठा छोरा इक्ष्वाकु मध्यदेशका राजा बने, जसको राजधानी अयोध्या थियो । इक्ष्वाकुबाट प्रारम्भ भएको सूर्यवंशमा राजा दिलीप, रघु दशरथ र राम जन्मिए ।

इक्ष्वाकुका जेठा पुत्र विकुक्षि अयोध्याको राजगद्दीमा बसे भने कान्छा पुत्र निमिले अयोध्या र वैशालीको बीचमा एउटा राज्यका स्थापना गरे, जसको राजधानी मिथिला थियो । विद्यालंकार लेख्छन्, 'यस नगरीको नाम निमिका वंशज मिथिको नामबाट रहेको हो ।' मिथिलाका यही वंशका राजा पछि जनक कहलिन लागे । 'जन'को क्रमागत उपाधि जनक हुन्थ्यो ।

दीक्षित लेख्छन्, 'वैदिक जनको पूर्वाभियान इतिहासमा गंगा नाघेर गंगा-यमुना मैदानमा प्रवेश निकै पछिल्लो समयमा भएको हो । रामकथा त्योभन्दा पहिलेको थियो । वाल्मीकिले रामलाई अयोध्यामा जन्माउनु र मिथिलाकी सीतासित विवाह गराउनु साहित्य मात्र हो ।'

मदनमणि दीक्षितको पुस्तक 'द्रौपदी र सीता : दुइ युगका दुइ व्यक्तित्व'मा सीताको वंशावली दिइएको छ ।

उनी लेख्छन्, 'इक्ष्वाकुका छोरा विकुक्षिबाट रामको वंशावली सुरु भएको थियो भने सीताको वंश विकुक्षिका भाइ निमिबाट सुरु भयो । निमि आठौँ आदित्य विवश्वानका छोरा मनुका नाति थिए । निमि मिथ मिथिला देशका संस्थापक र जनक कुलका प्रथम व्यक्ति हुन्, यिनलाई विदेह पनि भनिन्थ्यो । त्यसैकारण मिथिलालाई विदेह पनि भनिन्छ ।'

दीक्षितका अनुसार, जनकका सबै नाति-पनातिहरू पुस्तौँपुस्तासम्म जनक भनिँदै गए । राम र सीताका पिता शीरध्वज जनक सूर्यवंशी थिए । 'राम कथा कौरव वंशभन्दा पहिलेको हो । त्यो युगमा अन्तर्गोत्रीय र बहिर्गोत्रीय विवाह निकै छ्यासमिस अवस्थामा रहेको देखापर्छ,' दीक्षित लेख्छन्, 'वैदिक जनको पूर्वाभियान इतिहासमा गंगा नाघेर गंगा-यमुना मैदानमा प्रवेश निकै पछिल्लो समयमा भएको हो । रामकथा त्योभन्दा पहिलेको थियो । वाल्मीकिले रामलाई अयोध्यामा जन्माउनु र मिथिलाकी सीतासित विवाह गराउनु साहित्य मात्र हो । कुशध्वज जनकले खेत खन्दा सीता फेला परिन् । त्यो कथाको मिथकीय पक्षलाई एकैछिन पर सारेर हेर्दा सीताको जन्म ती जनकको प्रदेशमा कृषिको प्रारम्भिक विकाससित जोडिएको देखिन्छ ।'

दीक्षितका अनुसार, सीताको बाल्यकाल प्रायः अज्ञात छ । उनका पिताका घरमा लाक्षणिक अर्थात् हस्तरेखा र कुण्डली हेर्नेहरू आउँथे । सीतालाई एकान्त जीवन र वन विचरण मन पर्थ्यो । लाक्षणिकहरू सीताको हस्तरेखा हेरेर भविष्यवाणी गर्थे – 'तिमीले वनमा बस्नुपर्नेछ ।'

केही लाक्षणिकले सीतालाई भन्थे – पति-पुत्रवती, सौभाग्यवती, राजमहिषी हुनेछ्यौ ।

महात्मा बुद्धको समयमा प्राचीन १६ जनपदको उल्लेख पाइन्छ- अंग, मगध, काशी, कोशल, वृजि या वज्जि, मल्ल, वत्स, चेदि, पंचाल, कुरु, मत्स्य, शूरसेन, अश्मक, अवन्ति, गान्धार र कम्बोज ।

यीमध्येको कोशल कोशल देशको राजधानी श्रावस्ती थियो भने, दोस्रो प्रसिद्ध नगर साकेत (अयोध्या) थियो । यस जनपदको पश्चिममा पाञ्चाल जनपद, पूर्वमा सदानीरा (गण्डक) नदी, उत्तरमा नेपालको पर्वतमाला र दक्षिणमा स्यन्दिका नदी पर्थ्यो भनी विद्यालंकारले उल्लेख गरेका छन् ।

यस्तै, वज्जि महाजनपदमा आठ गणराज्य सम्मिलित थिए, जसमा विदेह राज्य पनि पर्थ्यो, जसको राजधानी मिथिला थियो । अजातशत्रुको आक्रमणपछि वज्जिको राजधानी वैशालीबाट लिच्छविहरू नेपाल खाल्डो (काठमाडौं) पसेको भनिन्छ ।

धर्मले अचेल व्यावसायिक रुप लिन थालेको छ, अर्थात् आज भारतीयले धार्मिक पर्यटनबाट फाइदा लिने उद्देश्यले सीता र बुद्धलाई आफ्नो देशको भन्न थालेका छन् । त्यस्तै प्रकारका कला, साहित्यको सिर्जना गरिरहेछन्, तर आफ्ना सिर्जनामा सामाजिक न्यायलाई भने कम ध्यान दिन्छन् ।

अझै पनि भारत र नेपालमा जातीय विभेद तथा छुवाछुत छ । शूद्र भएर तपस्या गऱ्यो भनी रामले शम्बूक ऋषिको हत्या गरेको प्रसंग रामायणमा छ । यो प्रसंग पछि थपिएकै किन नहोस्, यसले समाजमा सदियौँदेखि जातीय छुवाछुत कायम राख्न सघायो । मानिसहरु पुराना शास्त्रमाथि विश्वास गर्छन् । हामीले थुप्रै पुराना विभेदकारी विश्वासलाई हटाउन नयाँ ढंगले पौराणिक साहित्यको व्याख्या गर्नुपर्नेछ, यसबारे युवाहरुलाई बुझाउनुपर्नेछ । र, धार्मिक तथा सांस्कृतिक पर्यटनका माध्यमबाट फाइदा लिन हामी पनि केन्द्रित हुनुपर्नेछ ।

# आफ्नै वचनमा अडेनन् राष्ट्रपति, नियम विपरीत लिए ५५ लाख उपचार खर्च

काठमाडौं । सरकारले विशिष्टहरुको उपचार खर्च व्यहोर्न नेपालमा उपचार सम्भव नहुने मेडिकल बोर्डबाट सिफारिस लिनुपर्ने हुन्छ । त्यसैको आधारमा सरकारले तिनको स्वास्थ्य उपचार बापतको खर्च व्यहोर्ने गर्छ ।

सादगी नेता भनेर चर्चा गरिएका राष्ट्रपति रामचन्द्र पौडेल गत वैशाखमा उपचारका लागि दिल्ली जानुअघि मेडिकल बोर्डबाट सिफारिस लिएका थिएनन् ।

छातीको समस्याले उपचारका लागि ६ वैशाखमा दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) गएका राष्ट्रपति पौडेल १७ वैशाखमा नेपाल फर्किएका थिए ।

पौडेल नेपाल फर्किएपछि उनको सचिवालयले १९ वैशाखमा एउटा वक्तव्य जारी गर्दै भन्यो, 'उपचारका क्रममा भएको खर्च राष्ट्रपति स्वयंले बेहोर्न चाहेको कुरा जानकारीका लागि अवगत गराइन्छ ।'

तर, १२ असारको मन्त्रिपरिषदमा उनको उपचार खर्च सम्बन्धी प्रस्ताव गएसँगै खुल्यो- खासमा राष्ट्रपतिले उपचार खर्च चुक्ता गर्न यसबीचका दुई महिनामा कुनै पहल नै गरेका रहेनछन् ।

राष्ट्रपति पौडेलको उपचारमा लागेको ५५ लाख २ हजार २७९ रुपैयाँ सरकारले व्यहोर्ने निर्णय गरेको परराष्ट्र मन्त्रालयका लेखा शाखाका उपसचिव भेषप्रसाद भुर्तेलले अर्थ मन्त्रालयमा लेखेको पत्रमा उल्लेख छ ।

मन्त्रिपरिषद्को निर्णय १५ असारमा परराष्ट्र मन्त्रालयमा पुगेको र परराष्ट्रले १८ असारमा सचिवस्तरबाट निर्णय गरेर अर्थ मन्त्रालयसँग निकासा मागेको हो ।

'राष्ट्रपतिको सचिवालय तथा परिवारका सदस्यको समेत दैनिक भ्रमण भत्ता कटाएर हवाई भाडा र उपचार खर्चको मात्रै बिल स्वीकृत भएको छ, त्यहीअनुसार १८ असारको साँझ सचिवस्तरबाट निर्णय गरेर (अर्थ मन्त्रालयसँग) निकासा मागिएको हो', परराष्ट्र मन्त्रालय स्रोतले भन्यो ।

मन्त्रिपरिषदको निर्णयका आधारमा राजनीतिक व्यक्तिले मनलाग्दी उपचार खर्च लिने प्रचलन बढेपछि जनस्वास्थ्य ऐन-२०७५ ल्याइएको थियो, जसमा नेपालमा सम्भव भएका उपचारका लागि विदेश जाँदा उपचार खर्च नव्यहोर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३० मा कुनै पनि व्यक्तिले विदेशमा उपचार गरेमा सरकारले खर्च उपलब्ध नगराउने भनिएको छ । 'कुनै पनि व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा उपचारका लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइने छैन', दफा ३० मा भनिएको छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको सेवा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ९ मा पनि नेपालमा उपचार हुन नसकेमा मेडिकल बोर्डको सिफारिसमा विदेशमा उपचार गराउँदा लागेको उपचार खर्च सरकारले व्यहोर्ने उल्लेख छ ।

'राष्ट्रपति वा उपराष्ट्रपति स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्नेछ', ऐनमा भनिएको छ ।

यसरी, राष्ट्रपति वा उपराष्ट्रपति अस्पताल भर्ना भई उपचार गराउँदा कुरुवा बस्नुपर्ने भएमा कुरुवा खर्च बापत तीन जनासम्मको मनासिब खर्च सरकारले उपलब्ध गराउने पनि उल्लेख गरिएको छ ।

तर राष्ट्रपति पौडेललाई उपचारका लागि भारत लैजाँदा मेडिकल बोर्डको स्वीकृति लिइएको थिएन । वीर अस्पतालका निर्देशक एवं अध्यक्ष रहने मेडिकल बोर्डमा वीर अस्पतालकै मेडिकल र सर्जिकल विभागका प्रमुख पदेन सदस्य रहन्छन् ।

बोर्डका अध्यक्ष डा. सन्तोष पौडेलले सरकारी खर्चमा उपचारका लागि विदेश जानुपरेमा उपचारमा संलग्न चिकित्सकले सिफारिस गर्नुपर्ने र त्यही सिफारिसका आधारमा बोर्डले निर्णय गर्ने प्रचलन रहेको बताउँछन् । तर राष्ट्रपति पौडेलको उपचारमा संलग्न चिकित्सकबाट त्यस्तो सिफारिस नआएको उनले बताए ।

स्वास्थ्य मन्त्रालयका एक अधिकारी भने राष्ट्रपति पौडेललाई उपचारका लागि भारत लैजाँदा मेडिकल बोर्डबाट सिफारिस नलिएका कारण उपचार खर्च राज्यले ब्यहोर्न नहुने बताउँछन् ।

'नियमले राष्ट्रपति पौडेलको उपचारमा लागेको खर्च मेडिकल बोर्डबाट सिफारिस नलिएका कारणले आफैंले नै व्यहोर्नुपर्ने हो', ती अधिकारी भन्छन् ।

'उपचार नेपालमै सम्भव थियो'

नेपालमा उपचार सम्भव नभएको अवस्थामा विदेश जानुलाई अन्यथा भन्न मिल्दैन । तर, नेपालकै अस्पतालमा उपचार हुने रोगको लागि पनि विदेश जाने क्रम बढिरहेको छ ।

राष्ट्रपतिले उपचार गराएको भारतको अस्पताल एम्सबाटै छाती रोग विषयमा डीएम उपाधि हासिल गरेका तीन जना वरिष्ठ कन्सल्ट्यान्टहरु वीर अस्पतालमा कार्यरत छन् ।

'वीर अस्पतालमा छातीको उपचारका लागि छुट्टै विभाग समेत छ । एम्सबाटै छाती रोग विषयमा डीएम उपाधि हासिल गरेका अब्बल चिकित्सक छन् । छातीरोगको परीक्षण गर्न अत्याधुनिक उपकरण पनि छ', यसबारे जानकार एक चिकित्सक भन्छन् । तर राष्ट्रपतिको पौडेललाई उपचारका लागि भारत लैजाँदा उनका निजी चिकित्सक छातीरोग विशेषज्ञ डा. निरज बमसहित ७ सदस्यीय चिकित्सकको टोली र परिवारका सदस्य दिल्ली गएका थिए ।

राष्ट्रपति पौडेलको छातीमा पानी जमेका कारण थप परीक्षण र उपचारका लागि भारतको लगिएको थियो । त्यहाँ पनि नेपालमा नै गरिएको उपचार पद्धति अवलम्बन गरिएको चिकित्सकहरु बताउँछन् ।


'नेता तथा सार्वजनिक पदमा रहेकाहरु सामान्य रोग पत्ता लगाउन पनि विदेश जान्छन् । यस्तो प्रवृत्तिले नेपाली चिकित्सा प्रणालीप्रति आमनागरिकको विश्वास बलियो बन्न सकेको छैन', एक चिकित्सक भन्छन् ।

संविधानको धारा ३५ मा 'कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' भनिएको छ । तर अहिले पनि कयौं नागरिक अस्पतालको मुख नदेखी मृत्युवरण गर्छन् ।

शीतल निवासका एक उच्च अधिकारीका अनुसार राज्यका विशिष्ट पदमा भएका व्यक्ति भारतमा उपचार गर्न गएपछि त्यहाँस्थित नेपाली दूतावासले समन्वय र व्यवस्थापन गर्नु स्वभाविक हो ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

सुरुमा खर्च बढ्नाले अर्थ अभाव हुनेछ, यात्राको अवसर जुट्नेछ, केही व्यवहारिक चुनौतिको सामना गर्नुपर्नेछ, नयाँ काममा अवसर जुट्नेछ, भोजन प्राप्ति हुनेछ, बोलीको प्रभाव बढ्नेछ, मानसम्मानको पनि योग छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

आम्दानी बढ्नेछ, प्रशस्त दाम पनि हात लाग्नेछ, मेहनतबाट सफलता हात पर्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, खर्च अभावले समयमा काम पूरा नहुने देखिन्छ, साथीभाईको कारणले दुःख पाइनेछ, आइतबारदेखि विभिन्न अवसर जुट्नेछ, प्रेम र मित्रताको बन्धन कसिने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

चिताएको काम सजिलै बन्नेछ, अरुको विश्वास जित्न सकिनेछ, विशिष्ट व्यक्तिबाट सम्मान पाइएला, नाम र दाम हात पार्ने समय छ, दिगो आम्दानीको श्रोत खुल्नेछ, आम्दानी बढ्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, घरपरिवारबाट टाढिन सक्नेछछ, तर सानो दुरीको यात्रा गर्ने अवसर जुट्नेछ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

सुरुमा सुख दुःखको सामना गर्नुपर्नेछ, लगनशिलताले दाम इनाम बढ्नेछ, आत्यात्मिक ज्ञानले मानसिक सुख प्राप्त हुनेछ, धर्म संस्कृति जगेर्नामा रुचि बढ्नेछ, तारिफयोग्य कामले सफलता मिल्नेछ र नोकरी प्राप्त हुन सक्ने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

प्रारम्भमा केही चुनौति आइपर्ला । कमजोरीको फाइदा उठाउने चुष्ठा गर्नेछन् । काममा तरलता आउनेछ, जिम्मेवारी बढ्नेछन् र अरुको लागि समय खर्च होला, शुक्रबारदेखि काममा सुधार आउनेछ, विशिष्ठ व्यक्तिको संगतले फाइदा दिनेछ, पूराना कामको पनि चर्चा हुने देखिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

साताको प्रारम्भमा खुशी बढ्नेछ, यात्राको साइत जुर्नेछ, व्यापारमा विशेष फाइदा हुनेछ, काममा जोश जाँगर बढ्नेछ, खानपिनमा सजग रहनुहोला, आँट कमजोर हुनेछ, अर्थ अभावले स्वास्थ्यमा गडबढी हुनेछ, पहिलेको कमजोरीबाट फाइदा उठाउन सक्ने समय छ, संचित रकम पनि खर्चनुपर्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

मेहनतबाट प्रसतद्वन्द्वी पछि पर्नेछन्, नयाँ अवसर प्राप्त हुनेछ, काम बन्नाले आम्दानी बढ्नेछ, सानो प्रयासले ठूलो फाइदा मिल्नेछ, लामो दुरीको यात्राको अवसर जुट्नेछ, भौतिक साधन जुट्नेछ, अवसरको लागि केही चुनौति सामना गर्नुपर्नेछ, स्वास्थय भने गडबढी देखिन्छ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

सुरुमा अबरोध गरे पनि प्रयत्न गर्दा कार्य सफल हुनेछ । अध्ययनमा सामान्य प्रगति हुनेछ, नयाँ कामको अवसर जुट्नेछ, व्यवसायमा लाभ हुनेछ, देश विदेशको यात्राको अवसर जुट्नेछ, मन मिल्ने साथी भेट्नुका साथै प्रेम बन्धन कसिलो हुनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

प्रारम्भमा घरेलु समस्याले सताउने, शुभ चिन्तकको सुझावलाई वास्ता नगर्दा अलि दुःख पाइनेछ, बुद्धिको उपयोगले काम लिने प्रयास गर्नुपर्नेछ, शुक्रबारदेखि स्थितिमा अनुकुल हुनेछ, हिम्मतले काम बन्नेछ, आम्दानीको श्रोत बढ्नेछ, काममा अवरोध गर्ने पनि पराजित हुनेछन्, काममा अलि गोप्य राख्नुपर्ने हुन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

प्रयास गर्दा ठूलो उपलब्धी हात लाग्नेछ, नयाँ कर्ममा मन उत्साह हुनेछ, शुभचिन्तकले साथ दिने छन्, सुक्र र शनिबार घरायसी समस्या बढ्नेछ, सोचेको काममा अलि बाधा हुनेछ, सामाजिक कार्यले मन उत्साह हुनेछ, अध्ययनमा प्रगति हुने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

बोलीको प्रभावले फाइदा हुनेछ, अध्ययनमा राम्रो छ, दिगो फाइदा हुने काम सुरु हुनेछ, लक्ष्य प्राप्ति गर्न सकिनेछ, साइनो गाँस्नेहरुले दुःख दिनेछन् । घरमा बसेर काम सम्पादन गर्न सकिनेछ । कामको फाइदाको लागि गोप्य राख्नु होला ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

काममा सफलता हुनेछ, लगनशिलताले ठूलो काम गर्ने मौका मिल्नेछ, भोजभत्तेरमा सामेल हुनुपर्ने देखिन्छ । मान सम्मान मिल्नेछ, अध्ययनमा सफलता हुनेछ । मनपर्ने बस्तु उपहार प्राप्त हुने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# क्रिकेट खेल विकासको लागि शक्तिको योगदान

हालै भैरहवामा एक क्रिकेट रंगशाला र क्रिकेट एकेडेमीको शिलान्यास गरियो । शिलान्यास समारोहमा शक्तिप्रसाद गौचन मञ्चमा आसीन थिए – उही चिरपरिचित मुस्कानका साथ तर फरक भूमिकामा । ३९ वर्षीय शक्ति यतिखेर भैरहवामा निर्माणाधीन 'एक्स्ट्राटेक ओभल' क्रिकेट मैदान र क्रिकेट एकेडेमीको 'ब्रान्ड एम्बासडर'को भूमिकामा सक्रिय छन् । उनको चिन्ता र चिन्तन क्रिकेट विकासकै लागि छ ।



सक्रिय खेल जीवनबाट सन्न्यास लिएपछि गृहनगर भैरहवा फर्किएका शक्तिले क्रिकेट एकेडेमी स्थापना गरे र त्यही क्रिकेट एकेडेमीलाई आफ्नो बाँकी जीवनको लक्ष्य बनाएर अगाडि बढिरहेका छन् ।

'युवा खेलाडीका लागि नियमित प्रतियोगिता छैन । अभ्यासका लागि पूर्वाधारको अभाव छ । खेलाडीले क्रिकेटमा भविष्य देखिरहेका छैनन्,' शिलान्यास समारोहमा उनी बोले, 'प्रतिभाशाली खेलाडी उत्पादनमा राज्यको ध्यान पुग्न सकेको छैन । खेलाडी पलायनको समस्या पनि उत्तिकै डरलाग्दो छ । सायद केही सहृदयी मनहरूको साथ नपाएको भए आज म आफैं पनि विदेशी भूमिमा पसिना बगाइरहेको हुन्थें ।'

सक्रिय खेल जीवनबाट सन्न्यास लिएपछि धेरैलाई लागेको थियो, अब शक्तिको सपना सकियो, उनले नेपाली क्रिकेटसँग जोडिएर कुनै सपना देख्ने छैनन् ।

कार्यक्रम सकिएपछि यही प्रकृतिको जिज्ञासा मैले पनि राखेको थिएँ । आफ्नो सपनाको दुनियाँ देखाउन उनले भैरहवानजिकै ओमसतिया गाउँपालिकामा रहेको 'स्टार क्रिकेट एकेडेमी'मा पुऱ्याए, जसलाई उनले सञ्चालन गर्दै आएका छन् ।

सक्रिय खेल जीवनबाट सन्न्यास लिएपछि उनको सपनाको आयाम र आयतनमा वृद्धि भएको रहेछ । उनले देखेको नयाँ सपना रहेछ, नेपाललाई टेस्ट राष्ट्रको मान्यता दिलाउने । 'हो, समयसँगै मेरो सपनाको आकार पनि फराकिलो भएको छ । अब म नेपालले कुनै दिन टेस्ट राष्ट्रको मान्यता पाएको देख्न चाहन्छु,' उनी केही भावुक देखिए, 'मलाई विश्वास छ, आफ्नो जीवनमै मैले नेपालले टेस्ट खेलेको देख्न पाउनेछु ।'

नेपाली खेलकुदमा स्थापित नाम हो, शक्तिप्रसाद गौचन । नेपाली क्रिकेट समर्थकको मन-मस्तिष्कमा यो नामको गहिरो प्रभाव छ । नेपाली क्रिकेटले आज जुन उचाइ हासिल गरेको छ, त्यसमा शक्तिले मैदानमा बगाएको पसिना पनि मिसिएको छ ।

घरेलु खेलकुदमा उनी त्यतिबेला उदाए, जतिबेला नेपाली क्रिकेट भर्खरै प्रगतिको बाटोमा अगाडि बढ्न सङ्घर्ष गरिरहेको थियो । अन्तर्राष्ट्रिय खेलवृत्तमा नेपाली क्रिकेटको दायरा फराकिलो बनाउन शक्ति र उनका समकालीन खेलाडीको निकै ठुलो योगदान छ ।

उमेर समूहको प्रतियोगितामार्फत् राष्ट्रिय टोलीसँग गाँसिएका शक्ति त्यसपछि नेपालले टी-ट्वान्टी विश्वकप खेल्दा र अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) बाट एक दिवसीय राष्ट्रको मान्यता पाउँदाका पनि साक्षी हुन् ।

खेलाडीका रूपमा राष्ट्रिय टोलीसँग जोडिएसँगै उनले विभिन्न कालखण्डमा फरक-फरक सपना देखे । 'हरेक खेलाडीले सपना देख्नुपर्छ । सपनै नदेखे त्यसलाई साकार पार्ने बाटोमा अगाडि बढ्न सकिँदैन । सपना देख्नु भनेको महत्वाकांक्षी हुनु होइन,' शक्ति भन्छन्, 'म जहिले पनि सपना देख्ने मान्छे । खेलाडीको भूमिकामा सक्रिय हुँदा मैले थुप्रै सपना देखें । आजसम्म नेपाली क्रिकेटसँग जोडिएको सपना देखिरहेको छु ।'

सबैभन्दा पहिले राष्ट्रिय खेलाडीको परिचय बनाउन संघर्ष गरिरहँदा उनले देशको झन्डाअंकित जर्सी लगाएर अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने सपना बुने । शक्तिको त्यो सपना पूरा भयो, सन् २००१ को फेब्रुअरीमा, जतिबेला उनले देशको प्रतिनिधित्व गर्दै बंगलादेशमा आयोजना भएको एसीसी यू-१७ एसिया कप खेले । सायद यो त्यही प्रतियोगिता थियो, जहाँ उनले आफ्ना समर्थकबाट नयाँ उपनाम पाएका थिए – 'शक्ति : दी पावर ।'

उमेर समूहकै राष्ट्रिय टोलीबाट उनले सन् २००२ मा न्युजिल्यान्डमा भएको आईसीसी यू-१९ विश्वकप क्रिकेट खेले । यसपछि शक्तिको अर्को सपना थियो, सिनियर राट्रिय टोलीमा स्थान बनाउने । बलियो आत्मविश्वास र निरन्तरको कडा परिश्रमपछि उनको त्यो सपना पनि पूरा भयो । सन् २००२ को जुलाई १० देखि २१ तारिखसम्म सिंगापुरमा भएको एसीसी ट्रफीमा उनले सिनियर राट्रिय टोलीबाट आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर पाए । त्यतिबेला नेपालले एक सय पाँच रनको फराकिलो अन्तरले ओमानलाई हराएको थियो, शक्तिले ३७ रन बनाएका थिए ।

त्यतिबेला नेपाललाई एसीसी ट्रफीको फाइनलसम्म पुऱ्याउन शक्तिले कुल दुई सय ४८ रन जोडे । नेपालले सेमिफाइनलमा मलेसियालाई २५ रनले हराउँदा शक्ति एक्लैले ६७ रनको योगदान गरेका थिए । यसका अतिरिक्त प्रतियोगितामा उनले अत्यन्तै किफायती बलिङ गर्दै सात विकेट पनि लिएका थिए । नेपाली टोली फाइनलमा संयुक्त अरब इमिरेट्स (यूएई)सँग ६ विकेटले पराजित भएको थियो ।

सन् २००४ पछि भने उनी नियमित रूपमा सिनियर राष्ट्रिय टोलीको सदस्य बने । सन् २००४ को मार्चमा यूएईमा भएको आईसीसी इन्टरकन्टिनेन्टल कप उनले खेलेको पहिलो श्रेणीको प्रतियोगिता थियो । त्यहाँ उनले यूएईविरुद्ध पहिलो खेल खेलेका थिए । उक्त खेल बराबरीमा सकिएको थियो । सोही प्रतियोगितामा मलेसियाविरुद्धको खेलमा उनले लामो समय क्रिजमा टिकेर दुई सय ३१ बलको सामना गरी अविजित ६९ रन बनाएका थिए । उक्त खेलमा नेपाल नौ विकेटले विजयी भएको थियो । शक्ति र नेपालकै मेहबुब आलम संयुक्त रूपमा 'म्यान अफ दी म्याच' घोषित भएका थिए ।

एकपछि अर्को सफलताले हौसिएका शक्तिले अर्को सपना देखे, विश्वकप खेल्ने । अघिल्ला दुई सपनालाई सार्थक बनाएजस्तै सहज यसपालि थिएन । विश्वकपमा पुग्नु नै चुनौतीपूर्ण लक्ष्य थियो, कहिल्यै सानातिना चुचुरा समेत नदेखेको व्यक्ति सगरमाथाको आरोहणमा निस्कनुजत्तिकै कठिन थियो । थुप्रै राष्ट्रले क्रिकेटमा ठुलो लगानी गरेर विश्वकप खेल्ने सपना बुनिरहेका थिए । उनीहरूकहाँ नियमित प्रतियोगिता हुन्थ्यो, सुविधासम्पन्न पूर्वाधार र प्रशिक्षणको अत्याधुनिक प्रविधि थिए । लामो समयदेखि सञ्चालित एकेडेमीहरूबाट उनीहरूले प्रतिभाशाली खेलाडी उत्पादन गरिरहेका थिए । त्यहाँ देशका लागि खेल्नेहरूको जिम्मा सरकारले लिएको थियो ।

यता हाम्रो अवस्था दयनीय थियो । देशभित्र प्रतिभाशाली खेलाडी उत्पादन गर्ने प्रतियोगिता र भौतिक पूर्वाधार समेतको कमी थियो । खेलाडीले सीमित स्रोत-साधनबाट आफूलाई तिखार्नुपर्थ्यो ।

यो परिस्थितिमा विश्वकप खेल्ने सपना कम चुनौतीपूर्ण थिएन । सपनालाई साकार बनाउन अवसरलाई उपयोग गर्न सक्नुपर्छ । आईसीसी टी-ट्वान्टी विश्वकपका लागि सन् २०१२ मा यूएईमा छनोट प्रतियोगिता हुँदै थियो । जसमा भाग लिने अवसर नेपालले पायो तर यस महत्वपूर्ण प्रतियोगितामा भाग लिने टोलीमा शक्ति पर्ने निश्चित थिएन । त्यतिबेला केही समय अघिदेखि उनी राष्ट्रिय टोलीमा परिरहेका थिएनन् । टोलीमा स्थान पाउन शक्तिले ठुलै परिश्रम गर्नुपऱ्यो ।

यस प्रतियोगितामा शक्तिले उत्कृष्ट प्रदर्शन गर्दै आफ्ना आलोचकलाई गतिलो जवाफ दिए । १६ विकेट लिएर उनी प्रतियोगिताकै सर्वाधिक विकेट लिने बलरहरूको सूचीमा दोस्रो नम्बरमा परेका थिए । डेनमार्कविरुद्धको खेलमा त उनले ह्याट्रिकसहित चार विकेट लिए । यस प्रतियोगितापछि ईएसपीएन क्रिकइन्फोले नेपालबाट तत्कालीन कप्तान पारस खड्का र शक्तिलाई उत्कृष्ट-११ टोलीमा समेत समावेश गरेको थियो, तर नेपाल विश्वकपमा छनोट हुन सकेन, प्रतियोगितामा नेपाल सातौँ हुन पुग्यो ।

नेपालको विश्वकप खेल्ने सपना फेरि दुई वर्ष पछाडि धकेलियो । सन् २०१४ को १६ मार्चदेखि ६ अप्रिल तारिखसम्म बंगलादेशमा आयोजना हुने टी-ट्वान्टी विश्वकपका लागि सन् २०१३ मा यूएईमा छनोट प्रतियोगिता हुने भयो । त्यो छनोट प्रतियोगितामा शक्तिको प्रदर्शन सामान्य रह्यो ।

कप्तान पारस खड्कालगायत टोलीका अन्य सदस्यको उत्कृष्ट प्रदर्शनका कारण नेपालले पहिलोपटक विश्वकप खेल्ने अवसर पायो । छनोट प्रतियोगितामा आयरल्यान्ड पहिलो, अफगानिस्तान दोस्रो र नेपाल तेस्रो भएका थिए । तेस्रो स्थानका लागि भएको खेलमा नेपालले बलियो प्रतिद्वन्द्वी घरेलु टोली यूएईलाई पाँच विकेटले हराएको थियो ।

अन्ततः सन् २०१४ मा पहिलोपटक नेपालले टी-ट्वान्टी विश्वकप खेल्यो । नेपालले विश्वकप खेलेको सपना देख्ने शक्ति पनि खेलमा सहभागी थिए । सीमित स्रोत-साधनका बाबजुद खेलाडीको बलियो आत्मविश्वास र कठोर परिश्रमका कारण नै नेपालले विश्वकप खेल्ने अवसर पाएको थियो । त्यतिबेला नेपाल छानिएसँगै देशभित्र क्रिकेटका समर्थक ह्वात्तै बढेका थिए, एक ढंगले देशै क्रिकेटमय बनेका थियो ।

विश्वकपमा नेपाली खेलाडीको पहिलो प्रयास प्रशंसनीय रह्यो । प्रतियोगिताको प्रारम्भिक चरणमा समूह 'ए'मा परेको नेपालले विश्व क्रिकेटमा खारिएको बंगलादेशजस्तो राष्ट्रलाई हम्मे पारेको थियो । उक्त समूहमा नेपालसँगै बंगलादेश, अफगानिस्तान र हङकङ परेका थिए । समूहमा पहिलो हुने राष्ट्र फाइनल चरणको भिडन्तका लागि छनोट हुने प्रावधान थियो ।

समूहमा नेपाल र बंगलादेशको बराबर अंक भएको थियो । नेपाल र बंगलादेशले दुई जित र एक हारबाट तीन/तीन अंक जोडेका थिए । नेपालले हङकङ र अफगानिस्तानलाई हराएको थियो भने बंगलादेशसँग पराजित भएको थियो । अर्कोतिर, बंगलादेशले अफगानिस्तान र नेपाललाई हराएको थियो भने हङकङसँग पराजित भएको थियो ।

यस्तो स्थितिमा नेपाल र बंगलादेश दुवैको समान तीन/तीन अंक पुगेको थियो । अन्तिम समयमा नेपाल नेट रनरेटमा बंगलादेशसँग पछि पऱ्यो । बंगलादेशको १.४६६ र नेपालको ०.९३३ नेट रनरेट थियो । झिनो अन्तरले नेट रनरेटमा पछि पर्दा नेपाल अघिल्लो चरणमा पुग्नबाट चुक्यो । यसरी नेपाललाई विश्वकप खेलाउने शक्तिको सपना पनि पूरा भएको थियो ।

नेपालले टी-ट्वान्टी विश्वकप खेलेपछि शक्तिले फेरि अर्को सपना सँगाले, नेपाललाई एक दिवसीय राष्ट्रको मान्यता दिलाउने । यसका लागि नेपालले थप चार वर्ष कठोर संघर्ष गर्नुपऱ्यो । सन् २०१८ को मार्च ४ देखि २५ तारिखसम्म जिम्बाबेमा एक दिवसीय छनोट प्रतियोगिता आयोजना हुँदै थियो । जसले एकातिर विश्वकप (सन् २०१९) मा सहभागी हुने दुई टोलीको टुंगो लगाउँदै थियो, अर्कोतिर एकदिवसीय राष्ट्रको मान्यता पाउने विषय छिनोफानो हुँदै थियो । त्यसैले यो प्रतियोगिता नेपालका लागि विशेष थियो ।

आफ्नो सक्रिय खेलजीवनको उत्तरार्धतिर रहेका शक्ति यस प्रतियोगितामा नेदरल्यान्ड्सविरुद्धको एक खेलमा मात्रै मैदानमा देखापरे, एक विकेट लिए । त्यतिबेला राष्ट्रिय टोलीमा केही प्रभावशाली युवा खेलाडीको आगमन भइसकेको थियो । त्यसैले शक्ति आफैं पनि प्लेइङ-११ मा युवा र क्षमतावान् खेलाडीलाई स्थान दिनुपर्ने पक्षमा थिए ।

प्रतियोगिताको समूह 'बी' मा रहेको नेपाल अंक तालिकामा चौथो हुँदै प्लेअफ चरणका लागि छनोट भएको थियो । विश्वकपमा छनोट हुने सम्भावना सकिए पनि एक दिवसीय मान्यताको सम्भावना कायमै थियो ।

प्लेअफ चरणमा नेपालले पपुवा न्युगिनी, नेदरल्यान्ड्स र हङकङको सामना गर्नुपर्ने थियो । पपुवा न्युगिनी र हङकङले यसअघि नै एक दिवसीय राष्ट्रको मान्यता पाएका थिए । उनीहरू कुनै पनि हालतमा एक दिवसीय मान्यता जोगाउन चाहन्थे । नेदरल्यान्ड्सको पनि एक दिवसीय मान्यता पक्का भइसकेको थियो । अर्कोतिर पहिलोपटक एक दिवसीय मान्यता पाउने संघर्षमा नेपाल थियो ।

यसर्थ प्लेअफ चरणमा सहभागी अन्य टोलीभन्दा नेपाल तुलनात्मक रूपमा कमजोर थियो । प्लेअफ चरणको पहिलो खेलमै नेपालले पपुवा न्युगिनीलाई ६ विकेटले हरायो । दोस्रो खेलमा नेदरल्यान्ड्सले हङकङलाई ४४ रनले पाखा लगायो । यी दुई नतिजापछि नेपालले इतिहासमै पहिलोपटक आईसीसीबाट सन् २०२३ सम्मका लागि एकदिवसीय राष्ट्रको मान्यता प्राप्त गऱ्यो । पपुवा न्युगिनी र हङकङले भने एक दिवसीय राष्ट्रको मान्यता गुमाए ।

यसरी शक्तिको अर्को सपना पनि साकार भयो । एकदिवसीय राष्ट्रको मान्यता पाएपछि सन् २०१८ को अगस्तमा नेपालले पहिलोपटक नेदरल्यान्ड्ससँग उसैको घरेलु मैदानमा तीन खेलको शृङ्खला खेल्यो । शृङ्खलाका लागि शक्ति पनि टोलीमा परेका थिए । शृङ्खलामा उनले एउटा खेल मात्र खेले । एकदिवसीय मान्यता पाएपछिको पहिलो खेलमै नेपालले नेदरल्यान्ड्समाथि एक रनको रोमाञ्चक जित हासिल गऱ्यो । नेपालका लागि यो ऐतिहासिक जित थियो ।

दोस्रो खेलमा नेपाली टोली नेदरल्यान्ड्ससँग ५५ रनले पराजित भयो । तेस्रो खेल अनिर्णीत रूपमा टुंगियो । त्यसैले नेपाल र नेदरल्यान्ड्सबीचको शृङ्खला १-१ को बराबरीमा सकियो । शक्तिले उक्त शृङ्खलाको दोस्रो खेल मात्र खेलेका थिए ।

नेदरल्यान्ड्सविरुद्धको शृङ्खलापछि सन् २०१८ कै जुनमा नेपालले लर्डसमा त्रिकोणात्मक क्रिकेट शृङ्खला खेल्ने अवसर पायो ।

त्रिकोणात्मक शृङ्खलामा नेपालका अतिरिक्त नेदरल्यान्ड्स र मेरिलिबोन क्रिकेट क्लब (एमसीसी) सहभागी थिए । शृङ्खलामा तीनवटै टोलीले एकअर्कासँग एक/एक खेल खेलेका थिए । पहिलो खेलमा नेदरल्यान्ड्सले एमसीसीलाई १० रनले हरायो । नेपाल र नेदरल्यान्ड्सबीचको तेस्रो खेल अनिर्णीत रूपमा सकियो । तर, नेपाल र एमसीसीबीचको दोस्रो खेल भने शक्तिसँगै नेपाली क्रिकेटका लागि पनि अविस्मरणीय बन्न पुग्यो ।

यो त्यति खेल थियो, जुन खेलपछि नेपालका 'आइकोनिक खेलाडी' शक्तिले अन्तर्राष्ट्रिय खेलजीवन (राष्ट्रिय टोली)बाट सन्न्यासको घोषणा गरेका थिए ।

उमेर समूहको प्रतियोगितादेखि नै निरन्तर मैदानमा सक्रिय हुँदै आएका प्रभावशाली अलराउन्डर शक्तिले अन्तर्राष्ट्रिय क्रिकेटबाट विश्राम लिए । करिब १७ वर्ष लामो सक्रिय खेल जीवनमा उनले क्रिकेट मैदानमा आफ्नो दुवै हातले जादु चलाए । बायाँ हातको धारिलो स्पिन बलिङ र दायाँ हातको कलात्मक ब्याटिङले लाखौँ समर्थकको मनमा राज गरे ।

शक्तिले खेल जीवनको उत्तरार्धमा आएर अन्तर्राष्ट्रिय क्रिकेटबाट बिदा लिन पनि यस्तो स्थान चयन गरे, जसलाई क्रिकेटको सबैभन्दा पवित्र तीर्थस्थल भनेर चिनिन्छ, अर्थात् लर्डसको मैदान । पाँच वर्षपछि आएर अहिले आफ्नो सन्न्यासको त्यो क्षण सम्झँदा उनलाई केही कारणले सन्तोष लाग्छ ।

'नयाँ र प्रतिभाशाली खेलाडीलाई राष्ट्रिय टोलीमा अवसर दिन पाएकामा खुसी छु । नयाँ र प्रतिभाशाली खेलाडीलाई अवसर प्रदान गर्न पनि पुराना खेलाडीले ठाउँ खाली गर्नैपर्छ,' सन्न्यासको पाँच वर्षपछि भैरहवामा रातोपाटी संवाददातासँग गफिँदै शक्ति भन्छन्, 'एक त नेपालमा नियमित प्रतियोगिताको अभाव भएकाले अपेक्षित रूपमा प्रतिभाशाली खेलाडी उत्पादन नै हुँदैनन् । त्यसमाथि पुराना खेलाडीले लामो समय राष्ट्रिय टोलीमा ठाउँ ओगट्दा नयाँ खेलाडीले आफ्नो क्षमता देखाउने अवसर पाउँदैनन् । त्यसैले तत्कालीन समयमा सन्न्यास लिने मेरो निर्णय सही थियो ।'

यसका अतिरिक्त लर्डसको मैदानमा आफ्नो अन्तर्राष्ट्रिय खेल जीवनको अन्तिम खेल खेल्न पाउँदा उनी अझ बढी हर्षित भएका रहेछन् । सन्न्यासको त्यो क्षणमा टोलीका अन्य साथीहरूले उनको बिदाइलाई पनि अविस्मरणीय बनाएका रहेछन्, अप्रत्याशित रूपमा 'गार्ड अफ अनर' प्रदान गरेर । त्यो कुरा भने उनलाई अन्तिम समयसम्म जानकारी दिइएको रहेनछ ।

भर्खरै अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न थाल्दा एकपटक लर्डस मैदानमा पुगेको अर्को एउटा क्षण पनि उनले सम्झिए । 'भर्खरै अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न सुरु गर्दा सन् २००४ मा लर्डसको मैदानमा पुग्ने सौभाग्य जुरेको थियो । लर्डसको क्रिकेट मैदानका केही निश्चित स्थानमा जसलाई पनि जान दिइँदैन,' उनी भन्छन्, 'त्यतिबेला केही अगाडि बढ्न खोज्दा मलाई पनि गार्डले रोक्नुभएको थियो, तर कालान्तरमा भाग्यले मलाई त्यही पवित्र मैदानमा पुऱ्यायो । अनि मैले आफ्नो अन्तर्राष्ट्रिय खेल जीवनको अन्तिम खेल पनि त्यही मैदानमा खेल्ने अवसर पाएँ ।'



## विश्वबैंकको ...

आयोजना वर्षौं वर्ष ढिलो भए । अर्कोतर्फ, देशले जुन लाभ लिनसक्नु पर्दथ्यो त्यो हुन सकेको छैन । देशको अर्को महत्वपूर्ण आयोजना माथिल्लो अरुण पनि संकटमा पार्न खोजिएको छ । विश्व बैंकको कालोसूचीमा परेको कम्पनीलाई परामर्शदाता छान्ने चलखेल आयोजनालाई नै समस्यामा धकेल्ने अभिप्रायले हुन खोजेको छ । यसमा मोटो कमिशनको खेल पनि खुल्दै गएको छ ।

एक हजार ६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजनामा परामर्शदता छनोटमा कालोसूचीमा परेको बेल्जियम मुकाम रहेको ट्र्याकटेबल इन्जिनियरिङले भारतको वापकोस लिमिटेडसँग मिलेर संयुक्त रुपमा परामर्शदाता छनोटको प्रतिष्पर्धामा सहभागिता जनाएर छनोट हुन दबाब बढाएको हो । ४ करोड डलरको परियोजनामा मोटो कमिशनको लोभ देखाएर ट्र्याकटेबल इन्जिनियरिङ छनोट हुन लागिपरेको छ । विश्वस्त स्रोतका अनुसार ट्र्याकटेबल इन्जिनियरिङले शक्तिकेन्द्रमा आफ्ना मान्छे पठाएर परामर्शदाता छनोट हुन कमिशनको चलखेल चलाएको छ । जब कि उक्त कम्पनी कतिपय देशमा सदाका लागि प्रतिबन्धमा परेको छ । यही कम्पनी परामर्शदाता छनोट भएमा आयोजना ढिलो मात्र नभई संकटमै पर्न सक्छ ।

ट्र्याकटेबल इन्जिनियरिङले कमिशनको खेलमा परामर्शदाता छनोट हुने र भ्रष्टाचारजन्य गतिविधि गर्ने गरेको खुलेको छ । इन्टर अमेरिकन डेभलपमेन्ट बैंक (आइडीबी) ले ट्र्याकटेबल इन्जिनियरिङलाई सन् २०२१ मा अनियमितता र भ्रष्टाचारको अभियोगमा ४६ महिनासम्म कुनैपनि ठेक्कासम्बन्धी गतिविधिमा संलग्न हुनबाट रोक लगाएको छ । हैटीको ट्रान्समिसन लाइन पुर्ननिर्माणको १३ लाख ५० हजार यूरोको ठेक्कामा भ्रष्टाचारको संलग्नता ठहरिएको थियो । त्यसपछि ट्र्याकटेबल इन्जिनियरिङ एस.ए. २३ डिसेम्बर २०२१ देखि २८ सेप्टेम्बर २०२५ सम्म कुनैपनि ठेक्कासम्बन्धी गतिविधिमा संलग्न हुन नपाउने गरी कालो सूचीमा परेको छ ।

भारतमा ट्र्याकटेबल इन्जिनियरिङ सदाका लागि प्रतिबन्धित भइसकेको छ । उसले कार्य प्रगतिको गलत विवरण पेश गरेको पाइएपछि सीबीआइले नै छानविन गरेर सदाका लागि प्रतिबन्ध लगाउन त्यहाँको ग्रामिण जलविद्युत कर्पोरेशन आरइसीलाई निर्देशन दिएको थियो । त्यसपछि सदाका लागि प्रतिबन्धित उक्त कम्पनी अदालत पुगेपनि उसको विपक्षमा फैसला आयो । सन् २०२२ यता उक्त कम्पनी भारत छिर्न नपाउने गरी निष्काशित भएको छ । एशियाशी विकास बैंक एडीबीले पनि ट्र्याकटेबल इन्जिनियरिङलाई सन् २०२२ यता प्रतिबन्ध लगाएको छ । एशिएन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंकले पनि ट्र्याकटेबल इन्जिनियरिङलाई सन् २०२७ को सेप्टेम्बर २८ सम्म प्रतिबन्ध लगाएको छ । अब उसले उक्त बैंकसम्बन्धी कुनैपनि परियोजनामा सहभागिता जनाउन पाउँदैन ।

सँसारका धेरै देशहरुमा प्रतिबन्ध लागेको परामर्शदाता कम्पनीलाई नेपालमा भने छनोट गर्न खोजिनुलाई गम्भीरताका साथ लिइएको छ । यसका पछाडि ठूलै स्वार्थी समूहको भूमिका रहेको बुझिएको छ । ५ अर्ब नेपाली रुपैयाँभन्दा बढीको परामर्शदाता छनोटको ठेक्कामा कमिशनको लोभले देशको गौरवशाली आयोजना नै संकटमा पर्न सक्ने देखिएको छ । ट्र्याकटेबल इन्जिनियरिङले भारत, हैटीलगायत विभिन्न देशमा काम गर्न नसकेको र बिगारेको तथ्यहरु उजागर छन् । तैपनि, उसले नेपालमा अधिकारीहरुलाई कमिशन दिएर परामर्शदाता छनोट हुन खोजेको छ । हैटीमा उसले यसरी नै कमिशनको खेल खेलेको तथ्य उजागर भएपछि अमेरिकी इन्टर डेभलभमेन्ट बैंकले कालोसूचीमा राखिदिएको छ । माथिल्लो अरुण आयोजना निर्माणका लागि परामर्शदाता छनोटका लागि १ डिसेम्बर २०२२ मा ग्लोबल टेन्डर आव्हान भएको थियो । २२ मार्च २०२३ मा टेन्डर दर्ताको समय सकिएको छ । प्रारम्भिक छनोटको प्रक्रिया बढ्दा ट्र्याकटेबल इन्जिनियरिङले कालो सूचीमा परेको तथ्यहरु लुकाउन खोजिएको छ ।

## फास्ट ट्र्याक...

राष्ट्रको रणनीतिक स्वार्थले तराई मधेश द्रुत मार्ग अर्थात् फाष्ट ट्र्याकको निर्माणमा ठूलो समस्या आउने खतरा छ । फाष्ट ट्र्याक नेपाली सेनालाई बनाउन दिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायराबाहिर पार्ने खेलमा नेताहरु पहिल्यै लागेका थिए । जसका कारण परामर्शदाता चयनदेखि अरबौंको ठेक्का योजनाबद्ध तरिकाले धमाधम टुंगो लगाइयो । यसमा पनि ठूलै आर्थिक चलखेल भएको फाष्ट ट्र्याकको निर्माणको सुस्त गति, बीमामा भइरहेको चलखेलले देखाइसकेको छ । फाष्ट ट्र्याकलाई उच्च राजनीतिक नेतृत्वदेखि सेनाका केही भ्रष्ट अधिकारीले दुहुनो गाई बनाउन थालेका छन् । यसमा ठूलै सेटिङ चल्ने गरेको छ । पछिल्लो समय सेनाका एकजना मेजर यो ठेक्का प्रकरणसँग जोडिएर विवादमा परे । उनीमाथि ठेक्काको कमिशन विदेशी बैंकमा मिलाउने गरेको विषय उठेको छ ।

फाष्ट ट्र्याक निर्माणमा ढिलाई र समस्या ल्याउँदा निर्माण कम्पनीले काम गर्न नसकेपछि निलम्बन समेत गरियो । आयोजना प्रमुख विकास पोखरेललाई हटाएर कमल विक्रम शाहलाई ल्याइयो । तर, जो जो ल्याइए उनीहरु सडक निर्माणको विज्ञ नभई भवन निर्माणका विज्ञ मात्र भए । सडक निर्माणको विज्ञ नल्याउने, दक्ष जनशक्ति पनि समयमा नराख्ने गतिविधि भइरहे । सेनाले फाष्ट ट्र्याककै लागि तोकेर चैत्रमा फेरि नयाँ जनशक्तिका लागि दरखास्त आवेदन माग गर्‍यो । यो कामलाई गति दिन भन्दै फाष्ट ट्र्याकका लागि सेनाले छुट्टै कमिटी बनाएर सेनापति प्रभुराम शर्माले सिधै चासो दिए । तरपनि कामले गति लिन सकेन ।

फाष्ट ट्र्याकमा विभिन्न प्याकेजमा बीमामा निकै चलखेल भयो । बीमामा ठूलो कमिशनको खेल गर्न विगतमा प्रयास भए । बिमा नहुँदा चिनियाँ कम्पनीले प्रयोग गरेका श्रमिकको मृत्यु हुँदा धेरै तथ्य छताछुल्ल भयो । पछि जी टु जी अन्तर्गत राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा सुरुका प्याकेजहरुको बीमा भयो । तर, पछिल्लो समयका प्याकेजहरु निजी कम्पनीमा बीमा गर्न सेना लाग्यो । निजी कम्पनीहरुबाट मोटो कमिशन आउने अवस्था रहेकाले ध्यान त्यसतर्फ गएको देखिन्छ । २०७४ साउन २७ मा सेनाले निर्माणको जिम्मेवारी पाएको फाष्ट ट्र्याक २०७८ मा आयोजना सम्पन्न गर्ने लक्ष्य निर्धारण थियो । तर, समयमा काम नभएपछि कोभिड १९ लाई कारण देखाइयो । यही कारण देखाएर सेनाले समयावधि बढाउन खोजेको छ । सेनाले नयाँ कार्ययोजना अनुसार म्याद थपेर २०८१ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेकोमा अवधि बढाउँदै लान क्याबिनेटबाट निर्णय नै गरायो ।

फाष्ट ट्र्याकको ठेक्कामा शक्तिराष्ट्रको रणनीतिक स्वार्थ पनि गाँसिएको छ । चिनियाँ परियोजनाका लागि बिष्फोटक पद्धार्थ नदिने भारतको नीति खुलस्त छ । फाष्ट ट्र्याकको निर्माणमा यसले ठूलो असर पर्न सक्छ । फाष्ट ट्र्याकको सुरुङमार्ग निर्माणमा बिष्फोटक पद्धार्थ चाहिन्छ । तर, भारतले नदिँदा समस्या आएपछि चीनबाट बिष्फोटक पद्धार्थ मगाइयो । यसरी फाष्ट ट्र्याकको ठेक्का र निर्माणका कामको सुस्तताले सेनाको साख नै गिर्ने खतरा छ । अर्कोतर्फ, यो भ्रष्टाचारको अखडा बन्ने खतरा बढेको छ ।

## देउवा परिवार ...

यो उपयुक्त अवसर पनि बन्न सक्छ । आरजुका कारण देउवा विवादमा पर्नु र प्रचण्डको लगाममा पर्नुले कमजोर हुँदै गएका छन् । यसकारण पनि गगन थापाले संसदीय दलको नेता बन्न खुट्टा उचालेको देखिँदैछ ।

## गोर्खाभर्ती ...

रोकिएको छ । नेपालले भारतको अग्निपथ योजना अनुसार गोर्खा भर्तीमा अहसमति जनाएपछि रोकिएको हो । नेपालको सहमति नभएसम्म गोर्खा भर्ती खुल्दैन । नेपालले पुरानै कानून अनुसार गोर्खा भर्ती गरिनुपर्ने अडान राखेको छ । अग्निपथ योजना अनुसार भर्ना लिइएका मध्ये २५ प्रतिशतलाई मात्र चार वर्षपछि भारतीय सेनामा स्थायी पदस्थापन गरिने र अरुलाई निश्चित रकम दिएर घर फिर्ता पठाइने नीति भारत सरकारले अवलम्बन गरेको छ ।

गोर्खा सैनिक भर्ती गर्दा नेपालबाट ६० र बाँकी भारतबाट छनोट गरिन्छ । यो भर्ती नेपाल र भारतबीचको विशिष्ट सम्बन्धका रुपमा पनि हेरिन्छ । नेपालबाट हरेक वर्ष हजारौं युवाहरु भारतीय गोर्खा सैनिकमा भर्ती हुने आशामा तयारी गर्छन् । भर्ती स्थगित भएपछि उनीहरु निराश छन् । रोकिएको अवधिभित्र तीनपटक गोर्खा सैनिक भर्ती भइसक्नुपर्दथ्यो ।

## हाइप्रोफाइल ...

जेल छन् ।

अहिले फेरि पुरानो ललिता निवास प्रकरणको फाइल खुलेको छ । ओलीको पालामा खोलिएको या फाइलमा मुछिएकामध्ये कतिपयले उन्मुक्ति पाएका थिए । अहिले प्रचण्डले सीआइबीमार्फत् फाइल खोल्न लगाएका छन् । ललिता निवास प्रकरणमा पूर्वमन्त्री, अख्तियारका पूर्व आयुक्तहरु, पूर्वसचिव, बहालवाला सचिव, हाइप्रोफाइल व्यवसायी सबै तानिएका छन् । सञ्चार सचिव कृष्णबहादुर राउत विमानस्थलबाट नै पक्राउ परे । भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ पक्राउ परेका छन् । यो प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्रीहरु डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल, पूर्वउपप्रधानमन्त्री विष्णु पौडेल, न्यायाधीश कुमार रेग्मीलगायतका बारे पनि सीआइबीको चासो बढेको बुझिएको छ ।

ललिता निवासको फाइल खुल्दा हाइप्रोफाइलहरुको बोली बन्द भएको छ । उनीहरु प्रचण्डको विरोध गर्न पनि डराएका छन् । यो फाइल खोलेर प्रचण्डले विभिन्न राजनीतिक दल, कर्मचारीतन्त्र, अदालतसम्म तरंग ल्याइदिएका छन् । यही अस्त्रबाट उनी राजनीतिमा प्रभावशाली बन्दै गएका छन् । उनलाई सत्ताबाट हटाउन विरोधी डराएका छन् । अर्कोतर्फ, अदालतमा पनि खैलीबैली मच्चिएको छ ।

## समिरमानलाई...

लोप्साङ लामा भन्ने सोम तामाङलाई १५ वर्ष कैद सजाय सुनाइएको छ भने समिरमानकी श्रीमती माया शेरचनलाई १० वर्ष कैद र ६० हजार रुपैयाँ जरिवाना गरिएको छ । यसअघि १२ असारमा न्यायाधीश घिमिरेको इजलासलाई २४ जना प्रतिवादीमध्ये ६ जनालाई सफाइ दिई अन्यको हकमा कसुर निर्धारणका लागि बुधबार पेसी तोकेका थिए ।

२०७४ असोज २३ गते नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष गौचनमाथि काठमाडौं महानगरपालिका वडा नम्बर ३१ मा पर्ने प्रयागचोकमा दिउँसो २:५० बजे गोली प्रहार गरी हत्या गरिएको थियो ।

सो घटनामा संलग्न भन्दै प्रहरी प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले २३ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । पछि बुझ्दै जाँदा घटनामा समिरमानसिंह बस्नेतको श्रीमती माया शेरचनको समेत संलग्नता खुलेको भन्दै पूरक अभियोगमार्फत माया शेरचनविरुद्धसमेत मुद्दा दायर गरिएको थियो ।

२४ जनाविरुद्ध दायर मुद्दामा अदालतले प्रकाश बुढाथोकी, सन्तोष गुरुङ, शिवजी महतो कमकर, सूर्यबहादुर बाजी, राजकुमार साह र श्याम गुप्तालाई आरोपित कसुरबाट सफाइ दिने फैसला सुनाएको थियो ।

२४ जना प्रतिवादीमध्ये ६ जनालाई सफाइ दिई केही फरार प्रतिवादीलाई मुल्तबीमा राखी अन्यको हकमा दोषी ठहर गरिएको थियो । उक्त घटनामा प्रमुख योजनाकार समिरमान सिंह बस्नेत रहेको दाबी गरिएको थियो । २०७४ पुस २८ गते दर्ता भएको उक्त मुद्दामा समिरमान सिंह बस्नेतको श्रीमती माया शेरचनलाई भने २०७५ मंसिर १९ गते मात्रै पूरक अभियोग ल्याएर प्रतिवादी बनाइएको थियो ।

## कमिशनको ...

गरेको छ ।

त्यसो त अस्पतालमा हरेक सामान सेटिङमा मात्र खरिद हुने गरेको छ । लक्ड स्पेसिफिकेसनकै आधारमा अस्पतालले सी-आर्म मेसिन खरिद गरेको थियो । हाल एफपिडी प्रविधिको सी-आर्म आइसकेकोमा अस्पतालले मिलेमतोका आधारमा सिसिडी प्रविधिको सिआर्म उच्च मूल्यमा खरिद गरेको छ ।

जीआइ कम्पनीको सी-आर्मसँग मिल्ने स्पेशिफिकेसन बनाएर ठेक्का भएको हो । जसअनुसार वास्तविकभन्दा दोब्बर मूल्यमा खरिद भएको अस्पताल स्रोत बताउँछ । जीआइका प्रतिनिधि विमल उप्रेती र अस्पतालका अधिकारीबीच कमिसनमा डिल भएर सो खरिद भएको हो । ७० लाख पर्ने मेसिनलाई एक करोड १८ लाखमा खरिद गरिएको छ ।

यो लगायत प्रहरी अस्पतालका ठेक्काका अनियमितताका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेकोमा विस्तृत छानबिन हुनसकेको छैन । प्रहरीमा शुद्धीकरणको नारा लिएका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर प्रहरी अस्पतालको भ्रष्टाचारमा गम्भीर हुनुपर्ने देखिन्छ ।

## दशौं करोडौं ...

पटक सम्पर्क गर्न खोज्दा सम्पर्कमा आएनन् । विभागकी सूचना अधिकारी प्रतिज्ञा मानन्धरले लिखित प्रश्नहरु दिन भनेकोमा दिएपनि अहिलेसम्म कुनै उत्तर आएको छैन । शहरी विकास मन्त्री सीता गुरुङ र सचिव रवीन्द्रनाथ श्रेष्ठलाई समेत रिझाउन गौरी पार्वतीका रामकुमार थापा लागिपरेका छन् । सेवाकालको अन्तिम समयमा रहेका सचिव श्रेष्ठ अख्तियारमा उजूरी परिसकेको यो ठेक्का प्रकरणमा विवादमा तानिने सम्भावना बढेर गएको छ ।

देशको अरबौंको ठेक्का हात पार्न प्रधानमन्त्रीका मान्छे, मन्त्री, कर्मचारी मिलाएर मात्र पुग्दैन । अदालतसम्म मुद्दा पुग्ने भएकाले त्यहाँसम्म मिलाइन्छ अनि ठेक्का पारिन्छ । यसरी सेटिङमा ठेक्का लिने ठेकेदारहरुले निर्माणको गुणस्तरमा ठूलो खेलवाड गर्दै आएका छन् ।सम्झौता दिलाउन मोटो कमिशनको सम्झौता गरिसकेको विश्वस्त स्रोतले बताएको छ ।

गौरी पार्वतीका रामकुमार थापा भने आफूलाई केही निर्माण कम्पनी लागेर अवरोध पुर्‍याएको भन्दै शक्ति केन्द्रमा धाइरहेका छन् । निर्माणको अनुमानित लागत ३ अर्बमा १८ प्रतिशत कम रेट राखेर उनले प्रस्ताव राखेका छन् । त्यस अगावै उनलाई नै ठेक्का दिलाउने सेटिङ भइसकेको थियो । करोडौं कमिशनमा कन्टेक-गौरी पार्वती जेभीलाई नै केन्द्रीय सरुवा रोग अस्पताल टेकुको भवन निर्माणमा ठेक्का दिलाउने विषयले निर्माण क्षेत्रमा तरंग आएको छ । उजूरीहरु परेपछि योजनाबद्ध तरिकाले कानूनको छिद्रमा खेल्न खोजियो ।

योजना अनुसार नै शहरी विकास तथा भवन निर्माण विभागले ठेक्का प्रक्रिया नै खारेजको नाटक रचियो । त्यसविरुद्ध प्रोपाइटर रामकुमार थापा अदालत गएर पाटन उच्च अदालत पुगेर उनले सेटिङ गरेको खुलेको छ । कालो सूचीमा परेको कम्पनी र व्यक्ति प्रोपाइटर रहेको खुलेपछि ठेक्का प्रक्रिया रद्द गरिएकोमा न्यायाधीशहरु दुर्गा बहादुर विश्वकर्मा र जगदीश घिमिरेको संयुक्त इजलाशले अन्तरिम आदेश जारी गरी ठेक्का रद्द नगर्न नगराउन भनिएको छ ।

**कहिले के भयो**

अस्पताल भवन निर्माणमा प्राविधिक प्रस्ताव मूल्यांकन बमोजिम एकमात्र प्रस्तावक कन्टेच गौरी पार्वतीको बोलपत्र स्वीकृत भयो १९ फागुन २०७९ मा । ९ चैत्र २०७९ मा प्रकाशित शहरी विकास तथा भवन निर्माण विभागको विभागीय निर्णयानुसार कन्टेच-गौरी पार्वतीलाई आशयपत्र जारी गरिएको थियो । म्याद भित्र कुनै उजूरी नपरेको भन्दै ठेक्का सम्झौताको दबाब दिन लगाइयो । तर, कालो सूचीमा परेको विवादास्पद कम्पनीलाई सम्झौताको लागि डाकिएन । कर्जासूचना केन्द्रमा कालोसूचीमा परेको भेटिएपछि ठेक्का रद्द गर्‍यो विभागले ।

अस्पताल भवन निर्माणका लागि ३ अर्ब ४६ लाख अनुमान गरेर बोलपत्र आव्हान गरिएको थियो । गौरी पार्वतीले २ अर्ब ४४ करोड ८४ लाख ५९ हजार १८५ मा निर्माण गर्ने दाबीसहित प्रस्ताव पेश गरेको थियो । बोलपत्र स्वीकृतको नियमानुसार सबैभन्दा न्यूनतम मूल्यमा प्रस्ताव राखेको थियो गौरी पार्वतीले । निर्माण लागत अनुमानभन्दा २० प्रतिशत कममा निर्माण पूरा गर्ने प्रस्ताव राखेको थियो गौरी पार्वतीले । जसका कारण प्रस्तावक अन्य तीन कम्पनी अस्वीकृत भए । १७ रोपनी जग्गामा सरुवा रोग अस्पताल बनाउने प्रक्रियामै भवन निर्माणसम्बन्धी भइरहेको चलखेलले अवरोध पारेको छ ।

**कालो सूचीको फेहरिस्ता**

गौरी पार्वती निर्माण सेवा प्रा.लि. का रामकुमार थापा पटक पटक कालो सूचीमा पर्दै आएका छन् । कर्जा सूचना केन्द्रका अनुसार गौरी पार्वती निर्माण सेवा प्रा.लि. २०७५, २०७८, २०७९ र २०८० मा गरी पाँचपटक कालो सूचीमा परिसकेको छ । रामकुमार थापा २०७५, २०७८ र २०७९ गरी चेक बाउन्स प्रकरणमा ५ पटक कर्जा सूचना केन्द्रबाट कालो सूचीमा परेका छन् ।

शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको सघन शहरी तथा भवन निर्माण आयोजनाले ३ जेठ २०८० मा पत्र लेखेर गौरी पार्वतीलाई बोलपत्र मान्य अवधि थप गर्ने गरी प्रक्रिया बढाएको थियो । उसले बोलपत्रको जमानतको मान्य अवधि सहित बोलपत्रको मान्य अवधि दुई महिना थप गरी दिनभित्र पेश गर्न पत्राचार गरेको थियो । तर, सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुखले १५ जेठ २०८० मा सूचना प्रकाशित गरी ३०० शैयाको अस्पताल निर्माणका लागि खरिद प्रक्रिया नै बदर गरेको जानकारी गराए । यसबारे रामकुमार थापाले जानकारी माग्दै पत्राचार गरेका छन् । त्यसविरुद्ध अदालत गई अन्तरिम आदेश जारी गराउन सफल भएका छन् ।

यी सबै पछिल्ला घटनाक्रम योजनाबद्ध नै थिए । यसभित्र गैरी पार्वतीलाई नै ठेक्का दिलाउने योजना लुकेको छ । दशौं करोडको खेलमा ठेक्का दिलाउने गतिविधि अन्तिम तयारी भएको छ । ठेक्कामा सुरुमै दशौं करोडको भ्रष्टाचार भइसकेकाले गौरी पार्वती निर्माण कम्पनीबाट टेकु अस्पताल निर्माणमा गुणस्तरीय काम हुनेमा प्रश्नहरु उठिसकेको छ ।

# वाग्नर विद्रोहले अझ लम्ब्यायो पुटिन-सत्ताको आयु

जुन २४ मा रोस्तोव अन दोनस्थित रुसी सेनाको मुख्यालय छाड्नुअघि वाग्नर ग्रुपका प्रमुख यव्गेनी प्रिगोजिनले भनेका थिए- हाम्रो शक्ति प्रदर्शनले सिंगो देशलाई झड्का दिएको छ । सो भवनको परिसरबाट उनका भाडाका सैनिकहरु बाहिरिएपछि सोही दिन राष्ट्रपति पुटिनले भनेको 'सशस्त्र विद्रोह'को पटाक्षेप भएको थियो ।

निश्चय नै प्रिगोजिनको कामले मुलुकलाई झड्का दियो । तर, सायद उनले सोचेकोजस्तो झड्का थिएन त्यो । त्यो दिन रुसमा साँच्चै गृहयुद्ध हुन्छ कि भन्ने डर स्पष्ट देखिन्थ्यो । किनभने वाग्नर ग्रुपको बख्तरबन्द सवारी मस्कोतिर हुइँकिरहेका थिए । रुसको अन्नभण्डार मानिने मस्कोभन्दा दक्षिणतिरको हिस्साबाट मुलुकका उत्तरी सहरहरुमा खाद्यान्न आपूर्ति हुने मार्ग अवरुद्ध हुने खतरा पनि उत्तिकै थियो। क्रेमलिनलाई तर्साउने अर्को कुरा युक्रेनको अग्रमोर्चामा हतियार आपूर्तिको मार्ग समेत बिथोलिने थियो ।

त्यसको दुई दिनपछि प्रिगोजिन फेरि देखा परे । यसपटक उनले आफ्नो 'न्यायको यात्रा' लाई सैन्य कूको प्रयास नभई उच्च सैन्य नेतृत्वको विरोध मात्र भएको बताए । आफूले सो कदम चालेर आफ्नो निजी सेनालाई भंग गर्ने रक्षा मन्त्रालयको प्रयासलाई रोक्न सफल भएको उनको भनाइ थियो । वाग्नर अब बेलारुसमा सर्ने भएको छ र त्यहींबाट सञ्चालनमा आउने भएको छ ।

निस्सन्देह मस्कोतर्फ वाग्नरको यात्राले रुसको आफ्नै भूमिको रक्षामा देखिएको कमजोरीलाई उदांगो पारिदिएको छ । यदि वाग्नरको ठाउँमा कुनै विदेशी सेना, युक्रेनी सेना नै भनौं, ले यो सैन्य कारबाही गरेको हुन्थ्यो भने त्यसले खासै प्रतिरोधको सामना नगरी विशाल रुसी भूभाग कब्जा गर्ने थियो ।

यसले रुसको राजनीतिक कमजोरीहरुलाई पनि उदांगो पारिदिएको छ । आफ्ना सबै वक्तव्यहरुमा पुटिनले यो घटनालाई विद्रोह र देशद्रोह भने । र, त्यस्तो अपराध गरिकन पनि कमसेकम अहिलेका लागि प्रिगोजिनले छुट पाउने देखिन्छ ।

रुसी अधिकारीहरुले वाग्नर विद्रोहीमाथिको आरोप फिर्ता लिएका छन् । सो समूह पनि जस्ताको तस्तै रहने देखिन्छ। बिनादण्ड प्रिगोजिन जोगिनुले पुटिन कमजोर देखिएका छन् ।

यही कथित कमजोरीले गर्दा थुप्रै पश्चिमा टिप्पणीकारहरुले यो घटनालाई पुटिनको अवश्यंभावी पतनको संकेतका रुपमा व्याख्या गर्न थालेका छन् । रुसका विपक्षी नेता मिखाइल खोदोर्कोव्स्कीले त यो कू प्रयासको अनुमोदन पनि गरे । भलै, यो युद्ध अपराधको आरोप लागेका व्यक्तिले गरेको विद्रोह थियो ।

तर, साधारण रुसीहरु र रुसी सम्भ्रान्तहरुले पनि यसलाई बिल्कुल फरक तरिकाले हेर्न सक्छन्। यसको सम्बन्ध पुटिनको शासनको आधारसँग जोडिएको छ । जसले यति दीर्घकालसम्म उनको शासनलाई टिकाइराखेको छ ।

रुसलाई महान् बनाउने पुटिनको दृष्टिकोणका कारण जनताले गएको दुई दशकमा उनलाई समर्थन गरेका होइनन् । बरु, युद्ध आफ्नै घरमा आइपुग्ला भन्ने वास्तविक भयका कारण उनीहरुले पुटिनलाई साथ दिएका हुन् ।

यस्तो डर खासगरी १९९० को दशकका दुई चेचेन युद्धमा महसुस भएको थियो। विशेषत: जब चेचेन लडाकुहरुले रुसी सहरहरुमा आक्रमण गरे, तब । र, चेचेन्यालाई दबाउने पुटिनको क्षमता उनको अति लोकप्रियताको प्रमुख कारण बन्यो ।

२०१४ मा युक्रेनको मैदान क्रान्तिका क्रममा पनि उनले चलाखीपूर्वक उथलपुथल र गृहयुद्धको त्यही डरलाई हतियार बनाए । युक्रेनको दुर्दशा रुसमा शासन परिवर्तनको परिकल्पना गरिरहेका रुसीहरुका लागि चेतावनी बन्यो। जबकि रुसकै प्रत्यक्ष र गुप्त सैन्य हस्तक्षेपले युक्रेनको दुर्दशा निम्तिएको थियो ।

पुटिनको शासनको मुख्य आधारस्तम्भ भनेको उनको कुनै विकल्प नहुनु हो । रुसमा एउटा भनाइ नै प्रसिद्ध छ- 'पुटिन नभए को त?' यो भनाइको पछाडिको अभिप्राय हो- पुटिनको विकल्प जोसुकै आए पनि ऊ झन् खराब हुनेछ ।

प्रिगोजिनले ज्यानमारा गुण्डाको छवि बनाएका छन् । आफूले देशद्रोही ठानेका मान्छेहरुलाई उनले पिटीपिटी मार्ने गर्छन् भन्ने आरोप छ । पुटिनका विकल्प कस्ता हुन सक्छन्, उनी एक उदाहरण हुन् ।

यहाँनेर के बुझ्न जरुरी छ भने रुसले युक्रेनमाथि सैन्य आक्रमण गरेर पनि बहुसंख्यक रुसीहरु अहिलेसम्म सामान्य जीवन बिताइरहेका छन् । उनीहरुको जीवनस्तरलाई युरोपेली संघका अलि गरिब मुलुकको जीवनस्तरसँग दाँज्न सकिन्छ ।

प्रिगोजिनको विद्रोहले क्षणिक रुपमा पुटिनलाई कमजोरजस्तो देखायो होला । तर, तथ्य के हो भने गृहयुद्धको वास्तविक खतरा टरेको छ । र, सबैभन्दा महत्वपूर्ण कुरा यही हो । वर्तमान शासनप्रति मोहभंग गर्नुको सट्टा यो घटनाले वास्तवमा सिंगो मुलुकलाई पुटिनका पछाडि एकताबद्ध पार्न सक्छ ।

यो कुरा पुटिनले बुझेका छन् । त्यसैले गतसाताको घटनाक्रमलाई कसरी प्रस्तुत गर्ने भन्ने कुरामा उनले होसियारी अपनाएको देखिन्छ । उनको भाष्य यस्तो छ : हाम्रो सम्मानित सहयोगी प्रिगोजिनलाई उत्तेजना र महत्वाकांक्षाले बिगार्‍यो । उनी दुष्ट बने । उनले आफ्ना वफादार सैनिकहरुलाई झुक्याएर विद्रोहमा उतारे। तर, राष्ट्रिय एकताका कारण अन्तत: सत्यको जित भयो र शान्ति स्थापना भयो ।

पुटिन र अन्य उच्च अधिकारीहरुले प्रिगोजिनले विदेशी गुप्तचर एजेन्सीहरुको स्वार्थमा काम गरेको हुनसक्ने बताइसकेका छन् । विद्रोहीहरुलाई छुट दिएर पुटिनले आफूलाई जिम्मेवार र धैर्यवान् नेताका रुपमा प्रस्तुत गरेका छन् । उनी अनावश्यक रक्तपातबाट बच्न चाहेको र नागरिकहरुको रक्षा होसियार रहेको देखियो। उनले विपरीत कदम चालेको भए यसरी माफी दिनु पश्चिमा शत्रुहरुको विजय हुन्थ्यो भनेर प्रचार गरिन्थ्यो ।

खोदोर्कोव्स्कीजस्ताले प्रिगोजिनको जयजयकार गर्दा रुसीहरुले किन वास्ता गरेनन् भन्ने यसैबाट बुझ्न सकिन्छ । बरु, त्यसले क्रेमलिनको भाष्यलाई अझ बल पुर्‍यायो । जसले रुसलाई घेराबन्दीमा परेको किल्लाका रुपमा चित्रित गर्छ, जो आफूभन्दा निकै शक्तिशाली दुश्मन पश्चिमसँग अस्तित्वको लडाइँ लडिरहेको छ ।

निश्चय नै पुटिनको शासन अनन्तकालसम्म टिक्ने छैन। ढिलोचाँडो यो ढल्नेछ । तर, रुसभित्रै सशस्त्र द्वन्द्व हुँदा उनको शासनको आयु घट्दैन, अझ लम्बिन्छ ।

पुटिनको शासन शान्ति र समृद्धिका बेला सबैभन्दा बढी कमजोर हुने गरेको छ । २०११-१२ मा मस्कोमा भएको प्रदर्शन पुटिनको शासनकालको सबैभन्दा ठूलो प्रदर्शन थियो। त्यसपछि भएका हरेक घटनाक्रम, खासगरी युक्रेन युद्ध ती घटनाप्रति पुटिनको प्रतिक्रिया मात्र हो ।

युक्रेनमा प्रलयकारी पराजय भए त्यसले उनको शासन अन्त्यको सुरुवात गर्नसक्छ (र, सायद प्रिगोजिनजस्ता कुनै व्यक्ति सत्तामा आउँछ) । तर, संवादद्वारा युद्धको अन्त्य र त्यसपछिको शान्तिपूर्ण अवधिले रुसमा राजनीतिक सुधारको अवस्था उत्पन्न गर्ने सम्भावना अत्यधिक छ ।

*(अल जजिराबाट)*